द.नं. : ४८४-२०६६/०६७

पान नं. ३०४४४२८१८

"सदस्य बनौं सिवाईसीमा, हातेमालो देश विकासमा"

# सिवाईसी
## वचत तथा ऋण सहकारी संस्था लिमिटेड

# सहीबाटो SAHIBATO

jif{!$, c$ !$, sflt{$ @)*)

# १४ औं
## वार्षिक साधारणसभामा प्रस्तुत

# वार्षिक प्रतिवेदन
## २०७९/२०८०

**Report Presented to**
**14th Annual General Meeting**
**2022/023**

Email: cycsaccos9@gmail.com www.cycsaccos.coop.np

केन्द्रीय कार्यालय : बा.न.पा. २, बाग्लुङ
फोन : ०६८-५२१६९९, ५२२३९७, ५२२८९४

द.नं. : ४८४-२०६६/०६७

पान नं. ३०४४४२८१८

सदस्य बनौं सिवाईसीमा, हातेमालो देश विकासमा

नेफस्कून

# सिवाईसी
## बचत तथा ऋण सहकारी संस्था लि.
## CYC Saving & Credit Cooperative Society Ltd.

## संचालक समिति २०७६-२०८०



चण्डिप्रसाद शर्मा पौडेल
अध्यक्ष
९८५७६२०१४६

उपाध्यक्ष



जयराम भारी
सचिव
९८५७६२११९७



सुवास आचार्य
सह-सचिव
९८५७६२२७९६



सितादेवी सापकोटा कँडेल
कोषाध्यक्ष
९८४७६३९०५४



मेषलाल शर्मा
सदस्य
९८४७६३५८५८

सदस्य



कृष्णप्रसाद रिजाल
सदस्य
९८५७६२२७९५



मोतिराम गौतम
सदस्य
९८४७७१९५०२



पुतली थापा
सदस्य
९८४७६३०९४२



दिपा गौतम पौडेल
सदस्य
९८४७६२८४७८



बिष्णुराज पन्त
सदस्य
९८५७६२२४४३

सदस्य

## लेखा सुपरिवेक्षण समिति २०७६-२०८०



पदमपाणी शर्मा
संयोजक
९८४७६२०८५०



गुमादेवी चापागाई
सदस्य
९८४७७०७१३७



हरि प्रसाद पौड्याल
सदस्य
९८५७६८८५५५

**सहिबाटो २०८०**

**सिवाईसी बचत तथा ऋण सहकारी संस्था लिमिटेड बाग्लुङ ।**

**संरक्षक**
चण्डिप्रसाद शर्मा पौडेल

**व्यवस्थापन**
नवराज शर्मा
शालिकराम पैडेल
डिल्लीराम आचार्य
अनिल पौडेल
अमृत थापा

**प्रकाशक**
सिवाईसी बचत तथा ऋण सहकारी संस्था लिमिटेड.
बा.न.पा. २, बागलुङ।
सम्पर्क नं: ०६८-५२१६९९, ५२२९३७,५२२८९४
ईमेल :cycsaccos9@gmail.com
Web : www.cycsaccos.coop.np

**मुद्रण : पोखरा अफसेट प्रेस**
**भीमसेनटोल, पोखरा**
**फोन : ०६१-५७०२१७**

# यस भित्र............

- राष्ट्रिय गान र साकोस गान
- सहकारीका अन्तराष्ट्रिय सिद्धान्त, मूल्यमान्यताहरु
- सिवाईसी गान र सदस्य प्रतिज्ञा
- साधारण सभाको चिठी
- अभियानको शुभकामना
- संस्थागत परिचय
- अध्यक्षको कलम
- आ.व ०७९।०८० को वार्षिक प्रगति प्रतिवेदन र आ.व. ०८०।०८१ को प्रस्तावित नीति तथा कार्यक्रम
- आ.व ०७९।०८० को आर्थिक प्रगति प्रतिवेदन र ०८०।०८१ को प्रस्तावित आय-व्यय विवरण
- ०७९।०८० को लेखापरिक्षण प्रतिवेदन
- लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन
- ऋण उपसमितिको प्रतिवेदन
- शिक्षा उपसमितिको प्रतिवेदन
- अनुसुचिहरु
- जीवन आवास तथा सामाजिक सुरक्षा कोष निर्देशिका
- दर्ता प्रमाणपत्रहरु
- सेवाकेन्द्र र प्रमुखहरुको जानकारी
- टिप्पणी लेखनका लागि नोट



## राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भइ फैलिएका, मेची-महाकाली ।

प्रकृतिका कोटी-कोटी सम्पदाको आँचल
वीरहरूका रगतले, स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।

## साकोस गान

सहकारी अभियान उन्नतिको आधार हो ।
सबै अट्ने साझा थलो सिङ्गो परिवार हो ॥

थिए धर्म भकारी र गुठी लाखौंलाख देशमा ।
संस्कार थियो मिलापको एकता र बिकासमा ॥

अमूल्य मूल्य देशको सगर्व सधैं रहिरहोस ।
मिलाई हातमाहात यी बिचार एक रहिरहोस ॥

हजारौं गौँथली र यहाँ करोडौं मौरी बन्नु छ ।
संगाली बुदँबुदँले जिन्दगी यो बदल्नु छ ॥

साकोस क्रान्ति अघि बढोस्,
अघिअघि बढीनै रहोस ।
हिमाल पहाड तराईमा सबैतिर फैलिरहोस ॥

सिद्धान्त हाम्रा अमर रहुन्,
स्वप्नद्रष्टा अमर रहुन् ।
बसुधैव : कुटुम्बकम् आदर्श अमर रहुन् ॥[२]

# सहकारीका अन्तराष्ट्रिय सिद्धान्त र मूल्य मान्यताहरु

## १. सहकारीका सिद्धान्तहरु

१.१ स्वेच्छिक तथा खुल्ला सदस्यता
१.२ सदस्यहरुद्धारा प्रजातान्त्रीक नियन्त्रण
१.३ सदस्यहरुको आर्थिक सहभागिता
१.४ स्वायत्तता र स्वतन्त्रता
१.५ सहकारी संस्थाहरु बिच सहयोग
१.६ समुदाय प्रति चासो
१.७ शिक्षा, तालिम र सुचना

## २. बचत तथा ऋण सहकारी सञ्चालनका १० सिद्धान्त

### क) सहकारी संरचना

१. सदस्यको स्वामित्व
२. सदस्यद्वारा नियन्त्रण
३. प्रजातान्त्रिक नियन्त्रण

### ख) सदस्यलाई सेवा

४. वित्तिय समावेशीकरण
५. वित्तिय दिगोपना (स्थायित्व)
६. सदस्यहरुको आर्थिक लाभमा वृद्धि

### ग) सामाजिक उत्तरदायित्व

७.वित्तिय साक्षरता
८.सञ्जाल सहकार्य
९.सामाजिक उत्तरदायित्व
१०.विश्वव्यापी परिकल्पना

## ३. सहकारीका मूल्यहरु

सहकारी मूल्यहरुबारे अध्ययन गर्दा आधारभूत मूल्यहरु र नैतिक मूल्यहरु गरी दुई भागमा विभाजन गर्दा बढि प्रष्टता आउँदछ। विशेषतः आधारभूत मूल्यहरुले संस्था एवं सदस्यबिच र नैतिक मूल्यहरुले संस्था एवं समाजबिचको सम्बन्ध निर्धारण गर्दछन।

### क) आधार मूल्यहरु

- ✓ आत्म सहयोग (स्वावलम्बन) : आफ्नो काम आफै गर्ने।
- ✓ स्व-उत्तरदायित्व : आफै जिम्मेवार, जवाफदेही।
- ✓ प्रजातन्त्र : सदस्यहरुले सदस्यहरुद्वारा सदस्यहरुका लागि व्यवस्थापन गर्ने।
- ✓ समानता : सदस्यहरुबिच धर्म, वर्ण, जात, पेशा आदिका आधारमा भेदभाव नगरिने।
- ✓ समता : लगानिको आधारमा प्रतिफल प्राप्त हुने।
- ✓ ऐक्यबद्धता : एकताबाट बलियो हुने विश्वास।

### ख) नैतिक मूल्यहरु

- ✓ इमान्दारिता : आफ्नो काम आफै गर्ने।
- ✓ खुल्लापन : आफै जिम्मेवार, जवाफदेही।
- ✓ सामाजिक उत्तरदायित्व : सदस्यको हितको लागि काम गर्दा गैर सदस्यहरुलाई सहयोग पुऱ्याउने।

## ४. सहकारीका मान्यताहरु

- ✓ नाफामा सहभागी नहुने
- ✓ उपकारको भर नपर्ने
- ✓ गैर सदस्य सँग कारोबार नगर्ने
- ✓ गैर सदस्यलाई सेवा दिने।
- ✓ सकरात्मक र रचनात्मक काम गर्ने

## सिवाईसी साकोस गान

सिवाईसी सहकारी हो हाम्रो साथी,
विपन्नको बन्दैछ सारथी ।

सामूहिक भावना बढाउछ
नियमित बचत सबैलाई गराउँछ ।

किस्ता किस्ता गरेर लिन्छ
आवश्यकता हेरेर ऋण दिन्छ ।

सहकारीको सिद्दान्त पढाउछ
पेन्सन खानी सबैलाई बनाउछ ।

बालक बृद्ध सव यसमा अटाउछन्
बचत गर्छन खर्चलाई कटाउछन् ।

धनी गरिव भन्दैन जात र भात
उद्यम गरौं पाईन्छ सबले साथ ।

जन्म, खुसी, मृत्यूमा दिन्छ राहत
दुख पर्दा सिवाईसी हाम्रो साथ ।

नियमित गर्छ सम्पर्क समन्वय,
सबको लागि सिवाईसी छ धन्य ।

सिवाईसी साकोस हो हाम्रो आधार
पाउछौ सेवा हामीले सातै बार ।

धनी गरिव छैन केही असमानता
सबको लागि कानुन समान छ ।

मुख्य कुरा नीति विधि र प्रविधि
त्यसैसंगै जोडिन्छ समृद्धि ।

दिएको छ हातमा हात साथमा साथ
सिवाईसीलाई मनदेखि धन्यवाद ।

## सदस्य प्रतिज्ञा

संस्थामा सधैं - मिलेर बस्छौं ।

सहकारी सिद्धान्तको पालना - गर्छौं गर्छौं ।

कसैको कुभलो - चिताउने छैनौं ।

झुटो कहिल्यै - बोल्ने छैनौं ।

लिएको ऋण - सदुपयोग गर्छौं ।

ऋणको किस्ता - नियमित तिर्छौं ।

नियमित बचत - गर्ने गर्छौं ।

फजुल खर्च - गर्ने छैनौं ।

घर, आँगन, बालबच्चालाई सफा - राख्छौं, राख्छौं ।

व्यवस्थित चर्पी - बनाउछौं, बनाउछौं ।

बाल बच्चालाई स्कुल - पठाउछौं, पठाउछौं ।

सानो परिवार - पाल्छौं पाल्छौं ।

अन्याय आफु - गर्ने छैनौं ।

कसैले गरे - सहने छैनौं ।

जात-जाति, धर्म, संस्कृतिमा भेदभाव - गर्दैनौं, गर्दैनौं ।

संस्थाका सदस्य - मिलेर बनाउछौं आफ्नो भविष्य

ईश्वर साक्षी छन् - जे बोल्छौं सोही गर्छौं ।

द.नं. : ४८४-२०६६/०६७

पान नं. ३०४४४२८१८

सदस्य बनौं सिवाईसीमा, हातेमालो देश विकासमा

# सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि.
CYC Saving & Credit Cooperative Society Ltd.

मिति : २०८०,कार्तिक १५

## सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा १४ औं वार्षिक साधारण सभा सम्बन्धी सुचना

यस संस्थाको १४ औं वार्षिक साधारण सभा संघिय सहकारी ऐन २०७४ को परिच्छेद ६ दफा ४० को उपदफा ५, गण्डकी प्रदेश सहकारी ऐन २०७५, संघिय सहकारी नियमावली २०७५, संस्थाको विनियम २०६६ र सहकारी बिभागले विभिन्न मितिमा जारी गरेको सुचना तथा निर्णयहरुलाई आधारमानी सञ्चालन हुने भएकाले यही मिति २०८० मंसिर ६ गतेदेखि १३ गतेसम्म आ-आफ्नो नामावली रहेको सेवाकेन्द्रहरु अन्तर्गतका साधारण सभाहरुमा उपस्थित भई साधारण सभाको पुस्तिकामा सहभागिता जनाउनुहुन र प्रतिवेदनहरु उपर सल्लाह सुझाव राखिदिनुहुन अनुरोध गरिन्छ । साथै संस्थाको १४ औं वार्षिक साधारण सभाका प्रतिवेदनहरु २०८० मङ्सिर १ गतेदेखि सिवाईसी साकोसको वेवसाईट www.cycsaccos.coop.np, संस्थाको फेसबुक cyc saccos र फेसबुक पेजमा राखिने छ। सो प्रतिवेदन अध्ययन गरि यहाँहरुका सुझाव र रचनात्मक पृष्ठपोषण उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछौं ।

साधारणसभाका प्रस्तावहरु :-

(क) सञ्चालक समितिको तर्फबाट सचिवद्वारा प्रस्तुत आ.व. ०७९/०८० को प्रगती प्रतिवेदन तथा आ.व. ०८०/०८१ को प्रस्तावित नीति तथा कार्यक्रमहरु सम्बन्धमा ।
(ख) सञ्चालक समितिको तर्फबाट कोषाध्यक्षद्वारा प्रस्तुत आ.ब. ०७९/०८० को वित्तीय प्रतिवेदन तथा आ.ब. ०८०/०८१ को प्रस्तावित बजेट तथा कार्यक्रमहरु सम्बन्धमा ।
(ग) आ.ब. ०७९/०८० को वार्षिक लेखापरीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
(घ) लेखा तथा सुपरीवेक्षण समिति तथा उपसमितिहरुको प्रतिवेदन सम्बन्धमा ।
(ङ) आन्तरिक नीति, निर्देशिका तथा कार्यविधि पारित तथा संशोधन सम्बन्धमा ।
(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
(छ) खराब ऋणको कानुनी प्रक्रिया तथा धितो लिलामी गरि असुली गर्ने अख्तियारी सम्बन्धमा ।
(ज) सहकारी संस्था एकीकरण गर्ने अख्तियारी सम्बन्धमा ।
(झ) संस्थाको भवन तथा जग्गा व्यवस्थापन सम्बन्धमा ।
(ञ) लाभांश तथा संरक्षित पूँजि फिर्ताकोष सम्बन्धमा ।
(ट) संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा ।
(ठ) निर्णय प्रमाणित गर्ने प्रतिनिधीहरुको छनौट सम्बन्धमा ।
(ड) विविध ।

निर्णय प्रमाणिकरण साधारणसभा (क्षेत्रीय साधारण सभाबाट छनौट प्रतिनिधि मात्र) हुने मिति :-

*मिति : २०८० मंसिर १६ गते, शनिबार ।*
*स्थान : होटल पिस प्यालेस, बागलुङ बजार ।*
*समय : बिहान ११:०० बजेबाट ।*

साधारण सभा थप जानकारी :-

१. १३ औं वार्षिक साधारणसभाले आगामी बर्षदेखि वार्षिक प्रतिवेदन छपाई नगरी डिजिटल प्रतिवेदन प्रकाशन गर्ने निर्णय गरे अनुसार १४ औं वार्षिक साधारणसभाको वार्षिक प्रतिवेदन (सहिबाटो) मङ्सिर १ गतेदेखि संस्थाको वेवसाईट www.cycsaccos.coop.np मा र संस्थाको आधिकारिक फेसबुक मार्फत सेयर गरिएको लिंकमा गई वा क्यू.आर.कोड स्क्यान गरेर डाउनलोड गरि अध्ययन गर्न सकिनेछ भने मोबाईल बैंकिङ सेवा प्रयोगकर्ताहरुलाई मोबाईल एपमा नै लिंक पठाइने छ। यहाँहरुले डिजिटल माध्यमहरु मार्फत प्रकाशित प्रतिवेदन अध्ययन गरि संस्थालाई आबश्यक सुझाव, सल्लाह र नयाँ प्रस्तावहरु उपलब्ध गराईदिनुहुन अनुरोध छ ।
२. २०८० मंसिर ६ देखि १३ गतेसम्म २५ वटा सेवाकेन्द्रहरुमध्ये आफ्नो नामावली रहेको सेवाकेन्द्र अन्तर्गत तोकिएको मितिमा हुने साधारण सभाको उपस्थिति पुस्तिकामा उपस्थिति जनाई संस्थाको नीति तथा कार्यक्रमहरु उपर लिखित तथा मौखिक सल्लाह सुझाव राखिदिनुहुन अनुरोध छ ।
३. सेवाकेन्द्रस्तरीय १४ औं वार्षिक साधारण सभाका कार्यक्रमको शुभारम्भ सबै स्थानमा एकै समयमा दिनको ११:०० बजेबाट समान कार्यसुचिमा प्रकाशित साधारण सभा कार्यक्रम तालिका अनुसारको मितिमा सुरु हुने जानकारी गराइन्छ ।

जयराम भारी
सचिव

केन्द्रीय कार्यालय, बा.न.पा. २, बागलुङ, गण्डकी प्रदेश
फोन : +९७७-६८-५२१६९९, ५२२९३७
www.cycsaccos.coop.np
E-mail : info@cycsaccos.coop.np, Notice Board : 1618-068-521699

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल



# शुभकामना

सदस्य केन्द्रीत व्यवसायिक गतिविधि गर्दै परिणाममूखी कार्यक्रमहरु गरी संस्थाले सदस्यका आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय संरक्षणको लक्ष्य हासिल गर्न स्थापना भएको वागलुङमा रहेको **सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि.** ले खेलेको भूमिका स्मरणयोग्य रहेको छ । सहकारी मूल्य, मान्यता, सिद्धान्त, वित्तीय अनुशासन एवं पारदर्शिताका साथ सदस्य किसानहरुलाई सरल र सहज रुपमा सेवा प्रवाह गर्दै आएको संस्थाले सदस्यहरुको आयस्तर वृद्धि गरी सदस्यहरुको जीवनस्तर उकास्न सहयोगी भूमिका खेल्दै आइरहेको छ । सो संस्थालाइ १४औं **वार्षिक साधारणसभाको** उपलक्ष्यमा यस महासंघ हार्दिक शुभकामना व्यक्त गर्दछ । साथै सो अवसर पारेर संस्थाको गतिविधि झल्किने गरी **सहीबाटो नामक वार्षिक प्रगति प्रतिवेदन** प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ । त्यस प्रतिवेदनले सदस्यलाई संस्थाको सम्पूर्ण गतिविधि र कारोवारको विषयमा स्पष्ट जानकारी गराउने विश्वास लिएका छौं ।

जटिल परिस्थितिमा समेत समुदायसँग प्रत्यक्ष जोडिएर सहकारीले खेलेको महत्वपूर्ण भूमिकाको स्मरण गर्दछौं । यतिवेला सहकारी संघ/संस्था सामु थप जवाफदेही भइ जिम्मेवारी वहन गर्नु पर्ने अवसर समेत सिर्जना भएको छ । साथै, संयुक्तराष्ट्र संघले सन् २०३० सम्मको लागि तय गरेका दिगो विकास लक्ष्यहरु हासिल गर्नका लागि आफ्नो नीति, बजेट, कार्यक्रममा र प्रतिवेदनमा समेत यो विषयलाई प्राथमिकताका साथ समावेश गर्नु भएको छ भन्ने विश्वास छ । दीगो विकास लक्ष्य प्राप्तिका लागि प्रत्येक संस्थाले गरेको योगदानलाई अभिलेख राखी त्यसलाई अभियानको माथिल्लो निकायमा पेश गरी सहकारीको योगदानलाई एकिकृत गर्न समेत अनुरोध छ ।

यस अवसरमा संस्थाका पदाधिकारी, कर्मचारी तथा आवद्ध सदस्यहरुमा हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु । अन्त्यमा, सहकारी सिद्धान्तको पूर्ण पालना र सुशासन कायम गर्दै सदस्यमुखी कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्न विगतका अनुभवहरुले दिशानिर्देश गर्ने अपेक्षाकासाथ संस्थाको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी तथा धन्यवाद !

(मिनराज कडेल)
अध्यक्ष

Pulchok, Lalitpur, Nepal
G.P.O. Box: 11859, Kathmandu
+977-1-5010116, 5010033, 5010089
ncf@wlink.com.np, ncfcoop@gmail.com
www.ncfnepal.com.np

स.वि.द.नं. : ३२९-०५७/५१
स्थायी लेखा नं. : ३०३४०३०५४

# नेफ्स्कून
## नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.



श्री अध्यक्षज्यू
सिवाईसी साकोस
बा.न.पा.-२ बाग्लुङ,
गण्डकी प्रदेश ।

## शुभकामना

यस संघमा आवद्ध **सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि.**को १४औं वार्षिक साधारणसभाको अवसरमा प्रकाशित **"वार्षिक प्रतिवेदन"** मा संघको तर्फबाट शुभकामना व्यक्त गर्दै संस्था सहकारी सञ्चालनका सार्वभौम मूल्य, मान्यता र सिद्धान्तलाई आत्मसात गरी नीति, विधि र प्रविधिको प्रधानता भित्र सदस्य केन्द्रित भई सुसञ्चालनमा रहेको छ भन्ने पूर्ण विश्वासका साथ हार्दिक बधाई ज्ञापन गर्दछु ।

संस्थाको १४औं वार्षिक साधारणसबाट कोभिड-१९ ले सदस्य र समुदायमा पारेको प्रभावको सम्बोधनका लागि व्यवसाय पुनरुत्थान सहित सदस्यको आर्थिक जीवनमा सहजीकरण गर्न उपयुक्त मार्गदर्शन प्राप्तहोस्, संघको तर्फबाट साधारणसभा पूर्ण सफलताको शुभकामना सहित सम्पूर्ण सञ्चालक तथा शेयर सदस्यहरुलाई हार्दिक बधाई दिन चाहन्छु ।

सदस्यहरूबीच वित्तीय कारोबार गर्ने यस बचत तथा ऋण सहकारी संस्थाले वित्त परिचालनमा निहित जोखिमको संवेदनशीलतालाई आत्मबोध गर्दै वित्तीय सुशासन र गुणस्तरीय सेवा सहित दिगो साकोस निर्माण मार्फत सदस्यको जीवनस्तर सुधारमा प्रतिवद्धताका साथ अगाडि बढ्न संघको तर्फबाट शुभेच्छा व्यक्त गर्दछु ।

हामी साकोस अभियानको चरणवद्ध विकासका कार्यमा योजनाबद्ध रुपमा लागिपरेका छौं । विद्युतीय वित्त प्रणाली, स्तरीकरण र स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रणनीतिक साझेदारी सहित अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार र सफल अभ्यासहरुलाई नेपालको साकोस अभियानमा अवलम्बन गर्न प्रयत्नशील छौं । "सबल र दिगो वित्तीय सहकारीहरूको साझा सञ्जाल" भन्ने नेफ्स्कूनको परिकल्पना पूरा गर्न सद्भावपूर्ण सहकार्यको अपेक्षा गर्दै स्थानीयस्तरबाट समेत सुशासित साकोस अभियान निर्माणमा पहलकदमीको लागि अनुरोध सहित साकोसको उत्तरोत्तर प्रगतिका लागि पुन: हार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय सहकारी !!
मिति: २०८०/०७/१९

परितोष पौड्याल
अध्यक्ष

नयाँ बानेश्वर, काठमाडौं, नेपाल
पो.ब.नं. : ९१६९, फोन नं. : +९७७-१-४७९१९६३, ४७८०२०१, ४७८३०७१, ४७८४६५९, इमेल : nefscun@nefscun.org.np
www.nefscun.org.np

सहकारी संघ/संस्थाहरूको प्रवर्द्धन विकास एवं बैंकिङ्ग कारोबारको लागि सहकारी क्षेत्रको एक मात्र बैंक

**National राष्ट्रिय सहकारी बैंक लिमिटेड**
**Co-operative Bank Limited (NCBL)**

(नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबार गर्न स्वीकृति प्राप्त संस्था)

मिति : २०८०/०७/१९

## हार्दिक शुभकामना



मुलुकले आर्थिक समृद्धि, सामाजिक न्याय तथा गरीबी न्यूनीकरणका लागि तीन खम्बे अर्थनीतिलाई प्राथमिकतामा राखेकाले सहकारी क्षेत्रको महत्व उजागार भएको व्यहोरा सर्व विदितै छ । समाजवाद उन्मुख अर्थतन्त्र निर्माणका लागि सहकारी क्षेत्रको भूमिका अपरिहार्य भएको हुँदा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो विकास गर्ने तथा प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको निर्माण र राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशिल बनाउदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने गरि आर्थिक उद्देश्य हुने कुरा नेपालको संविधान २०७२ को निर्देशक सिद्धान्तको रुपमा हामीले आत्मसात गरेका छौं ।

सहकारी संस्था खासगरी स्थानीय समुदायको सहभागितामा स्थापना भई बचत परिचालन गर्दै आर्थिक एवम् सामाजिक कार्यका लागि आवश्यक पर्ने वित्तीय खाँचो पूरा गर्न स्थापित भएका हुन्छन । यसको क्रमिक विकासको परिणामस्वरुप स्थानीय श्रम तथा सीपको उपयोग गरी उत्पादन अभिवृद्धि गर्नका लागि पूँजी निर्माणको कार्य पनि यसको कार्यक्षेत्र भित्र पर्दछ । सहकारीका विश्वव्यापी सिद्धान्त, मुल्य र मान्यतामहरुलाई स्थानीयकरण गर्दै उपलब्ध रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य मात्रामा योगदान गरिरहेको छ ।

सहकारी संस्था मार्फत सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणको अभियानमा सक्रिय **बा.न.पा. २, बाग्लुङमा** स्थित **सिवाईसी बचत तथा ऋण सहकारी संस्था लिमिटेडद्वारा** आफ्नो **१४ औं वार्षिक साधारण सभाको** अवसरमा स्थापना कालदेखि हालसम्म सञ्चालन गरेका कार्यक्रमहरु, वार्षिक कार्यक्रम तथा बजेट, लेखा परिक्षण प्रतिवेदन तथा विभिन्न गतिविधिहरु सहित समसामयिक विषयको जानकारी दिने उद्देश्यले **"वार्षिक प्रगति प्रतिवेदन"** प्रकाशन गरि सदस्य माझ जानकारीका लागि पुऱ्याउन लागेको थाहा पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । यस अवसरमा म संस्थाका शेयर सदस्य, बिभिन्न समिति/उपसमितिहरुका संयोजक तथा सदस्यहरु, सञ्चालक एवम् संस्था परिवारलाई बधाई दिन चाहान्छु ।

यस सहकारी संस्थाले त्यस क्षेत्रमा नागरिकहरुलाई आर्थिक रुपमा सक्षम बनाउन पुऱ्याएको योगदानको कदर तथा प्रशंसा गर्दै नेपाल जस्तो न्यून आर्थिक वृद्धि, बेरोजगारी, आर्थिक विकासमा क्षेत्रीय असमानता, व्याप्त गरिबी र विप्रेषणमुखी अर्थतन्त्रलाई सुधार गर्नको लागि संस्थाले गरेको प्रयास र सहकारी पद्धति मार्फत समुदायलाई संगठित गराई देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा पुऱ्याएको योगदानको उच्च कदर गर्दछु ।

अन्तमा संस्थाले आर्थिक तथा समाजिक क्षेत्रमा पछि परेका आफ्ना सदस्यहरुलाई गरीबि न्यूनिकरण, लैंगिक समानता सामाजिक सद्भाव र विकास कायम गरी देशको समग्र आर्थिक विकास गर्न, रोजगारी सिर्जना गर्न, छरिएर रहेका स-साना पूँजिहरुलाई एकिकृत गरि सदस्यहरुकै संयुक्त सहभागितामा परिचालन गरी सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्त अनुरुपको गतिविधि सञ्चालन गरी सहकारी अभियानमा अग्रणी स्थान हाँसिल गर्न सफल र सक्षम रहोस् भन्ने शुभकामना सहित **१४ औं वार्षिक साधारण सभाको** पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**के.बि उप्रेती**
**अध्यक्ष**

'हाम्रो लक्ष्य: सम्पूर्ण सहकारीको दिगो भविष्य'

# संस्थाको संक्षिप्त परिचय

## पृष्ठभुमी

सुरुमा २८ जना व्यक्तिहरु बाट दर्ता भई ८० जनाबाट कारोवार थालिएको यो अभियान २०६६ चैत्रदेखि २०६७ आश्विन २२ सम्म तयारीकै अवस्थामा अलमलिई रह्यो। २०६७ आश्विन २२ गते घटस्थापनाको दिन ८० जना व्यक्तिहरुले एक/एक लाख शेयर पूँजी राखेर सञ्चालनमा ल्याएका यो संस्थाका सुरुका दिनहरु अत्यन्त कठिन र चुनौतीपूर्ण रहेपनि अहिले हामी सबैको मन जित्दै अगाडि बढिरहेका छौं। समाजमा रहेको पुँजीलाई एकत्रित गरी रोजगार र स्वरोजगारका अवसरहरु सिर्जनाबाट विकासको मूल प्रवाहमा आउन नसकेका, पछि परे पारिएका व्यक्तिहरुलाई आर्थिक, सामाजिक, सास्कृतिक र राजनीतिक रुपमा सक्षम बनाउदै "**हुने खानेको पैसा हुँदा खानेमा पुऱ्याउने, हुँदा खानेलाई, हुने खाने बनाउने**" महान् सोच र प्रतिबद्धताका साथ सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि.बाग्लुङ को स्थापना भएको हो। जतिवेला यो संस्थाको परिकल्पना गरिएको थियो त्यतिवेला देशभर २९ हजार भन्दा वढी, बागलुङमा ३०० भन्दा बढी, बागलुङ नगरपालिकामा १०० भन्दा बढी संस्थाहरु स्थापित थिए। तिनै संस्थाहरुकै कामको निरन्तरताका लागि सिवाईसी जन्माउनु पर्ने आवश्यकता थिएन। यो संस्थाले एउटा फरक पहिचानका साथ सहकारी क्षेत्रको शिर उचो पार्न सकोस र हामी सबैको आशा भरोसा बनी दुःख सुखमा साथ दिन सकोस भन्ने सोचका साथ मिति २०६६ चैत्र २६ गतेका दिन अंकुरित सिवाईसी रुपी वृक्षले यसका हकवालाहरु (शेयर सदस्य र यसका आश्रीत) लाई सितलता प्रदान गरिरहेको छ। डिभिजन सहकारी कार्यालय बागलुङमा दर्ता नं. ४८४ मा दर्ता भै वैधानिकता प्राप्त गरेको यो संस्था स्थापनाको छोटो अवधिमा देशव्यापी बन्न सकेको छ। यो हामी सबैको गरिमा र गौरवको विषय हो।

**दिगो, गुणस्तरीय, व्यवसायिक अग्रणी वित्तीय सहकारी संस्था**को परिकल्पनाका साथ स्थापित यो संस्थाले आफ्ना कार्यक्रमहरुलाई दिगो, बलियो र भरपर्दो बनाउनका लागि एसियाली ऋण महासंघद्वारा विकास गरिएको एक्सेस ब्राण्डिङ कार्यक्रममा सहभागी हुन २०७०।०१।०५ गते नेफ्स्कुनसंग सम्झौता गरी एक्सेसको ८६ वटा सूचकाङ्क अनुसारका कार्य प्रक्रिया अगाडि बढाउँदै आएको छ। यो संस्था राष्ट्रिय सहकारी महासंघबाट उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार, नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. नेफ्स्कूनबाट गण्डकी प्रदेशको उत्कृष्ट संस्था पुरस्कार, राष्ट्रिय सहकारी बैंकबाट उत्कृष्ट कारोवारी संस्था पुरस्कार, ५७ औं राष्ट्रिय सहकारी दिवसका अवसरमा डिभिजन सहकारी कार्यालय बागलुङबाट धवलागिरि अंचलमै उत्कृष्ट सहकारी संस्था, जिल्ला सहकारी संघ लि.बागलुङबाट बचत तथा ऋणमा उत्कृष्ट संस्था पुरस्कार नेफ्स्कून फिल्ड कार्यालय पोखराबाट उत्कृष्ट सदस्य संस्था पुरस्कार, नेपाल सरकार आन्तरिक राजस्व कार्यालयबाट ५ पटकसम्म उत्कृष्ट करदाता पुरस्कार, राष्ट्रिय सहकारी बैंकवाट देशभरकै उत्कृष्ट सहकारी पुरस्कार र नेफ्स्कूनबाट एकीकरणका लागि उत्कृष्ट संस्था पुरस्कारबाट सम्मानित भएको छ। बद्लिदो परिवेशमा संस्थाले क्रेडिट (ऋण) मात्र होइन अव क्रेडिट प्लस (गैर वित्तीय सेवा) पनि प्रवाह गर्नुपर्दछ भन्ने मान्यता अनुरुप आफ्ना क्रियाकलापहरु अगाडि वढाईरहेको छ।

**स्वावलम्वी आफ्नो भर पर्दछ र आफ्नो भाग गर्दछ, अर्काको भर नपरे आफ्नो भर परिन्छ, स्वावलम्वी आत्मनिर्भर हुन्छ, आफ्नै खुट्टामा उभिन्छ ऊ आसमा होइन प्रयासमा बाच्छ। प्रयासमा बाच्नेले पर्खदैन, अनावश्यक शंका गर्दैन, देख्नेले के भन्लानको संस्कृतिबाट देख्नेले पनि सिक्लान** भन्ने सहकारीको दर्शनबाट सञ्चालित रहन्छ र सिवाईसी पनि यही दर्शनबाट सञ्चालित छ।

**संस्थाको चिन्ह र छाप :**

वित्तीय संस्थाहरुलाई आउन सक्ने जोखिमबाट बचाउने प्रतिकको रुपमा छापको शिरो भागमा छानो रहेको छ। विचमा ३ वटा गोलाकारहरु रहेका छन्। सबैभन्दा पहिलो गोलाकारमा बलिरहेको दियो रहनेछ। समाजमा विभिन्न प्रकारका वाधा व्यवधान र दुःखहरु छन्। धैरै मानिसहरु गरिवीको रेखामूनि रहेका छन्। यी सबै वाधाहरुको अन्त्य गर्नका लागि प्रकाश चाहीन्छ। प्रकाश भनेको ज्ञान, बुद्धि र विवेकको प्रतिक हो। यसको प्रतिकको रुपमा बलिरहेको दियो रहेको छ। दिपशिखाको माथि बाह्र रेखा सुर्यको प्रतिकको रुपमा रहेका छन्। जसले सुर्यको जस्तै उज्यालो छर्दै सबै सदस्यहरुको घरदैलोमा वित्तीय र गैर वित्तीय सेवाहरु पुऱ्याई गरिवी र अन्धकारबाट सदस्यहरुलाई मुक्त गरी खुसी, सुखी र समृद्ध सदस्य बनाउने महान अभियानको प्रतिनिधित्व गर्दछ। दियोको तलतिर अंग्रेजी अक्षरमा CYC रहेको छ यसले सहकारीको छोटकरी नामको संकेत गर्नुका साथै मातृ एवम् अभिभावक संस्थाको स्मरण गराईरहेको छ। CYC को ठिक तलपट्टी चार वटा ताराहरु रहेका छन् यसले वित्तीय संस्थाले ध्यान दिनुपर्ने र गरिने ४ वटा मूख्य कामहरु सदस्य, संगठन, बचत र ऋणका साथै एसीयाली ऋण महा संघले ब्यालेन्स स्कोर कार्डका (Balance Score Card) आधारमा वित्तीय सहकारीको जोखिम व्यवस्थापनका लागि विकास गरिएको गुणस्तरिय सुनिश्चीतताको कार्यक्रम ऐक्सेस ब्राण्ड A1 Competitive choice for excellence soundness& Services का चारवटा परिवेशहरु वित्तीय

परिवेश, सदस्य परिवेश, आन्तरीक व्यवसायीक परिवेश र सिकाई र बृद्धिको परिवेसलाई प्रतिनिधित्व गरी संस्था गुणस्तरीयताको सुनिश्चित गर्दै सदस्यहरुको सन्तुष्टिका लागि जुट्नुपर्ने कुराको संकेत गरेको छ। त्यस्तै दोश्रो गोलाकार भित्र अष्ठ श्री रहेको छ। जसले संस्थाले गर्ने वित्तीय कारोवारले सदस्यहरुको श्रीबृद्धि गरिने कुरामा जोड दिएकोछ।

अन्तिममा बाह्य गोलाकारको शिरोभागमा देवनागरी (सिवाइसी बचत तथा ऋण सहकारी संस्था लि.) वा अग्रेजी लिपीमा संस्थाको नाम रहेको छ भने तल्लो भागमा सर्वे भवन्तु सुखिन लेखिएको छ। यसले सबै सदस्यहरुको आर्थिक, सामाजिक, साँस्कृतिक लगायतका चौतर्फि विकासको कामना गरेको छ। संस्थाको प्रतिक गोलाकारलाई महिला, पुरुषका दुईवटा हातहरुले संरक्षण गरी विकासमा महिला पुरुषको समान सहभागिता रहनुपर्ने कुरामा जोडदिदै महिला शशक्तिकरणका लागि संस्था प्रतिवद्ध रहेको छ। सबैभन्दा अन्त्यमा रहेको U ले संस्थाको छानो र गोलाकार छापलाई जोडेर गरिवी विरुद्ध हामी ऐक्यवद्ध छौं भन्ने सन्देश प्रवाह गरेको छ।

संस्थाको छाप नेपाली अंग्रेजी दुबैमा बनाउन सकिने छ। यसको आकार सानो ठुलो दुबै हुनेछ। संस्थाको दैनीक कार्यमा यसको प्रयोग आधिकारीक मानिनेछ।

## संस्थाको चिन्ह एवं छापको नमूना :

## संस्थाको संक्षिप्त परिचय

**संस्थाको नाम :** सिवाईसी वचत तथा ऋण सहकारी संस्था लि., बागलुङ।

**ठेगाना :** बागलुङ नगरपालिका-२ सिवाईसी टाउन, बागलुङ बजार।

**फोन :** ०६८–५२१६९९, ५२२९३७, ५२२८९४

**मोवाईल:** ९८५७६२८११५ (अध्यक्ष)

९८५७६३४१३५ (प्रमुख कार्यकारी अधिकृत)

**इमेल :** cycsaccos9@gmail.com

**वेभसाईट :** www.cycsaccos.coop.np

**स्थापना मिति :** २०६६/१२/२६

**दर्ता नं/मिति/जिल्ला :** ४८४/०६६/०६७ डिभिजन सहकारी कार्यालय बागलुङ।

**आवद्धता**

यस संस्थालाई स्थानीय स्तरबाट जिल्ला, राष्ट्रिय हुँदै अन्तराष्ट्रिय स्तरसम्म पुऱ्याउनको लागि निम्नानुसारका सहकारीका छाता संघ/संगठनहरुमा आबद्ध गराउने कार्य गरिएको छ।

| क्र.सं. | आबद्ध संघ/संस्था | आबद्ध मिति | सदस्यता नं. |
|---|---|---|---|
| १. | जिल्ला बचत तथा ऋण सहकारी संघ लि., बागलुङ | २०६८/०३/१२ | १४ |
| २. | जिल्ला सहकारी संघ लि., बागलुङ | २०६५/०१/१३ | १९ |
| ३. | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. | २०६८/०३/१२ | ८७७ |
| ४. | राष्ट्रिय सहकारी बैंक लि., काठमाडौं | २०६७/०८/०८ | २६४९ |
| ५ | स्वाबलम्बन विकास केन्द्र, काठमाडौं | २०७१ | २७ |

## परिकल्पना :

"दिगो, गुणस्तरिय, व्यवसायिक अग्रणी वित्तीय सहकारी संस्था"

## ध्येय :

सहकारी सिद्धान्त अनुरुप सदस्यहरुको आर्थिक, सामाजिक तथा सास्कृतिक विकासका लागि आधुनिक प्रविधियुक्त र प्रतिस्प्रधात्मक वित्तिय र गैह्र वित्तिय सेवा प्रदान गर्ने ।

## लक्ष्य :

गरिबीमुक्त, व्यावसायिक एवं समृद्ध सदस्यहरु बनाउने ।

## उद्देश्यहरु :

- संस्थामा संलग्न सदस्यहरुबीच स्वावलम्बन, पारस्परिक सहयोग एवं मितव्ययिताको भावना अभिबृद्धि गराइ नियमित बचत संकलन गरी पूँजिको विकास गर्ने, गराउने ।
- सदस्यहरुको व्यक्तिगत एवं सामूहिक क्षमता अभिबृद्धि गरी स्वावलम्वी, आत्मनिर्भर एवम् शोषणरहित समाजको निर्माणमा योगदान पुऱ्याउने।
- सदस्यहरुको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील, आयमूलक, सिपमूलक र रोजगारमूलक क्षेत्रमा सदस्यहरु मार्फत लगानी परिचालन गरी छरिएर रहेको राष्ट्रिय पुंजीको उपयोग बढाउने।
- समुदायभित्र सामाजिक, साँस्कृतिक, शैक्षिक, स्वास्थ्य सरसफाई, पर्यावरण संरक्षण खेलकुद लगायतका विविध विकासका क्रियाकलापहरुको संचालन र प्रवर्द्धन गर्ने।
- महिला सशक्तिकरण सम्बन्धी कार्यहरु संचालन गर्ने गराउने।
- परिवर्तित सन्दर्भमा पछिल्लो नयाँ प्रविधिहरुको ग्रहण र प्रयोग गर्ने क्षमता विकास गर्ने।
- सदस्यहरु तथा संस्थाको संस्थागत विकासका लागि आयआर्जन परियोजना सञ्चालन गर्ने, गराउने।
- नेपाल सरकार, नेपाल राष्ट्र बैंक, वित्त कम्पनीहरु तथा विकास बैंकहरुबाट थोक ऋण लिई सदस्यहरुलाई लघुवित्त, लघुऋण, लघुउद्यम र व्यावसायिक ऋण प्रदान गर्ने, गराउने।
- सहकारी अस्पताल, सहकारी विद्यालय, सहकारी खेती, सहकारी गाउँ, सहकारी होमस्टे, गरिवी मुक्त गाउँ जस्ता विकास कार्यक्रम र अभियानहरु सञ्चालन गर्ने, गराउने।
- संस्थाका शेयरसदस्यहरुलाई कृषी तथा पशुपालन क्षेत्रमा संलग्न गराई वार्षिक आम्दानीमा वृद्धि गराउने।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय रेमिट्यान्स कम्पनी तथा बैंकहरुको ऐजेन्ट र सव ऐजेन्ट भई मनि ट्रान्सफर (रेमिट्यान्स) सेवाको काम गर्ने, गराउने।
- बिमा समितिको स्वीकृति लिई सदस्यहरुको लागि जीवन विमा, निर्जीवन विमा, स्वास्थ्य विमा तथा बाली विमा (कृषि उत्पादन) कार्यक्रमहरु संचालन गर्ने।
- दातृ निकायहरुबाट विना शर्त प्राप्त हुने कार्यक्रमगत तथा पूँजीगत अनुदान स्वीकार गर्ने।
- कृषी र धार्मिक पर्यटन सम्बन्धी योजना सञ्चालन गर्ने तथा आन्तरिक पर्यटन प्रवर्द्धनको कार्य गर्ने।
- संस्थाको कार्यक्षेत्र भित्र सदस्य सेवाकेन्द्र र सम्पर्क कार्यालयहरु स्थापना गरी सदस्यहरुलाई विकेन्द्रित सेवा प्रवाह गर्ने।
- सहकारी, गैर सरकारी र सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्यको वातावरण सिर्जना गर्ने।
- एक गाउँ एक उत्पादनको अभियान सञ्चालन गर्ने।
- उत्पादन प्रशोधन र बजारीकरणका लागि उचित बातवरण सिर्जना गर्ने, गराउने।

## मुख्य नारा, मन्त्र, काम, रणनिती र मुल्य मान्यता

**मुख्य नाराः–**

"सदस्य बनौं सिवाईसीमा, हातेमालो देश विकासमा"

**मुख्य मन्त्रः–**

सिवाईसी हाम्रो आधार, ३६५ दिन नै कारोवार।

**मुख्य कामः–**

संदस्य संगठन, वचत र ऋण।

**रणनीतिः–**

राम्रो काम फैलाउने, नराम्रो काम औंल्याउने।

**स्थापनाको सोंच र प्रेरणाः–**

हुने खानेको पैसा, हुँदा खानेमा पुऱ्याउने र हुँदा खानेलाई, हुने खाने बनाउने।

**समन्वयः–**

१२ महिना १२ भेट, सहकारी सूचना अप टु डेट।

**सहजीकरणः–**

विकासको केन्द्रमा युवा, गरिव र महिला, सहभागिता र पारदर्शितामा पहिला।

**कार्यशैलीः–** रहरले काम गर्छौं, हाँसेर सेवा गर्छौं।

**प्रतिवद्धताः–** जिम्मेवारी वाँडौं दोष दिन छाँडौं। आजको काम आजै, सबैकाम ताजै

## मुख्य मूल्यहरु

**सामूहिक कार्य** : संस्थामा संचालक समिति, उप-समिति सदस्यहरु र कर्मचारीहरु मिलेर कार्य गरिने।

**जवाफदेहिता** : गरेका राम्रा र नराम्रा सबै कामको सबैले सामुहिक एवं व्यक्तिगत रुपमा जिम्मा लिने।

**उत्तरदायित्व** : सबै सरोकारवालाहरुले निष्ठा पूर्वक आ-आफ्नो भुमिका निर्वाह र जिम्मेवारी बहन गर्ने।

**ऐक्यबद्धता** : सम्पूर्ण संचालक समिति, उप-समितिहरु, सदस्यहरु र कर्मचारीहरु बीच एक भै संस्था संचालन गर्ने।

**गोपनियता** : सदस्यहरुको वित्तीय कारोबार, संस्थाका आन्तरिक समस्याहरु, संस्थाका महत्वपूर्ण अभिलेख तथा दस्तावेजहरुलाई गोप्य राखिने।

**दिगोपना** :वित्तीय रुपमा सुरक्षित, विधि तथा प्रविधिद्वारा संचालित र सदस्यहरुलाई गुणस्तरिय सेवा प्रदान गर्ने।

**ईमान्दारिता** : संस्था संचालन गर्दा छलकपट नगरि संचालन गर्ने।

**सम्मानको संस्कृति** :आफू भन्दा ठूलालाई मान मर्यादा राख्ने र असल काम गर्नेलाई पुरस्कारको व्यवस्था गर्ने।

**समयको पालना** : ठिक समयमा ठिक कार्य गर्ने।

**पारदर्शिता** : संस्थाको भित्रि अवस्था कस्तो छ बाहिर त्यस्तै देखाउने।

## प्रकाशनहरु

- वार्षिक प्रकाशन सहीबाटो
- सिवाईसी दर्पण
- संस्था परिचय पुस्तिका
- ऋण उपसमिति र धितो मुल्याङकन उपसमिति सहयोगि पुस्तिका
- वचत र ऋण मेनु

- सहकारी शिक्षा सम्वन्धी हस्तपत्रहरु
- वार्षिक भित्ते पात्रो ।
- ब्रुसर, फ्लायर्स, पोष्टर,
- सदस्यता बडापत्र

## संस्थामा सदस्य बन्ने प्रकृया

- संस्थावाट हरेक महिनाको अन्तिम शनिबार सञ्चालन गरिने सहकारी शिक्षा तथा संस्थागत परिचयात्मक कार्यक्रममा सहभागी भै संस्थाबाट निःशुल्क उपलब्ध गराइने आवेदन फाराम भर्ने ।
- सदस्य वन्न ईच्छुक व्यक्तिको ६ प्रति, हकवालाको २ प्रति फोटो र दुवै जनाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने।
- कार्यक्षेत्र भित्र बसोबास भएको प्रमाण पेश वा सदस्य बन्नका लागि चाहिने प्रमाण पेश गर्ने ।
- प्रवेश शुल्क एक पटकका लागि रु. ५०० मात्र फिर्ता नहुने गरी बुझाउनु पर्ने ।
- संस्थागत विकास शुल्क रु १०००। मात्र फिर्ता नहुने गरी बुझाउने वा संस्थाको निर्णयानुसारको शुल्क बुझाउने ।
- संस्थाले तोके अनुसारको नियमित मासिक वचत, व्यक्तिगत वचत, दीर्घजीवी बचत र अन्य बचतहरु ।
- भवन निर्माण कोष संस्थाको निर्णय अनुसार ।
- कम्तिमा रु.१०० को १ कित्ता शेयर खरिद गरेको (५० कित्तालाई अनुरोध गरिने) ।
- सदस्य राहतका लागि जीवन आवास तथा सामाजिक सुरक्षा कोष संस्थाको निर्णय अनुसार ।
- सञ्चालक समितिबाट तोकिएका अन्य सर्त तथा शुल्कहरु ।

## सदस्यका लागि योग्यता

- १६ बर्ष उमेर पूरा गरेको नेपाली नागरिक ।
- मानसिक रुपले स्वस्थ नेपाली नागरिक ।
- संस्थाको कार्यक्षेत्र भित्र बसोबास गर्ने र संस्थाको सेवा उपभोग गर्ने ब्यक्ति ।
- यस विनियममा उल्लेखित शर्तहरु पालना गर्न मञ्जुर गरेको व्यक्ति तथा संस्थाहरु ।
- संस्थाको जिम्मेवारी पालना गर्न मञ्जुर व्यक्ति तथा संस्थाहरु ।
- समान प्रकृतिको सोहि पालिकाभित्रको समानस्तरको अर्को संस्थाको सदस्य नभएको ।
- नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको ।
- प्रचलित ऐन कानून वमोजिम वित्तिय अनियमितता गरे वापत कालो सूचीमा नपरेको र अयोग्य नठहरिएको व्यक्ति
- संस्थाको कार्यक्षेत्रभित्र बसोबास गर्ने व्यक्ति वा निजको परिवारको नागरिकता नभएमा जग्गाधनी पूर्जा, बसाई सराईको प्रमाण पत्र, स्थायी कर्मचारी परिचयपत्र, स्थायी रुपमा पेशा व्यवसाय सञ्चालन गरेको प्रमाण जस्तै पान नं. र व्यवसाय दर्ता प्रमाणपत्रको आधारमा पनि सदस्यता प्रदान गर्न सकिने छ।
- कम्तीमा एक शेयर खरिद गरी क्रमश : वृद्धि गर्न मञ्जुर भएको व्यक्ति ।
- संस्थाले गरेको कारोवारसंग प्रतिस्पर्धा हुने गरी कारोवार नगरेको व्यक्ति ।
- नेपाल सरकार तथा प्रदेश सरकारको निकायहरु, स्थानीय तह, संस्थाको कार्यक्षेत्रभित्रका सहकारी विद्यालय, सामुदायिक विद्यालय, स्थानीय क्लव, गुठी, स्थानीय तहमा गठन एवं दर्ता भएका स्थानीय संघ संस्थाहरु, आमा समूह, उपभोक्ता समूह, सामुदायीक वनहरु समेत संस्थाको सदस्य बन्न सक्नेछन् । यसरी संस्थागत सदस्य बन्दा सम्बन्धित संस्थाको कार्य समितिले गरेको निर्णयानुसार साधारण सभामा सदस्यको सहभागिता रहनेछ ।

## सिवाईसी साकोसमै सदस्य किन बन्ने ?

- बागलुङ जिल्लामा सवैभन्दा धैरै सदस्य संख्या, शेयर पुँजी र संस्थागत पूँजि भएको सहकारी संस्था।
- ३६५ दिन चौविसै घण्टा वित्तीय र गैर वित्तीय सेवा प्रवाह गर्ने संस्था।
- एशियाली ऋण महासंघद्वारा संचालीत अन्तराष्ट्रिय स्तरको मापदण्ड वमोजिमको (एक्सेस व्राण्डीङ) प्रतिकिकरण चिन्ह प्राप्तिका लागि धौलागिरी अञ्चलकै पहिलो पटक सहभागी संस्था।
- नेपाल सरकारको सहकारी एकीकरण कार्यविधि वमोजिम बागलुङ जिल्लामै सबै भन्दा धैरै सहकारी संस्थाहरु एकीकरण गर्ने पहिलो सहकारी संस्था।
- ए.टि.एम, मोवाईल बैंकीङ, ट्यावलेट बैंकिङ, क्यु.आर कोड, मिस्डकल बैंकिङ, ई-टेलर जस्ता विभिन्न अत्याधुनिक प्रविधिमार्फत वित्तीय सेवा संचालन गर्ने वित्तीय संस्था।
- सदस्यहरुको हक हितका लागि रात्रीकालीन ईमर्जेन्सी कलिङ सेवा सञ्चालन गर्ने संस्था।
- सदस्यहरुको पृष्ठपोषण र गुनासो सम्बोधन गर्ने संयन्त्र बनाएको संस्था।
- सहकारी संघहरु राष्ट्रिय सहकारी महासंघ, नेफ्स्कुन,राष्ट्रिय सहकारी बैंक, डिभिजन सहकारी कार्यालय बागलुङ जिल्ला सहकारी संघ बागलुङ, आन्तरिक राजश्व कार्यालय बागलुङ लगाएतका संघ संस्था र सरकारी कार्यालयहरुवाट उत्कृष्ट सहकारी संस्था पुरस्कार प्राप्त गर्ने सर्वोत्कृष्ठ संस्था।
- बागलुङ जिल्लामा सदस्य सेवाकेन्द्र संचालन गरि स्थानीय स्तरमै १० वटा सेवाकेन्द्र मार्फत सेवा प्रदान गर्ने पहिलो संस्था।
- हुने खानेको पैसा हुँदा खानेमा पुऱ्याउने र हुँदा खानेलाई हुने खाने बनाउने महान नारा बोकेर स्थापना भएको संस्था।
- ६८ वर्ष उमेर पुगेका एकल महिला शेयर सदस्य र ७० वर्ष उमेर पुगेका शेयर सदस्यहरुलाई मासिक रु. १२५० का दरले पेन्सन सुविधा उपलब्ध गराउने संस्था।
- ८० बर्ष उमेर पुगेका जेष्ठ नागरिकहरुलाई बार्षिक रु.५०००।- औषधी उपचार सुविधा प्रदान गर्ने संस्था।
- आफ्नै श्रोतमा युवाहरुका लागि रोजगार र स्वरोजगार सिर्जनामा केन्द्रित संस्था।
- सदस्यका छोरा छोरीहरुको ब्रतबन्ध, सदस्यको चौरासी पुजा, नयाँ बुहारी स्वागत, सुत्केरी भेटघाट,मृत्यूमा समवेदना तथा राहात, औषधि उपचार सुविधा लगायत सामाजिक सुरक्षामा संलग्न बागलुङको अग्रणी वित्तीय सहकारी संस्था।

## कार्य सञ्चालनमा संस्थाका प्रतिवद्धता

- संस्थाका सम्पुर्ण निर्णयहरु पुर्ण प्रजातान्त्रिक तरिकाबाट लिईने छ।
- सिवाईसी साकोसको विनियम नीति नियम निर्देशिकाहरुको पुर्णपालना गरिने छ।
- सहकारीका सर्वमान्य मूल्य, मान्यता र सिद्धान्तहरुलाई उच्च सम्मान गर्दै हाम्रो सञ्चालन प्रकृयामा ती कुराहरुलाई अबलम्बन गर्नेछौं।
- संस्थाका संचालक समिति, लेखा समिति, उपसमिति, कर्मचारी र सम्पूर्ण सदस्यहरु म होइन हामी भन्ने भावनाबाट निर्देशित हुनेछौं।
- व्यक्तिगत चाहाना र स्वार्थपूर्ति गर्न नीति नियमको उल्लङ्घन गर्ने र आफ्नो अनुकूल व्याख्या गर्ने काम गर्ने छैनौं।
- समाजमा पछाडि पारिएका महिला, दलित, जनजाति तथा अन्य सीमान्तकृत समुदायको आर्थिक तथा सामाजिक विकासका लागि कार्य गर्न हामी प्रतिबद्ध छौं।
- समयानुकूल विभिन्न प्रकारका सचेतनामूलक कार्यक्रमहरु संचालन गरी सदस्यहरुको अधिकार, दायित्व र कर्तव्यका वारेमा जानकारी दिन प्रतिवद्ध छौं।
- सदस्यहरुलाई पूर्ण चरित्रवान, नैतिकवान र अनुशासित बनाउन प्रतिबद्ध छौं।
- कुनै पनि प्रकारको गम्भिर र आवश्यक पृष्ठपोषणलाई मार्ग निर्देशनको रुपमा ग्रहण गर्ने छौं।
- संस्थाको गतिविधिहरुको वारेमा सदस्यले समयमानै जानकारी पाउने सदस्यको हक र अधिकार प्रति हामी सचेत रहनेछौं।
- सदस्यहरुलाई सेवा प्रदान गर्ने क्रममा कसैप्रति भेदभाव र पुर्वाग्रही, व्यवहार गर्ने छैनौं।

- हरेक सदस्यको व्यक्तिगत विवरण तथा वार्षिक कारोवारको गोपनीयता हर हमेशा कायम राख्ने छौं ।
- सदस्यहरुलाई स्थानीय स्तरमै गुणस्तरीय र प्रभावकारी सेवा दिन समर्पित हुनेछौं ।
- संस्थाले हरेक प्रकारका सीप श्रम र मेहेनतलाई संस्थाको अमूल्य श्रोत र सम्पतिको रुपमा लिने कुरामा हामी प्रतिबद्ध छौं ।
- सामाजिक सुरक्षाको प्रत्याभूति दिने खालका कार्यक्रम संचालन र सामाजिक विकासका कार्यहरुमा सक्दो सहयोग गर्न हामी प्रतिवद्ध छौं।
- सहकारी संघ संस्थासंग भाइचाराको सु-सम्वन्ध अभिवृद्धि र सम्मानजनक व्यवहारका लागि सदैव क्रियाशील र प्रतिवद्ध रहने छौं ।

## सामाजिक सुरक्षा मानविय सम्वेदनाका लागि संस्थादारा संचालित कार्यहरु

- **अर्ध्वदैहिक सुविधा**
  सदस्य र सदस्यका माता/पिता, श्रीमान/श्रीमती, छोरा/छोरी, बुहारी एकाघर परिवारका ५ जना सम्मको मृत्यूमा प्रदान गरिने रु. ३ हजार देखि ५० हजारसम्मको अर्ध्वदैहिक सुविधा र समवेदना ।
- **आवास सुरक्षा सुविधा**
  सदस्य आफै बस्ने घर प्राकृतिक विपत्तीबाट क्षत विक्षत भई बस्न नहुने गरी नष्ट भएको अवस्थामा प्रदान गरिने वढिमा रु ५ हजारसम्मको सुविधा ।
- **सुत्केरी भेटघाट तथा पोषण सुविधा**
  बाल मातृ मृत्यूदरमा कमी ल्याउन शेयर सदस्य सुत्केरी भएको ११ दिन भित्रै माईतीको रुपमा भेट्न जाने र २ वटा बच्चासम्म पोषण वापत रु २ हजार र त्यस भन्दा वढि १ वटाका लागि रु १ हजारका दरले उपलब्ध हुने पोषण सुविधा ।
- **जेष्ठ नागरिक औषधि उपचार सुविधा**
  आर्थिक अवस्था कमजोर भएका ८० वर्ष उमेर पुगेका जेष्ठ नागरिक शेयर सदस्यहरुका लागि वार्षिक रु. ५ हजारसम्म उपचार खर्च वापत उपलव्ध हुने सुविधा ।
- **औषधि उपचार तथा दुर्घटना राहत सुविधा**
  नेपाल सरकारबाट जटिल प्रकृतिको रोग भनी परिभाषित (मुटु, मृगौला, क्यान्सर) गरेको रोगमा उपचार गर्न र सदस्य दुर्घटनामा परि अङ्गभंग भएको अवस्थामा उपचार वापत दिईने रु १० हजार सम्मको राहत रकम । सदस्य विरामी भई उपचार गर्दा गर्दै सम्पूर्ण सम्पत्ती समाप्त भई उपचार गर्न असमर्थ भएको अवस्थामा सो सदस्यलाई उपचारका लागि वढिमा रु.१ लाख सम्म उपलब्ध हुने अनुदान सहयोग ।
- **शैक्षिक सुविधा**
  सदस्यका छोरा छोरीहरुले दश जोड दुई मा उत्कृष्ट स्थान प्राप्त गरेको अवस्थामा वढिमा ५ जनालाई रु. २ हजारका दरले उपलव्ध गराईने शैक्षीक सुविधा र सम्मान ।
- **विमा सुविधा**
  संस्थाको निर्णयबाट सदस्यहरुको र ऋण बचतको विमा सुविधा । (सदस्यहरुको जोखिम न्यूनिकरण र ऋणका लागि सदस्यले गर्ने आवधिक बिमा )
- **जेष्ठ नागरिक पेन्सन सुविधा**
  ७० वर्ष उमेर पुरा भएका जेष्ठ नागरिकहरुलाई संस्थाको निर्णयानुसार उपलव्ध हुने मासिक पेन्सन सुविधा
- **एकल महिला पेन्सन सुविधा**
  ६८ वर्ष माथिका एकल भनि परिभाषित महिला शेयर सदस्यका लागि मासिक उपलव्ध हुने पेन्सन सुविधा ।
- **छात्रबृत्ती सुविधा :**
  अति विपन्न शेयर सदस्यका छोरा, छोरी वा समुदायका विपन्न वर्गहरु मध्ये हरेक २ वर्षमा १ जनालाई १२ कक्षासम्मको अध्ययनका लागि न्यूनतम सहयोग पुऱ्याउने गरी विद्यालयमा स्थापना र सञ्चालन गरिएको अक्षयकोषबाट प्राप्त हुने सुविधा
- **जेष्ठ नागरिक तिर्थाटन कार्यक्रम**
  ६० वर्ष माथिका शेयर सदस्यहरुलाई हरेक वर्ष साधारण सभा वा अन्य विशेष कार्यक्रमबाट छनौट गरी तिर्थ लगिने कार्यक्रम
- **चौरासी पूजा सुविधा**
  चौरासी पूजा गर्न नसक्ने आर्थिक अवस्था कमजोर भएका शेयर सदस्यलाई वढिमा रु १० हजारको लागतमा चौरासी पूजा सम्पन्न गर्न दिईने सुविधा ।

- **नयाँ बुहारी स्वागत कार्यक्रम**
  संस्थाका शेयर सदस्यका छोरा अथवा शेयर सदस्य बैवाहिक जीवनमा वाधिदाँ संस्थाको तर्फबाट बुहारी स्वागत तथा शेयर सदस्यता प्रदान गर्ने कार्यक्रम ।
- **सदस्यहरुका लागि ब्लड कलीङ सुविधा**
  ब्लड बैंक नभएको ठाउँमा सदस्यहरु विरामी भई रगत आवश्यक परेको बेलामा रगत उपलब्ध गराउने अभिप्रायले शेयर सदस्यहरुबाट ब्लड ग्रुपीङ गरी ब्लड उपलब्ध हुने व्यवस्था ।
- **आकस्मिक उपचारका लागि सुलभ ऋण**
  सदस्य वा सदस्यको एकाघर परिवार विरामी भई उपचारका लागि पैसा नभएको अवस्थामा संस्थाले जतीबेला पनि सेवाकेन्द्रबाट बढिमा रु ५० हजार र केन्द्रिय कार्यालयबाट बढीमा रु.१ लाखसम्म उपचारका लागि तुरुन्त उपलब्ध हुने सहुलीयत ऋण सुविधा ।
- **ब्रतबन्ध (उपनयन)**
  संस्थाका शेयर सदस्य वा शेयर सदस्यका छोराको ब्रतबन्ध (उपनयन) कार्यमा संस्थाको तर्फबाट सम्मान तथा बधाई ज्ञापन गर्ने र शेयर सदस्यता वा बाल बचतको सुरुवात गर्ने कार्यक्रम ।

**के तपाईले संस्थामा सदस्य बनेकोमा गौरव मान्नु भएको छ ? मान्नु भएको छ भने यि कुराहरुमा ध्यान पुगेको छ त ????**

- तपाईको मासिक बचत छुटिरहेको छ कि ?
- तपाईले लिनुभएको ऋणको किस्ता र ब्याज बुझाउन छुटेको छ कि ?
- तपाईले संस्थामा दिनुपर्ने कागजातहरु छुटिरहेका छन् कि ?
- तपाई जमानी बस्नु भएको सदस्यको ऋणको भाखा र किस्ता नाग्न लागेको छ कि ?
- तपाईको बचत र शेयरको अनुपात मिलेको छैन कि ?
- तपाईलाई संस्थाले आमन्त्रण गरेको कार्यक्रममा उपस्थित हुन छुटिरहनु भएको छ कि ?
- तपाई संस्थामा नियमित रुपमा आउन भ्याउनु भएको छैनकि ?
- कुनै सञ्चालक वा शेयर सदस्यज्यूहरुबाट संस्थालाई हानी नोक्सानी पुऱ्याउने काम भइरहेको छ कि ?
- तपाईले संस्थाको बुझ्नुपर्ने यथार्थ कुराहरु नबुझी कतै गलत आरोप लगाइ रहनु भएको छ कि ?
- तपाई आफ्नो कर्तव्यलाई पछि पारेर अधिकारलाई अघि सारिरहनु भएको छ कि ?
- संस्थाबाट तपाईको काममा ढिलासुस्ती भइरहेको छ कि ?
- संस्था कसरी चल्दैछ जानकारी राख्न बिर्सनु भएको छ कि ?
- संस्थालाई अझ व्यवस्थित रुपमा सञ्चालन गर्न लिखित वा मौखिक सुझाव दिन भुल्नु भएको छ कि ?

## संस्थाबाट उपलब्ध रेमिट्यान्स सेवाहरु

आई.एम.ई रेमिट, प्रभु रेमिट, वेष्ट्रन युनियन मनि ट्रान्सफर, हिमाल रेमिट, सिटी रेमिट्यान्स, बेष्ट रेमिट्यान्स, बुम रेमिट, आई.पे रेमिट, जे.एम.ई रेमिट, सम्सरा रेमिट, इसेवा मनि ट्रान्सफर, नेपाल रेमिट, मनीग्राम लगायतका सम्पूर्ण रेमिट्यान्स सेवाहरू २५ वटै सेवाकेन्द्रहरूमा उपलब्ध रहेका छन ।

## संस्थाद्वारा प्रदान गरिने बचत सेवाहरु :-

| क्र. सं | बचतका शिर्षक | बचत | | बचत फिर्ता गर्ने समय |
|---|---|---|---|---|
| | | न्युनतम | अधिकतम | |
| १ | अनिवार्य नियमित मासिक बचत | २०० | ५००० | • बचत गरेको १० वर्ष पूरा भएपछि वा अशक्त, फरक क्षमता भएका र ६० वर्षभन्दा माथि उमेरका वृद्धवृद्धा सदस्यहरुले बचत गरेको ३ वर्ष पूरा भएमा वा आकस्मिक रुपमा स्वास्थ्य उपचारको लागि अस्पताल भर्ना भएमा ५० प्रतिशत बचत फिर्ता गर्न सकिने। <br> • अनिवार्य बचत जमानीमा थप २ प्रतिशत ब्याजदरमा बचतको ८० प्रतिशतसम्म ऋण लगानी गरिने। |
| २ | सिवाईसी दिर्घजिवि वचत | २०० | २०० | सिवाईसी दिर्घजिवी बचतको अवधी २५ वर्षको हुनेछ २५ वर्ष पुगेपछी सदस्यलाई एकमुष्ठ २,३६,००० रकम भुक्तानी गरिनेछ। |
| ३ | कोपिला कर्णधार वचत | १०० | इच्छानुसार | कोपिला कर्णधार बचतमा सहभागि बचतकर्ताको उमेर १६ वर्ष पुगेपछी बचत रकम झिक्न वा शेयरमा रुपान्तरण गर्न सकिने छ। |
| ४ | सिवाईसी विशेष बचत | १०० | १०० | ५० वर्ष अवधि पुगेपछि एकमुष्ठ २५ लाख भुक्तानी गरिने छ। |
| ५ | समृद्धि बचत | १०० | जतिसुकै | ३ वर्ष पछि न्युनतम मौज्दात रु १००० राखी बाँकी रकम फिर्ता लिन र पुन बचत गर्न सकिने। |
| ६ | खुत्रुके वचत | इच्छा बमोजिम | जतिसुकै | ५ वर्ष पुगेपछि झिक्न सकिने, सदस्यको इच्छानुसार शेयरमा रुपान्तरण हुने |
| ७ | आकस्मिक, आपतकालीन बचत | १०० | जतिसुकै | प्राकृतिक विपत्ती, घटना, दुर्घटना भई आकस्मीक एवं आपतकालीन अवस्था सिर्जना भएमा न्यूनतम मौजदात रु. १००० राखी जुनसुकै समयमा पनि झिक्न सकिने। |
| ८ | जेष्ठ नागरिक वचत | ५०० | जतिसुकै | न्यूनतम मौजदात रु १५००० राखी आवश्यकता अनुसार फिर्ता लिन सकिने |
| ९ | कारोवार वचत | ५०० | जतिसुकै | न्यूनतम तोकीएको मौज्दात रकम बाहेक ईच्छानुसार जुनसुकै समयमा पनी बचत रकम फिर्ता लिन सकीने। |
| १० | संस्थागत बचत | १००० | जतिसुकै | न्यूनतम मौजदात रु १००० राखी आवश्यकता अनुसार फिर्ता लिन र जम्मा गर्न सकिने। थप ब्याजदरका लागि तोकिएको न्युनतम मौज्दात कायम गर्न संस्थालाई निवेदन दिनु पर्नेछ। अन्यथा ब्याजदर ७ प्रतिशत नै कायम भैरहेको हुनेछ। |
| ११ | शेयर वृद्धि वचत | १०० | जतिसुकै | बचतको ९० प्रतिशतसम्मको रकमलाई अर्धवार्षिक वा वार्षिक रुपमा शेयरमा रुपान्तरण गर्न सकिने। |
| १२ | गरगहना वचत | २०० | जतिसुकै | आधा तोलासम्मको गहना किन्ने रकम पुगेपछी फिर्ता लिन सकिने। |
| १३ | पर्व वचत | १०० | जतिसुकै | तोकीएको चाडपर्व भन्दा ७ दिन अगाडि फिर्ता लिन र पुन बचत गर्न सकिने |
| १४ | स्वास्थ्य उपचार वचत | १०० | जतिसुकै | उपचार गर्न बीचमा आवश्यकता अनुसार रकम झिक्न सकिने तर न्यूनतम १ हजार मौज्दात रहनुपर्ने। |
| १५ | सवारी साधन वचत | ५०० | जतिसुकै | तोकिएको साधन खरिदको लागि रकम पर्याप्त भए जुनसुकै समयमा झिक्न सकिने। |
| १६ | युवा विद्यार्थि बचत | २०० | जतिसुकै | बचतको अवधि न्यूनतम १ वर्षको हुनेछ। |
| १७ | रेमिट्यान्स बचत | १०० | जतिसुकै | न्यूनतम मौजदात रु १००० राखी आवश्यकता अनुसार फिर्ता लिन सकिने |
| १८ | क्रमिक आवधिक बचत | १०० | जतिसुकै | १,२,३ बर्ष अबधिका लागि बचत गर्न सकिने, अबधि पुरा भएपछि नविकरण वा फिर्ता लिन मिल्ने। |
| १९ | विमा प्रिमियम बचत | ५०० | जतिसुकै | विमाको प्रिमियम बुझाउने अवधिमा झिक्न सकिने । |
| २० | ३ महिने आवधिक | २५ हजार | जतिसुकै | अवधि पुगेपछि झिक्न सकिने |
| | ६ महिने आवधिक | | | अवधि पुगेपछि झिक्न सकिने |
| | १ बर्षे आवधिक | | | अवधि पुगेपछि झिक्न सकिने |
| | २ बर्षे आवधिक | | | अवधि पुगेपछि झिक्न सकिने |
| | ३ बर्षे आवधिक | | | अवधि पुगेपछि झिक्न सकिने |
| २१ | रेमिट्यान्स आबधिक बचत | २५ हजार | जतिसुकै | अवधि पुगेपछि झिक्न सकिने |

## संस्थाद्वारा उपलब्ध ऋण सुविधाहरु :-

| क्र.सं. | ऋणको प्रकार : | सिमा | अधिकतम अवधि | भुक्तानी तरिका (किस्ता) |
|---|---|---|---|---|
| १ | **औद्योगिक ऋण** | | | |
| १.१ | हस्तकला प्रबर्द्धन : | ३०००००० | ७ वर्षसम्म | मासिक किस्ता |
| १.२ | लघु उद्योग : | ३०००००० | ७ वर्षसम्म | मासिक किस्ता |
| १.३ | साना तथा मझौला उद्योग : | १०००००००० | १० वर्षसम्म | मासिक किस्ता |
| २ | **व्यापार तथा व्यवसाय ऋण** | | | |
| २.१ | कृषिजन्य व्यापार : | ५०००००० | ७ वर्षसम्म | मासिक किस्ता |
| २.२ | पशुजन्य व्यापार : | ५०००००० | ७ वर्षसम्म | मासिक किस्ता |
| २.३ | दैनिक उपभोग्य वस्तु व्यापार : | १०००००००० | १० वर्षसम्म | मासिक किस्ता |
| २.४ | निर्माण सामाग्री व्यापार : | १०००००००० | १० वर्षसम्म | मासिक किस्ता |
| २.५ | घरजग्गा कारोबार ऋण : | १०००००००० | १० वर्षसम्म | मासिक किस्ता |
| २.६ | स्टेशनरी (शैक्षिक सामाग्री) व्यापार : | ५०००००० | ७ वर्षसम्म | मासिक किस्ता |
| २.७ | सेवा व्यवसाय ऋण : | १०००००००० | १० वर्षसम्म | मासिक किस्ता |
| ३ | **कृषि ऋण** | | | |
| ३.१ | तरकारी तथा मौसमी खेती : | ३०००००० | ५ वर्षसम्म | मासिक/त्रैमासिक |
| ३.२ | फलफूल तथा बागवानी : | ३०००००० | ५ वर्षसम्म | मासिक/त्रैमासिक |
| ३.३ | मसलाजन्य उत्पादन ऋण : | ३०००००० | ५ वर्षसम्म | मासिक/त्रैमासिक |
| ३.४ | नगदेबाली उत्पादन ऋण : | ३०००००० | ५ वर्षसम्म | मासिक/त्रैमासिक |
| ३.५ | पशुपालन ऋण : | ३०००००० | ५ वर्षसम्म | मासिक/त्रैमासिक |
| ३.६ | कुखुरापालन (पोल्ट्री व्यवसाय) : | ५०००००० | ७ वर्षसम्म | मासिक किस्ता |
| ३.७ | मौरीपालन ऋण : | ३०००००० | ५ वर्षसम्म | मासिक/त्रैमासिक |
| ४ | **शैक्षिक ऋण** | | | |
| ४.१ | उच्च शिक्षा : | १०००००० | ५ वर्षसम्म | मासिक किस्ता |
| ४.२ | प्राविधिक शिक्षा : | ३०००००० | ७ वर्षसम्म | मासिक किस्ता |
| ५ | **सम्पत्ती खरिद तथा मर्मत ऋण** | | | |
| ५.१ | घर निर्माण तथा मर्मत : | १०००००००० | १० वर्षसम्म | मासिक किस्ता |
| ५.२ | घर खरिद : | १०००००००० | १० वर्षसम्म | मासिक किस्ता |
| ५.३ | जग्गा तथा घडेरी खरिद : | १०००००००० | १० वर्षसम्म | मासिक किस्ता |
| ५.४ | घरायसी सामानहरु खरिद : | ५००००० | ३ वर्षसम्म | मासिक किस्ता |
| ५.५ | सवारी साधन खरिद ऋण : | ५०००००० | ७ वर्षसम्म | मासिक किस्ता |
| ६ | **सामाजिक ऋण** | | | |
| ६.१ | सामाजिक कार्य ऋण | ५००००० | ३ वर्षसम्म | मासिक किस्ता |
| ६.२ | धार्मिक कार्य ऋण | ५००००० | ३ वर्षसम्म | मासिक किस्ता |
| ६.३ | खरखाँचो तथा घरखर्च ऋण | ३००००० | ३ वर्षसम्म | मासिक किस्ता |
| ६.४ | आपतकालीन ऋण | १००००० | २ वर्षसम्म | मासिक किस्ता |
| ७ | वैदेशिक रोजगार ऋण | ३०००००० | ७ वर्षसम्म | मासिक/त्रैमासिक |
| ८ | वैकल्पिक उर्जा ऋण : | ३०००००० | ७ वर्षसम्म | मासिक/त्रैमासिक |
| ९. | सिवाइसी लघुउद्यम ऋण : | ५००००० | तोके बमोजिम | तोके बमोजिम |
| १० | सिवाईसी युवा स्वरोजगार ऋण | ५००००० | ३ वर्षसम्म | मासिक किस्ता |
| ११ | **कर्मचारी सहुलीयत ऋण** | | | |
| ११.१ | कर्मचारी सहुलियत ऋण : | १५००००० | १० वर्षसम्म | मासिक किस्ता |

# अध्यक्षको कलम

## बोल्नका लागि बोल्ने छुट मात्र लियौ भने..................................



**"ठूला सपनाहरु चुम्बकजस्ता हुन्छन, जसले मानिसहरुलाई आफ्नो गन्तव्यको नजिक लैजान्छन।"** २०६६ **चैत्र २२ को ऐतिहासिक दिन यस्तै ठूलो सपना देखेको दिन थियो जुन दिन" हुनेखानेको पैसा हुदाँखानेमा पुऱ्याउने र हुदाँखाने लाई हुनेखाने बनाउने**" महान संकल्पका साथ सिवाईसी बचत तथा ऋण सहकारी संस्था लिमिटेड बाग्लुङको स्थापना गरिएको थियो। "**सामाजिक एकता आजको आवश्यकता**" भन्ने मूल मन्त्रका साथ काम गरिरहेको आत्मनिर्भर स्वावलम्बी मातृ संस्था चारतारे युवा क्लब सिवाईसी नेपालको पहलमा लघुवित्त कार्यक्रमबाट व्यवसायिकता हाँसिल गरेका सदस्यहरुलाई थप वित्तीय र गैरवित्तीय सेवा प्रदान गर्नुका साथै पहुँचविहीन, निराश बनेका, बनाइएका अवसरहरुको खोजीमा रहेका विशेषत गाउँबस्तीमा वित्तीय पहुँचबाट टाढा रहेका वर्गहरुको उन्नतिका लागि स्थापना गरेको सिवाईसी साकोस आज स्थापनाको छोटो समयमा कार्यक्षेत्रको हिसाबले गण्डकी प्रदेश, कभरेजको हिसाबले धौलागिरी अञ्चल, प्रभावको हिसाबले देशव्यापी बन्न सफल भएको छ।

नयाँ शैली र फरक सोचका साथ व्यक्ति तथा समुदायमा Right, Voice र Choice को ३ वटा मन्त्रलाई आत्मसात गरी हजारौं सहकारीको वीचमा अब्बल बन्ने अपेक्षा राखेर थालिएको यो अभियानमा सुरुका दिनहरु हाम्रा लागि अत्यन्त कष्टकर र चुनौतिपूर्ण रहेपनी कष्ट र चुनौतीलाई हामीले अवसरको रुपमा लिएर अगाडि बढ्यौं। हामीलाई थाहा थियो **'सफलता सधै कष्टकर यात्राबाट सुरु हुन्छ'**। हाम्रो उपस्थिति सहकारी क्षेत्रमा नयाँ बाटो थियो, नयाँ बाटो बनाउन खोज्दा मानिसहरु अभ्यस्त भैसकेका हुदैनन्। शंका रहन्छ, आलोचना गर्छन्। गन्तव्यमा पुग्नु छ भने अलमलिनु हुदैन एक खुड्किला अगाडि बढाईहालौ, अर्को पनि बढाउ, फेरी पनि बढाउ पाईलाहरु शिखर नभेटे सम्म बढाउ बढाइरहौ **यात्रा थालेपछी होइन सकेपछि मात्र विश्राम लिऔं** भनेर लागिरह्यौ परिणामत: आज सफलताको शिखर चुम्न हाम्रा पाइलाहरु अनवरत रुपमा अगाडि बढीरहेका छन। यति बेला हामी सहकारी क्षेत्रका अनेक उतारचढावका साथ १४ औं बार्षिक साधारण सभा र पाँचौं अधिवेसनको गौरवमय ऐतिहासिक क्षणमा आइपुगेका छौं। यो महत्वपूर्ण क्षणमा म संस्थाको अध्यक्ष र संस्थापकको हैसीयतले संस्थाको परिकल्पनामा खट्ने, जुट्ने र सहयोग गर्ने सबै सबै प्रति आभार प्रकट गर्दछु जो अलविदा भैसक्नु भएको छ उहाँहरुप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु।

२०८० असार मसान्तसम्म संस्था २५ वटा सदस्य सेवाकेन्द्रहरु र एउटा केन्द्रीय कार्यलयबाट सदस्य सेवामा जुटिरहेको छ। संस्थामा २५०७३ शेयर सदस्य रहेका छन। जसमध्य १३४८० जना महिला र ११५५२ जना पुरुष, बालबचतकर्तामा ४४६३ जना र सामुदायिक, सामाजिक संघ संस्था र विद्यालय गरी ४१ वटा सामुदायिक संस्था र विद्यालयहरु सदस्य बनेका छन। बाल बचत र शेयर सदस्य गरी जम्मा २९५३६ जना व्यक्तिहरुको वृहत संजाल रहेको संस्थाको शेयर पुजीँ रु३९,४४,४४,०००।- बचत रु १,३८,४५,०१,५८६।- ऋण लगानि रु १,४५,९३,७९,११९।- र दायित्वरहित कोषहरुमा रु ९,४०,८८,३९२ रहेको छ। यो अवधिमा हामीले हाम्रा सदस्यहरुलाई वित्तीयरुपमा साक्षर बनाई पारिवारिक व्यवस्थापनका साथै बचतमा अत्याधिक वृद्धि ल्याउने गरी योजना तर्जुमा गरेका छौ। हिजो हामीले संस्था स्थापना गरेको बखत रहेको परिवेश बदलिएको छ, सम्मान घटेको छ, साइनबोर्ड भुण्डाएर गैरसहकारी काम गर्ने केही संस्थाहरु अरबौ रकम कुम्ल्याएर भागेपछाडि यहाँ सहकारीको माहोल र साख खस्किएको छ। कोभिडको बेला तरलता बढी भएर प्रगति छेक्यो, कहिले तरलता कमी भएर बाटो छेक्यो, कहिले नियममा हिँड्दा, नियम मिच्नेले बाटो छेके तर पनि चाहुरिएको अनुहारमा खूसी भर्ने वित्तीय पहुँचबाट टाढा रहेका व्यक्तिहरुमा वित्तीय र गैरवित्तिय पहुँच पुऱ्याउने स्थापनाको दृढ संकल्पले हामीलाई प्रेरीत गरिरह्यो फलस्वरुप आज विषम र जटिल परिस्थितिमा पनी सतिसाल जस्तै उभिएर निर्धक्क सदस्यहरुलाई सेवा प्रवाह गरिरहेका छौ यो हामी सबैको गर्वको विषय बनेको छ। असफल संस्थाको सूचिमा अब पालो सिवाईसीको हो भन्दै सडकमा निशुल्क खटिएका नारदमुनीहरुको मुखमा बुजो लागेको छ। **सदस्यले माया गरेसम्म कसैको श्रापले संस्था बिग्रने होइन** भन्ने कुरा पुष्टि भएको छ भने यो अवधिमा वित्तिय जगतमा घटित घटनाले हामीलाई समस्यामात्र होइन यसले कहिल्यै बिर्सन नहुने निम्नानुसारको शिक्षा पनि प्रदान गरेको छ।

१. एउटै व्यक्तिको ठूलो बचत भन्दापनि धेरै व्यत्तिको नियमित बचत आउने वातावरण बनाउनुपर्ने रहेछ।

२. एउटै व्यक्तिलाई ठूलो ऋण भन्दा धेरै व्यक्तिलाई स सानो ऋण दिदाँ संस्थालाई समस्या नपर्ने रहेछ।

३. आवश्यक पर्दा संचालकहरुले पुजीँको जोहो गर्न सक्नुपर्दछ। सञ्चालक मौरी जस्तै कर्मशील चाहिन्छ।

४. संस्था समुदायमा आधारित र सदस्य केन्द्रित भएर सञ्चालित भयो भने सदस्यले नै संस्थालाई बचाउदा रहेछन।

५. सदस्यलाई उत्पादन र उद्यम सँग जोड्नु पर्दछ जसले नियमित बचत र किस्ता तिर्न सघाउ पुगोस।

६. अप्ठयारो पर्दा काँध थाप्न सक्नेगरी केही निश्चित व्यक्तिहरुको सूचिको तयारी गर्नु पर्दछ जसका कारण र प्रयासले तरलता अभाव नहोस।

सिवाईसी साकोस हरेक मानिसहरुलाई समृद्धि कर्मद्धारा संभव छ भन्ने बुझाउन चाहन्छ । युवाहरुका धर्मराएका कदमहरु, कुण्ठित योजना र मुर्छित सपनाहरुलाई आमरुपमा व्युझाउन र बुझाउन सकिएन भने देश वृद्धाआश्रम बन्ने निश्चित प्राय छ । धनी र गरीब विचको खाडल दिनानुदिन बढीरहेछ । **असमानताको अन्त्यहीन वाचा दलहरुको संकल्प जस्तै बनेको छ** । आफ्नो पद र प्रतिष्ठाका लागि चिन्तित नेताबाट गरीब जनताको समृद्धिको कुरा हुनै छाडेका छन् र यस्तो विषम अवस्थामा धरमराउन थालेको समाजको विश्वास डगमगाउन नदिई काम गर्नुपर्ने कठिन जिम्मेवारी हामी जस्ता सहकारी संस्थाको काँधमा छ । व्यवसाय उद्यम भन्दापनि निक्षेपमा बढी व्याज र शेयर लाभांशमा रमाएका सदस्यहरुमा उद्यमबाट समृद्ध बन्न सकिन्छ भनी बुझाउनु परेको छ । त्यसैले यस आ.व. को नीती तथा कार्यक्रममा ५०० भन्दा बढी ग्रामिण महिला दिदिबहिनीहरुलाई आवद्ध गरी आत्मनिर्भर बनाउने, १० वटा भन्दाबढी गाउँहरुलाई वातावरणमैत्री नमुनागाउँको रुपमा विकास गर्ने, ऋण लगेर नतिर्ने अधर्मीहरुलाई सहकारी पुराणको माध्यमबाट चित्त शुद्धि गर्ने, शून्य गरीबी, शून्य बेरोजगारी र शून्य कार्बन उत्सर्जन जस्ता कार्यका लागि थ्री जिरो क्लब गठन र परिचालन गर्ने, गुणस्तरीय शिक्षाको माध्यमबाट गुणस्तरीय जीवनयापनको वातावरण सृजनाको लागि कम्तीमा १० वटा विद्यालयमा शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने जस्ता कुराहरुमा विशेष जोड दिएका छौ । गरीब पछी परे, पारीएको समुदायमा धेरै पटक प्रयास गर्नुपर्दछ **बोल्ने मात्र होइन सगँसँगै काम गर्नुपर्दछ** भन्ने हाम्रो अनुभव छ त्यसैले यस आ.व. मा ८० प्रतिशत सदस्यको घरभेट गर्ने , उनीहरुको कुरा सुन्ने र सिक्ने अभिप्रायले अभियान सञ्चालन निर्देशिका जारी गरिएको छ । तल्लो तहसम्म संस्थाको सेवाप्रवाहका लागि हरेक गाउँटोलमा संस्थाका संयन्त्र गाउँटोल समन्वय उपसमिति गठनलाई तीब्रता दिइएको छ । उनीहरुको क्षमता वृद्धि गरी चुस्तदुरुस्त सेवा प्रवाहका लागि पहल भैरहेको छ ।

शेयर सदस्यहरुको अन्योन्याश्रित सम्बन्ध र कारोबारको बलमा मात्र हामी सबै समृद्ध बन्न सक्छौ भन्ने कुरा बुझ्न अब ढिला गर्नुहुदैन । संस्थामा सबैको ओहोदा, पद र भूमिका अनुसार विनिमयममा उल्लेखित परिभाषित जिम्मेवारीहरु छन् । सोही अनुसार सबै उत्तरदायी र जवाफदेही बन्नुपर्ने छ । कोही कसैलाई कामको जिम्मा लगाएर म अलग छु भन्ने कुरा एउटै डुङ्गामा बसेको यात्रीले बिर्सनु हुदैन । **बोल्नका लागि बोल्ने छुट मात्र लियौ भने आफू पनि बिग्रने र संस्था पनि बिगार्ने हुन सक्छ** । त्यसैले बेलैमा सोचेर सहकारी भनेको सामूहिकता हो भन्ने बुझौ एक हजारको शेयर किनेर एकपटक दुई सयको बचत गरेर कहिल्यै संस्थामा नफर्कने व्यवहारले न हाम्रो समृद्धि हुन्छ न संस्थाको दिगोपना । हाम्रो विश्वास छ धनी बन्न अठोट चाहिन्छ, त्यसका लागि म कहिले सम्म के के गरेर कति सम्पत्तिको मालिक बन्ने भनि योजना बनाएर अघि बढीयो भने **गरीबीलाई हेर्न सङग्रहालय जानुपर्छ** भन्ने हाम्रो सोच र मान्यता हो । कमसेकम यो आ.व. मा प्रत्येक सेवाकेन्द्रले १०/१० जना १ करोड बचत पुऱ्याउने व्यक्तिहरुको खोजी गऱ्यौं भने २५ वटा सेवाकेन्द्रमा २५० जना करोडको सपना देख्ने सदस्य बन्न सक्छन् । सधै निराशाको पोको मात्र फुकाउने कार्य बन्द गरी हाम्रा सफलता र समृद्धिको पनि वर्णण गर्ने गरौं । भगवानले राम्रो उपहार दिएर पठाएका छन गुनासो नगरी समृद्धिको यात्रामा लाग्यौ भने छि§नै धेरैको आशा र विश्वासको धरोहर बन्न सक्छ हाम्रो संस्था सिवाईसी साकोस ।

सहकारी विशुद्ध आर्थिक मामला हो यसले हाम्रो भाग्य र भविष्यको फैसला गर्छ । यसका गतिविधिहरुले हाम्रा सन्तति र नयाँ पुस्तामा आशा र उत्साह सृजना गर्नुपर्दछ । शेयर सदस्यहरुले आफुलाई लगानिकर्ताकोरुपमा ठान्नुपर्दछ । लगानिकर्ताका दुईवटा गुण हुन्छन : ऊ आफ्नो भर पर्दछ, कसैको हल्लाको पछाडि लाग्दैन, उसले आफ्नो भाग गर्दछ । निरन्तर बचत गर्दछ, निरन्तर शेयर थप गर्दछ र आत्मनिर्भरताको लागि पर्खन्छ ; अर्काको भर नपरे आफ्नो भर परिन्छ । लगानिकर्ता आत्मनिर्भर हुन्छ आफ्नै खुट्टामा उभिन्छ र ऊ आशमा होइन प्रयासमा बाच्छ । प्रयासमा बाच्नेले पर्खदैन, थाल्दछ । अनावश्यक शंका गर्दैन, आवश्यक आँट गर्दछ र देख्नेले के भन्लान भन्दैन देख्नेलेपनि जान्लान भन्छ । एक्लैको स्व-सहयोगमा, परामुखापेक्षी मिलिजुली सहकारिता होइन भन्ने लागेकाले अनेक आरोप प्रत्यारोप सहेरपनि हामीले सहकारीलाई नीति, विधि र प्रविधिको प्रधानता भित्र सुसञ्चालन गर्न सक्यौ यो हामी सबैको गौरबको विषय पनि हो । अझै केही समय वित्तिय क्षेत्रमा खड्को छ । यो खड्को टार्न हामी सबैको सामुहिकता र निरन्तर वृद्धिको लागी लागिरहनुपर्ने छ । २५ वटा सेवाकेन्द्रका ३०० भन्दा बढि सञ्चालक यसका आधार खम्बा हुन, प्रशस्त कार्यक्षेत्र हाम्रा अवसर हुन । हामीले यो जगतमा देखिएका विकृती अन्त्यका लागि सुनौलो मौका पाएका छौं यसको सदुपयोग गरि इतिहास निर्माण गर्ने मौकाका लागि सबै जुटौं भन्ने हाम्रो अनुरोध हो । आर्थिक पारदर्शिता, मितव्ययिता, इमान्दारिता र लगनशीलता हाम्रा आधारभुत मान्यताहरु हुन । हामीलाई थाहा छ बाहिरबाट हेर्दा हाम्रा योजना र विचार कसैको लागि महत्वकांक्षी र भ्रम जस्तो पनि लाग्न सक्छ । सत्यहो हामी यसको परिभाषा लाई आफ्नो ढङ्गले नियन्त्रणमा लिन सक्ने भएका छौं । बुझेका छौ, **प्रत्येक पाइला अगाडि बढाउनेहरुले नै प्रतिकुलता पनि सगँसँगै निम्त्याउने गर्दछन** । आज संस्थाले प्रतिुलता भित्र अनुकुलता खोजिरहेको छ । यो यसै संभव भएको होइन हरेक शेयर सदस्यको लगानि त्याग धैर्यता र विश्वासको परिणाम हो । हिजो हामीले फराकिलो र गर्विलो बाटो हिड्ने, लक्षित सफलता हात पार्ने दृढ संकल्प राखेका थियौं, आज त्यो सपना साकार बन्दै गएको छ । हामी चौधौं वार्षिक साधारण सभा जहाँ नेतृत्व चयनको क्षणमा पनि उभिएका छौं । जिम्मेवार र कुशल जोखिम वहन गर्न सक्ने सामर्थ्यवान नेतृत्व आजको आवश्यकता हो, जुन नेतृत्वले सिवाईसी मात्र होइन धर्मराएको सहकारी अभियान जोगाउन सुदृढ बनाउन सक्ने नेतृत्व चयनको लागि सदा झै यहाँहरुको महत्वपूर्ण भूमिका रहने विश्वासका साथ यहाँहरुले सुम्पिनुभएको गहन जिम्मेवारी लाई हाम्रो टिमले कुनै कसुर बाँकी नराखी हाम्रो क्षमताले भ्याए सम्म गरेका छौ । बाँकी रहेका कार्यहरु ४ बर्षे रणनीतिक योजना तर्जुमा गरी आउने टिमबाट पुरा हुने विश्वासका साथ हामीलाई सघाउ पुऱ्याउने सबै सबै प्रति हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछौ । व्यक्ति आउछन जान्छन यो प्राथमिक विषय होइन, संस्थाको निरन्तरता प्राथमिक विषय हो । आउने नेतृत्वलाई हामी संस्थागत ढङ्गले निरन्तर सहयोग गर्ने प्रण गर्दछौं । नेतृत्वमा रहदा संस्थाको विधि कार्यान्वयन गराउने क्रममा जानी नजानी कोही कसैको मन दुखाएको रहेछुभने जिम्मेवारीको समाप्ती

सँगै त्यसलाई बिर्सनुहुन अनुरोध गर्दछु। त्यसमा मेरो कोही कसैप्रति आग्रह,पूर्वाग्रह र कुण्ठा थिएन, छैन र रहदैन पनि। सल्लाहकारज्यूहरु, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति सेवाकेन्द्र सञ्चालन तथा व्यवस्थापन उपसमिती लगाएत सम्पूर्ण समिती, उपसमिती, कर्मचारी साथीहरु, अभियान र अभियानका साथीहरुको अविस्मरणीय साथ सहयोगले विषमता र परिस्थितिका जटिलतालाई सहज ढंगले सामना गर्न सकेउ यो सबै यहाँहरुकै माया र विश्वासका कारणले संभव भएको हो त्यसैले सबैमा यो क्षणमा एक पटक सबै सबै प्रति नमन गर्दै आउने नेतृत्वलाई यहाँहरुको निरन्तर अझै बढि साथ सहयोग रहने विश्वास राखेको छु।

अन्तमा,

चौधौ वार्षिक साधारण सभाको अवसरमा प्रकाशन हुन लागेको संस्थाको मुखपत्र सहीबाटोले साच्चै सही बाटो प्रदान गरोस आवाज दबिएका, वित्तीय पहुँचबाट टाढा रहेका व्यक्ति र ग्रामीण विपन्न समुदायमा सिवाईसीरुपी दिप प्रज्वलन गर्न सफल रहोस। जसरी हामी मिलेर कोभिड १९ लाई परास्त गरेउ त्यसरीनै अहिलेको तरलताको समस्या समाधान गर्न सकौं। शुभ दिपावली २०८०, छठ पर्व र नेपाल सवंत का अवसरमा हामी सबैको भलो होस, प्रगति होस, गरीबीको अँध्यारो हटी समृद्धिको वातावरण सृजना होस भन्दै लेखनलाई स्थगन गर्दछु।

**जय सिवाईसी, जय सदस्य, जय अभियान**



(चण्डिप्रसाद शर्मा पौडेल)
अध्यक्ष

मिति २०८०/०४/०१

## समय सन्दर्भ

**बागलुङ जिल्लाको सहकारी अभियानमा सदस्या देखिदासाथ संस्थाका अध्यक्ष श्री चण्डिप्रसाद शर्मा पौडेल ज्यूद्वारा सामाजिक संजालमार्फत सदस्यहरुमा गराउनुभएको स्मरण :**

## सहकारीलाइ किन भुल्नुभयो ? भुल्नेहरुलाई बिषेश अनुरोध

१. तपाईंको भविस्यको योजनाका लागि कसैले तपाईंलाई बिश्वास नगर्दा सहकारीले बिश्वास गरेर कर्जा दिएको भुल्नु भयो ?
२. तपाइको घर जग्गा जोड्न र छानो हाल्दा सहकारीले बिश्वास गरेर कर्जा दिएको भुल्नु भयो ?
३. जागिर गर्न सवारि किन्न सहकारीले बिश्वास गरेर कर्जा दिएको भुल्नु भयो ?
४. तपाइको ईज्जत् ढाक्न शुभ कार्य बिहे बर्तबन्ध गर्ने बेला सहकारीले बिश्वास गरेर कर्जा दिएको भुल्नु भयो ?
५. भाडा नतिर्दा घरबेटीले चाबी लगाएको दिन सहकारीले बिश्वास गरेर कर्जा दिएको भुल्नु भयो ?
६. छोराछोरीको फि तिर्न नसक्दा सहकारीले बिश्वास गरेर कर्जा दिएकोभर्ना हुन नसक्दा भर्ना गर्न पैसा दिएको भुल्नु भयो ?
७. व्यापार ब्यबसाय लगानी अभावमा सहकारीले बिश्वास गरेर कर्जा दियर एक छाक खान पुग्ने बनाइदिएको भुल्नु भयो ?
८. पहिले मलाई सहकारीले सहयोग गर्यो अहिले मैले कसरी सहयोग गर्नु पर्छ भन्ने कुरा भुल्नु भयो ?
९. तपाइको छोराछोरिलाई विदेश पठाउन सहकारीले सहयोगले गरेको दिन भुल्नु भयो ?
१०. आज जुन ठाउमा हुनुहुन्छ त्यो एक खुड्किलो सहकारी हो भन्ने कुरा भुल्नु भयो ?
११. पहुच र ठुला घरनाले खर्ब कर्जा लिदा तपाईले लाख नपाएको दिन सहकारीले बिश्वास गरेर कर्जा दिएको भुल्नु भयो ?
१२. सहकारीको सहयोगले बिदेश गयको छोराले कमाएको पैशा सहकारीमा राख्नु पर्छ भन्ने कुरा किन भुल्नु भयो ?
१३. म संचालक र सदस्य भएको सस्थामै कारोबार गरेर सस्था बलियो गराउनु को सट्टा बढी ब्याजको लोभ गर्दा सावानै डुब्छ भन्नेकुरा भुलेर किन मानसिक रोगी बन्नु भयो।
१४. हजुरको घरमा दुख सुख पर्दा सघाउन आउने र गुणस्तरीय जीवन बिताउन मदत गर्ने सहकारी हुन भन्ने बिर्सेर अप्ठेरोमा पैसा नचाइएको बेला आफ्नो सस्थालाइ मदत गर्नुको सट्टा पैसा झिक्न दौडेर आफु मालिक हु र सस्था मेरो हो भन्ने किन भुल्नु भयो।
१५. फेरि बैंक र मिटर ब्याजिले रूवाउने दिन आउदैछ असजिलोमा सहकारी चाहिन्छ त्यो कुरा किन भुल्नु भयो ?
१६. पैसा झिकेर बिकास बैंक बाणिज्य बैंक र नेपाल बैंकमा राख्ने सहकारी बाट लगेको ऋणलाई ससुराली ले टिको लायरल दिएको पैसा जस्तो ठान्ने अनि त्यही सहकारी लाई सत्तोसराप गर्ने यो सदस्यले दुख गरेर कमाएको पैसा हो समयमै तिर्नुपर्छ बाटोमा बसेर आफै सदस्य भएको सस्थाको बारेमा यथार्थ नबुझी अनावश्यक कुरा बोल्नु हुन्न भन्ने किन बिर्सनु भो?
१७. सहकारीमा बसेर किर्नाले झैं चुसेर अघाएपछि सत्तोसराप गर्ने, सहकारीमा शेयर सदस्य बनेर सहकारी लाई विश्वास नगर्ने र सहकारी चाख्दै हिड्ने हरूलाई सहकारीमा आवद्ध भैरहने नैतिक अधिकार हुंदैन। आजभोलि त्यस्ता प्रवृत्ति देखिन थालेकोले सबै सहकारीकर्मीहरू सचेत हुंदै त्यस्ता प्रवृत्तिलाई बेलैमा सचेत गर्दै आवश्यकता परे पाखा लगाउनु पर्छ भन्ने किन भुल्नु भयो?

**सहकारी हिजो आवश्यक भयो ! आज असहज होला भोलि आवश्यक पर्नेछ ! धैर्य गरौ !**

**सबैले सबैलाई सहयोग गरौ ! जय सहकारी !!!**

# सिवाईसी बचत तथा ऋण सहकारी संस्था लिमिटेड बागलुङको १४ औं वार्षिक साधारण सभामा संस्थाको तर्फबाट संस्थाका सचिव श्री जयराम भारीज्यूबाट प्रस्तुत आ.व. ०७९/०८० को प्रगति प्रतिवेदन र आ.व. ०८०/०८१ को प्रस्तावित नीति तथा कार्यक्रम

अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, विशिष्ठ अतिथिज्यूहरु, आदरणीय सल्लाहकारज्यूहरु, सञ्चालक समितिका पदाधिकारी सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजक एवम् सदस्यज्यूहरु, विभिन्न संघ संस्थाहरुबाट अतिथिको रुपमा पाल्नु भएका अध्यक्ष तथा प्रतिनिधिज्यूहरु, पत्रकारज्यूहरु आदरणीय सभासद शेयर सदस्यज्यूहरु, कर्मचारी व्यवस्थापन र उपस्थित सम्पूर्ण महानुभावहरु सम्पूर्णमा म संस्थाको सचिवको नाताले हार्दिक स्वागत अभिवादन व्यक्त गर्न चाहन्छु।

सिवाईसी वचत तथा ऋण सहकारी संस्था लि. बागलुङको १४ औं वार्षिक साधारण सभामा संस्थाको तर्फबाट आ.व. ०७९/०८० को प्रगति प्रतिवेदन र आ.व. ०८०/०८१ को प्रस्तावित नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी र गौरवान्वित भएको छु।

सहकारिका सिद्धान्त, मूल्य, मान्यता, सुशासनलाई आत्मसात गरि व्यवसायिक तवरले अघि बढाउदैं सामाजमा रहेको पूँजिलाई बचत तथा शेयरको माध्यमबाट संकलन र ऋणको रुपमा परिचालन गरि सदस्यहरुको आर्थिक, सामाजिक, सास्कृतिक एवं वातावरणीय विकास र गुणस्तरिय जिवनयापनमा सकारात्मक परिवर्तन ल्याउने अभिप्रायले मातृ संस्था सिवाइसी नेपालको पहलमा मिति २०६६।१२।२६ का दिन डिभिजन सहकारी कार्यालय बागलुङमा दर्ता नं. ४८४ मा दर्ता भई वि.स. २०६७/०६/२२ गते घटस्थापनाको दिनबाट आफ्नो कारोवारलाई अगाडि वढाएको यो संस्था विभिन्न चुनौति, आरोह अवरोह र बाधाहरुलाई पार गर्दै निहित उद्धेश्य परिपूर्तिका लागि अटल रुपमा सहकार्यको १४ बर्षे यात्रामा आईपुगेको छ। यस क्षेत्रमा एउटा फरक ढंगको सहकारी संस्थाको स्थापना गर्ने लक्ष्यलाई केन्द्रबिन्दुमा राखि पूँजि निर्माणका लागि एकै दिन ८० जनाले १/१ लाख रकम जम्मा गरेर '**हुने खानेको पैसा हुँदाखानेमा पुऱ्याउने, हुँदा खानेलाई हुने खाने बनाउने**' महान सोचका साथ शुरु गरिएको सिवाईसी साकोस रुपी अभियान शेयर सदस्य महानुभावहरुले देखाउनुभएको माया, विश्वास, भरोसा र धैर्यताले आज एक सक्षम, दिगो, प्रतिस्पर्धि वित्तिय सहकारी संस्थाको गर्विलो पहिचान बनाउन सफल भएको छ।

संस्थाले आफ्ना कार्यक्रमहरुलाई दीगो, प्रतिस्पर्धी, सुरक्षित, बलियो र भरपर्दो बनाउनका लागि एसियाली ऋण महासंघद्वारा विकास गरीएको तथा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.(नेफ्स्कून)को प्राविधिक सहयोगमा सञ्चालित एक्सेस ब्राण्डिङ कार्यक्रममा मिति २०७०।०१।०५ गते देखि आबद्ध गराउदैं एक्सेसको नियमानुसार सदस्यको दृष्टिकोणमा उत्कृष्ट सेवा दिने, वित्तीय रुपमा स्वस्थ र सुरक्षित रहने, आन्तरिक व्यवसायिक रुपमा प्रतिस्पर्धी क्षमता विकास गर्दै निरन्तर सिकाई तथा वृद्धिका साथ कार्य प्रक्रिया अगाडि बढाउदैं आएको छ। साथै संयुक्त राष्ट्रसंघले सन् २०१६ देखि २०३० लाई दीगो विकास लक्ष्य र गन्तव्य (SDG) ले अबलम्बन गरेका मानव जीवनको विकाससँग सम्बन्धित १७ वटा लक्ष्यहरु प्राप्तिका लागि जोड दिदैं आएको यस संस्था नेपाली सहकारी अभियानमा सहकारीकर्मीहरुले अबलोकन गरि सिक्ने सिकाउने एक सिकाईथलोको रुपमा विकसित भएको छ। विश्वभरि प्रजातन्त्रको उत्कृष्ट मोडलको रुपमा लिईने सहकारी नेपालमा वि.सं. २०१३ साल चैत्र २० गते चितवनको बखान सहकारीको स्थापनाबाट शुरु भएको सहकारी अभियानमा आजको दिनसम्म आईपुग्दा करिब ३० हजारभन्दा बढि संस्थाहरु पुगेका छन्। सदस्यहरुको नियन्त्रण र स्वनियमनमा चल्ने सहकारी संस्थाहरुको स्थापना र प्रबर्द्धनमा सहकारी ऐन २०४८ को महत्वपूर्ण भुमिका रहन गयो। नेपालमा गणतन्त्रको स्थापनासँगै संघिय सहकारी ऐन २०७४ र नियमावली २०७५ जारी भए पश्चात ७ वटा प्रदेश सहकारी ऐन, ७५३ वटा पालिकाहरुको सहकारी ऐन, विभिन्न नियमावली तथा मापदण्डहरु जारी भई कार्यान्वयनमा रहेका छन्।

**अध्यक्ष महोदय, आदरणीय शेयर सदस्य महानुभावहरु,**

राष्ट्रिय एवं अन्तराष्ट्रिय रुपमा कोभिड महामारी पश्चात समग्र अर्थतन्त्रमा देखिएको मन्दीको प्रभाव सबै क्षेत्र र तहहरुमा देखापरेको छ। २ वर्ष कोभिड महामारीले आक्रान्त अर्थतन्त्र रसिया र युक्रेन युद्धका कारण जटिल अबस्थामा पुगेको विषय सबैको जानकारीमा नै छ भने अहिले भईरहेको ईजरायल र

प्यालेस्टाईन युद्ध चर्कदै जाँदा कतै विश्व युद्ध तर्फ मोडिने त होइन भन्ने संशय पैदा भइरहेको छ। नेपाली अर्थतन्त्र आयातमुखि रहेको कारण अन्तराष्ट्रिय बजारबाट आउने इन्धन, खाद्यबस्तु लगायतका सामानहरुको मुल्यबृद्धि हुदाँ एकातर्फ राज्यको डलर संचिती घट्दै गयो भने अर्को तर्फ बस्तु तथा सेवाको प्राप्तीका लागि मंहगो मूल्य तिर्नुपर्दा जनस्तरमा क्रयशक्ति घट्न गयो । राज्यमा डलरको संचिती व्यापक घट्न थाल्दा सुधारका लागि राज्यले आयातमा कडाई गरेसँगै यसले बजारको व्यापार, आम्दानी, उपभोग लागयतको चक्र खलबलिदाँ समग्रमा अहिलेको समस्या देखिन गएको छ। यस्तो परिवेशमा बैंक वित्तिय संस्थाको ऋण असुली एवं भुक्तानीमा समस्या, अर्थतन्त्रको चक्रिय प्रभावले बेरोजगारीमा बृद्धि, क्रयशक्तिमा ह्रास, राज्यको पूँजिगत खर्च न्यून लगायत सबै तिर केहि न केहि समस्या सिर्जना भएको छ। देशको समग्र अर्थतन्त्रमा परेका विविध समस्या र तिनिहरुको प्रभाव स्वरुप बैंक वित्तिय संस्थामा तरलताको अभाव हुनु, व्यापार व्यवसायमा मन्दि देखिनु, सर्वसाधारण व्यक्तिहरुको आयमा कमि आउनु, घरजग्गा कारोबारमा शिथिलता देखिनु, पूँजि पलायन, वित्तिय संस्थाहरुबाट बचत फिर्ता लिई घरमा संचित गर्नु, व्यवसायिक क्षेत्रमा पूँजिको थप लगानी नहुनु जस्ता अबस्थाहरु देखा परेका छन्। अर्थतन्त्रमा आएका समस्याहरुबाट सहकारी क्षेत्र पनि अछुतो रहन सकेन, जसले गर्दा सहकारी संस्थाहरुमा न्यून तरलताको अबस्था आई बचत फिर्तामा कठिनाई र ऋण असुलीमा उच्च गिरावट देखिन पुग्यो । गरिवी निवारणको अचुक अस्त्रको रुपमा रहेको सहकारी क्षेत्रलाई केहि व्यक्ति र प्रवृतिहरुले सहकारी नामको बोर्ड राखेर नाफा कमाउने थलोको रुपमा प्रयोग गर्न खोज्दा अर्थतन्त्रमा आएको मन्दिका कारण बचत नै फिर्ता गर्न नसक्ने अबस्थामा पुगि संस्था नै बन्द गरेर संचालक र कर्मचारीहरु सम्पर्क बिहिन हुने परिदृष्यहरु देखा पर्न थाले। यहि परिवेशमा केहि सिमित संस्था र व्यक्तिहरुका कारण समग्र सहकारी अभियान प्रति नै व्यापक अविश्वास देखा परेको छ। बैंकमा ग्राहक एवं बचतकर्ता हुन्छन् भने सहकारीका सदस्य हुन्छन् भन्ने सहकारीको सामान्य सिद्धान्तलाई समेत ख्याल नगरि एकातर्फ उच्च व्याजको प्रलोभनमा पारी ठुलो ठुलो निक्षेत संकलन गरि व्यक्तिगत व्यवसाय तथा व्यक्तिगत घरजग्गा खरिदमा उक्त पूँजिको परिचालन र अर्कोतर्फ आफु शेयर सदस्य रहेको संस्थाहरुमा सामान्य वित्तिय कारोबार पनि नगर्ने तर आफु सदस्य नै नरहेको उच्च व्याजको प्रलोभन दिने सहकारीहरुमा ठुलो ठुलो बचतको कारोबार गर्ने प्रवृतिले समग्र सहकारी अभियानलाई नै बदनाम गर्न ठुलो भुमिका खेलेको देखियो। सहकारी क्षेत्रमा देखिएका यावत  विकृती, विसंगती, निरासा र अविश्वासले सिंगो अभियानमा आघात पुगिरहेको वर्तमान अवस्थामा पनि गुणस्तरीय सेवा र सदस्य सन्तुष्टिलाई केन्द्रमा राखी प्रभावकारी र सदस्यमैत्री सेवा प्रवाहमा विशेषतः नीति, विधि र प्रविधिको प्रधानता भित्र रहि संस्था संचालक र व्यवस्थापन टिम सशक्त रुपमा लागिरहेको छ भने यस्तो विषम परिवेशमा संस्थाका सदस्य महानुभावहरुले देखाउनु भएको धैर्यता, संस्था प्रतिको माया र अटल विश्वासले वर्तमान अबस्थामा कायम रहेको चुनौतिहरुलाई सहजै सामना गर्दै संस्थाले आफ्ना गतिविधीहरुलाई निरन्तर अगाडी बढाउन सक्षम भइरहेको छ।

**अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, उपस्थित शेयर सदस्य एवं सम्पूर्ण महानुभावहरु,**

दशौं बार्षिक साधारण सभा र चौथो अधिवेशनबाट यहाँहरुले हामिलाई दिनुभएको जिम्मेवारीलाई आत्मसाथ गर्दै हाम्रो ज्ञान, सिप र क्षमताको अधिकतम प्रयोग गरि संस्थाको समग्र विकास र प्रबर्द्धनमा निरन्तर लागीरहेका छौं । हिजो हामिले संस्था स्थापना गर्दाका बखतमा रहेको सहकारी ऐन, परिवेश, बातावरणमा र काम गर्ने शैलि एवं प्रक्रियाहरुमा निकै परिवर्तन आईसकेको अबस्था छ। फेरिदै गएको परिवेश, ऐन नियम, डिजिटल बैकिङको व्यापकता, वातावरणीय अबस्था आदिलाई मध्येनजर गरि हाम्रा कार्यक्रम तथा सेवाहरुलाई संस्थागत गराउदै डिजिटल युग र परिबेश अनुकुल परिमार्जन गर्दै अझै उन्नत र परिस्कृत बनाउदै स्थानिय स्तरबाट छिटो र सर्वसुलभ सेवा प्रबाहमा निरन्तर क्रियाशिल रहिआएका छौं । सहकारी संस्थाहरु उत्कृष्ट र फरक ढंगबाट नाफामुखि मात्र नभई सेवामुखि भएर सामाजिक व्यवसाय गर्ने संस्थाहरु हुन भन्ने सहकारीको मुल मर्मलाई आत्मसाथ गरि अगाडी बढिरहेको यस सिवाईसी साकोस रुपी अभियान आज केन्द्रीय कार्यालय र २५ सेवाकेन्द्रसहित २६ वटा कार्यालयमार्फत साविकको धवलागिरी अञ्चललाई कर्मथलो बनाई अगाडी बढिरहेको छ। सबै मिलेर यो अहिलेको जटिल आर्थिक संकट एवं विषम परिस्थितिको धैर्यतापूर्वक सामना गर्न सहकारीको सिद्धान्त र मर्म अनुरुप आफु नै सदस्य रहेको सहकारी संस्थाबाट निरन्तर वित्तिय कारोबार र सहकार्यका लागि सम्पूर्ण शेयर सदस्यज्यहरुलाई आग्रह एवं अनुरोध गर्दछौं।

**अध्यक्ष महोदय,**

आ.ब.०७९/८० को असार मसान्त पश्चात हुदैं तेह्रौं वार्षिक साधारण सभा सम्पन्न भए देखि २०७९/०८० आषाढ मसान्तसम्म भए गरेका कार्यहरुको प्रगति संक्षेपमा निम्नानुसार क्रमिक रुपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु :-

१) सांगठनिक स्वरुप

सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि. बागलुङमा १३ जनाको सञ्चालक समिति, ३ जनाको लेखा तथा सुपरीवेक्षण समिति, १३ जना सल्लाहकार , विभिन्न विषयमा १६ वटा उपसमिति, २४ वटा सेवाकेन्द्र संचालन तथा व्यवस्थापन उपसमिति, २५ वटा सदस्य सेवाकेन्द्र, १ वटा मुख्य कार्यालय र २५ वटै सेवाकेन्द्र मार्फत संगठित रुपले सम्पूर्ण वित्तिय र गैर वित्तीय सेवा प्रवाह तथा सांगाठनिक गतिविधिहरुमा संलग्न रहेको छ। सांगठनिक ढाचा निम्न बमोजिम रहेको व्यहोरा अनुरोध गर्दछु।




२) **समिति तथा उपसमिति बैठक :**

संस्थाको संचालक समितिको बैठकहरु २०७९ श्रावण १ गते देखि २०८० असारमसान्तसम्म १३ वटा बैठक बसी संस्थागत बृद्धि विकासका लागि विभिन्न रचनात्मक निर्णयहरु भएका छन् । संस्थाको व्यवसायीकता प्रवर्द्धन, संस्थागत सुदृढीकरण, नीति नियमहरुको तर्जुमा तथा संशोधन लगाएत समुचित कार्यहरु गर्दै लागि संचालक समितिको बैठकलाई प्रभावकारी बनाईएको छ। जसले संस्थाको ओज तथा प्रतिष्ठामा बृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। त्यसैगरि लेखा सुपरीवेक्षण समितिको बैठक ४ पटक, ऋण उपसमितिको बैठक ३१ पटक, शिक्षा उपसमिति बैठक ३ पटक, एक्सेस कार्यदलको बैठक २ पटक, पदपुर्ति उपसमितिको बैठक ८ पटक, खरीद उपसमितिको बैठक ४ पटक, पुरस्कार तथा सम्मान उपसमितिको बैठक १ पटक, सेवाकेन्द्र संचालन तथा व्यवस्थापन उपसमिति बैठक आफ्नो सेवाकेन्द्रमा नियमित रुपमा बसि विभिन्न रचनात्मक र महत्वपूर्ण निर्णयहरु भएका छन् ।

३) **संस्थागत आबद्धता :**

यस संस्थालाई स्थानीय स्तरबाट जिल्ला, राष्ट्रिय हुँदै अन्तराष्ट्रिय स्तरसम्म पुऱ्याउनको लागि निम्नानुसारका सहकारीका छाता संघ/संगठनहरुमा आबद्ध गराउने कार्य गरिएको छ।

| क्र.सं. | आबद्ध संघ/संस्था | आबद्ध मिति | सदस्यता नं. |
|---|---|---|---|
| १. | जिल्ला बचत तथा ऋण सहकारी संघ लि., बागलुङ | २०६८/०३/१२ | १४ |
| २. | जिल्ला सहकारी संघ लि., बागलुङ | २०६५/०१/१३ | १९ |
| ३. | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. | २०६८/०३/१२ | ८७७ |
| ४. | राष्ट्रिय सहकारी बैंक लि., काठमाडौं | २०६७/०८/०८ | २६४९ |
| ५ | स्वाबलम्बन विकास केन्द्र, काठमाडौं | २०७१ | २७ |

४) **शेयर सदस्यता एवं सेवाकेन्द्रको संक्षिप्त जानकारी**

यस साकोसको केन्द्रिय कार्यालय र २५ वटा सेवाकेन्द्रमा २०८० असार मसान्तसम्ममा २५०७३ जना शेयर सदस्य र ४४६३ बालबचतकर्ताहरु आवद्ध भएका छन् । सेवाकेन्द्र बमोजिम संक्षिप्त विवरण देहाय बमोजिम रहेको छ ।

| सेवाकेन्द्र विवरण | स्थापना मिति | बैठक संख्या | सदस्य संख्या | बाल बचतकर्ता संख्या | शेयर पूँजि | बचत रकम | ऋण लगानी | आर्थदैहिक संख्या | सुत्केरी पोषण संख्या | पेन्सन सदस्य संख्या | कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| केन्द्रीय कार्यालय | २०६६/१२/२६ | १३ | २५०७३ | ४४६३ | ३,९४,४४४,००० | १३८४५७१५८६ | १,४५,९३,७९,११९ | ४१० | २७३ | १०१ | ८ |
| मुक्तिनाथ स.से.के. | २०६८/०४/०१ | ० | २८८४ | ३३२ | ११,९९,०८,७०० | ४७६,८४३,५५९ | ३५,२५,२६,१४९ | ३६ | २० | ४० | १२ |
| उघमशिल स.से.के. | २०७१/०७/०३ | १२ | १६७५ | ५५९ | १,९२,८९,३०० | १३,५९,७१,९३७ | ६,५३,२१,८१२ | २३ | १७ | ८ | ४ |
| कल्याणकारी स.से.के. | २०७१/०६/०९ | ९ | १५८२ | २४४ | २,२६,७३,५०० | ८२,२९८,७९२ | ५,३६,०१,२९७ | २० | १९ | २९ | ३ |
| गलकोट स.से.के. | २०७२/१२/२५ | १५ | २१०१ | ७८१ | ३,७२,०४,७०० | १३७,३५४,९२४ | २१४,०९९,६२२ | ६७ | १९ | ० | ७ |
| ढोरपाटन स.से.के. | २०७३/०१/१८ | १२ | १२१४ | १८७ | २,२३,९५,४०० | ६०,१२२,५२५ | १४०,०२५,३३१ | १५ | ८ | १ | ५ |
| जैमिनी स.से.के. | २०७३/०५/०१ | १० | १२३९ | १०८ | १०,६६५,००० | ५८,५६८,२१२ | ४१,५८२,६६६ | २० | १५ | ५ | ३ |
| बरेङ स.से.के. | २०७३/०८/०५ | १० | ९५१ | १३९ | ७,२३१,३०० | ३५,७१५,७०८ | ३३,३२४,६७४ | ३१ | ८ | १ | २ |
| दगा स.से.के. | २०७५/०१/२० | ११ | १०२१ | ११८ | ९,२१८,७०० | ३०,७७०,८६९ | ९०,९००,३६८ | ८६ | २९ | ४ | ४ |
| नमुना स्वा स.से.के. | २०७६/०३/०१ | १६ | ७४१ | ८४ | ११,२८३,५०० | ३०,१५६,३५९ | ४६,७११,४६९ | ३ | २ | ३ | ३ |
| नवमालिका स.से.के. | २०७६/०३/१५ | १२ | १०४४ | ३९८ | ७,२९२,७०० | ३२,०४७,५१३ | ४७,७०३,१८९ | २४ | २६ | १ | ३ |
| अक्षोते स.से.के. | २०७६/१२/०७ | ११ | ५२६ | ८६ | ४,५५७,१०० | ११,४७२,६८५ | २३,६४०,७५० | २९ | ११ | ० | ३ |
| निरुखोला स.से.के. | २०७७/१०/०७ | ३ | ८५२ | ११० | ८,९८८,२०० | १८,६८१,८१४ | ३४,४६६,६९० | ४९ | ३१ | ४ | ३ |
| तागानखोला स.से.के. | २०७७/१०/०८ | ५ | ६७६ | ८८ | ६,५५३,१०० | १५,८६७,६९३ | २१,०९७,९३९ | ३८ | २२ | ० | ३ |
| काडेबास स.से.के. | २०७७/१०/१७ | १५ | १००९ | ३३२ | ७,२७५,५०० | ५४,५०६,५७७ | ३०,४७४,५३२ | ३ | १२ | ० | ४ |
| बेनी स.से.के. | २०७७/१०/२० | १२ | ८९६ | १०६ | २१,४४३,३०० | ४१,५७६,५२९ | २१,५८३,५०० | १६ | १६ | ० | ४ |
| गुप्तेश्वर स.से.के. | २०७७/१०/२२ | २३ | ११७१ | ११० | २१,३४२,४०० | ३०,२१४,९८६ | ४२,१७६,०७६ | २२ | १० | ० | ५ |
| अर्जेवा स.से.के. | २०७७/१०/१९ | १६ | ६८१ | १६१ | ८,९२३,७०० | १८,४९९,२४१ | १४,५४३,९५३ | १३ | ५ | ० | २ |
| मंगल स.से.के. | २०७७/१०/१९ | ११ | ५८४ | १०४ | ६,९७८,६०० | २०,९२०,४९७ | ९,३९९,७८४ | १६ | ५ | ० | २ |
| बलेवा स.से.के. | २०७७/१०/२५ | ९ | ५१२ | १६ | ६,१५२,८०० | १५,४८१,२६१ | २,९५६,३१५ | १५ | ५ | ३ | २ |
| तिरुपती स.से.के. | २०७७/११/०४ | १३ | ५३० | १५६ | ६,६०४,५०० | २२,९६५,३९७ | १५,७५८,४५३ | १५ | १४ | ५ | २ |
| गुलपानी स.से.के. | २०७७/११/०४ | ७ | ४१८ | १४८ | २,८८८,००० | ८,१७९,४२८ | ७,६१६,८८४ | ११ | ५ | १ | २ |
| तंग्राग स.से.के. | २०७७/११/०४ | ५ | ३६९ | ६३ | ३,१४३,८०० | ८,११५,८३० | १५,६२९,६३२ | १७ | १९ | ० | २ |
| बगैचा स.से.के. | २०७८/०१/०१ | १३ | ५५७ | ८५ | ५,५७४,३०० | १६,६२०,०४२ | ८,९८१,४१४ | १५ | ८ | ० | २ |
| पञ्चकोशी स.से.के. | २०७८/११/१३ | १८ | ४५७ | ३९ | ५,३६३,३०० | ६,९७१,१८६ | १३,९७२,५५० | १८ | ९ | ० | ३ |
| जलजला स.से.के. | २०७८/११/१८ | २२ | ३५० | १५ | ४,६७९,००० | १८,२६८,४६४ | ३,९९१,३४२ | ६ | १० | ० | ३ |
| जम्मा | | | २५०७३ | ४४६३ | ३९४४४४००० | १,३८,४५,०१,५८६ | १,४५,९३,७९,११९ | ४१० | २७३ | १०१ | ९७ |

५) **प्रशासनिक स्वरुपः**

संस्थाको कर्मचारी संगठन तालिकामा समय सापेक्ष परिमार्जन गर्दै लगिएको छ भने राम्रो कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई बढुवा गरिएको छ। संस्थामा प्राविधिक तहका सुरक्षा गार्ड, सवारी चालक देखि दशौं तहका प्रमुख कार्यकारी अधिकृतसम्म विभिन्न तह र जिम्मेवारीमा गरी २०८० असार मसान्तसम्म ९७ जना पुर्णकालीन कर्मचारीहरु कार्यरत रहेका छन्।

६) **एक्सेस ब्राण्डिङ कार्यक्रमः**

संस्थाका सेवाहरुलाई गुणस्तरीय र प्रभावकारी वनाई संस्थाको स्तरोन्नति गर्नका लागि एसियाली ऋण महासंघद्वारा प्रतिपादन गरी नेफ्स्कुन मार्फत ४ वटा क्षेत्र वित्तीय परिवेस, सदस्य परिवेस, आन्तरिक व्यावसायिक परिवेस एवं सिकाई र वृद्धिको परिवेसमा ८६ वटा सूचकांकहरुलाई हाँसील गरी व्राण्ड प्राप्तीका लागि संस्था निरन्तर क्रियाशिल रहेको छ।

७) **नीति नियम विकास र परिमार्जन :**

संस्था नीति विधि र प्रविधिबाट सञ्चालीत हुनुपर्दछ भन्ने हाम्रो प्रतिवद्धता अनुरुप हालसम्म ४३ वटा नीति निर्देशिका र कार्यविधिहरु बनाई लागु गरिएको छ।

१. संस्थाको विनियम-२०६६
२. बचत नीति-२०६६
३. ऋण लगानी तथा असुली नीति-२०६६
४. आर्थिक प्रशासन नियमावली-२०६७
५. कर्मचारी प्रशासन नियमावली-२०६७
६. जीवन आवास तथा सामाजिक सुरक्षा कोष कार्यान्वयन निर्देशिका-२०६७
७. सदस्यता नीति-२०६८
८. वाल वचत निति -२०६८
९. तरलता तथा श्रोत व्यवस्थापन निर्देशिका-२०६८
१०. निर्वाचन निर्देशिका-२०६९
११. स्वरोजगार ऋण कार्यान्वयन तथा अनुगमन निर्देशिका-२०६९
१२. असल सदस्य पहिचान निर्देशिका-२०७०
१३. सभा सञ्चालन कार्यविधि -२०७०
१४. गल्ती व्यवस्थापन निर्देशिका-२०७०
१५. ऋण लगानी कार्यविधि -२०७०
१६. सुशासन तथा समिति उपसमिति परिचालन नीति-२०७०
१७. सदस्यसंगको व्यवहार सम्वन्धी निर्देशिका-२०७०
१८. भुक्तानी कार्यविधि-२०७०
१९. जोखीम व्यवस्थापन नीति-२०७०
२०. पोशाक र परिचय-पत्र व्यवस्थापन निर्देशिका-२०७२
२१. सदस्यता प्रदान कार्यविधि-२०७२
२२. सोधपुछ र टेलीफोन सञ्चालन निर्देशिका-२०७२
२३. ३६५ दिने तथा सन्ध्याकालिन काउण्टर संचालन कार्यविधी २०७३
२४. सेवाकेन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका-२०७३
२५. लेखा तथा सुपरिवेक्षण समितिको कार्यविधि-२०७४
२६. मूल्य निर्धारण तथा वितरण कार्यविधि-२०७४
२७. संरक्षित पूँजि कोष कार्यान्वयन निर्देशिका-२०७४
२८. सवारी साधान परिचालन तथा व्यवस्थापन निर्देशिका -२०७४
२९. स्वयंसेवीहरुको सेवा सुविधा सम्वन्धि निर्देशिका-२०७४
३०. कर्मचारीहरुको सेवा सुविधा सम्वन्धि निर्देशिका-२०७४
३१. सहकारी आचारसंहिता २०७०
३२. सम्पती शुद्धिकरण सम्बन्धी कार्यविधि २०७४

३३. बाह्य ऋण नीति २०७४

३४. सुचना प्रविधि निति २०७६

३५. कार्यालयको सेवा घरवाट संचालन कार्यविधि-२०७७

३६. महामारी, संक्रमण तथा बिपद व्यवस्थापन निर्देशिका-२०७६

३७. सेवाकेन्द्र मुल्याङ्कन निर्देशिमा - २०७६

३८. पुराना कागज धुल्याउने निति - २०७७

३९. आन्तरिक निरीक्षण निर्देशिका-२०७७

४०. स्वयंसेवक तथा प्रशिक्षार्थी (ईन्टर्नसिप) सम्बन्धि निती-२०७७

४१. ए.टि.एम संचालन कार्यबिधि-२०७७

४२. बाल क्लब गठन तथा संचालन निर्देशिका २०७७

४३. अभियान संचालन निर्देशिका २०७९

८) **सदस्यहरुको सुझाव, गुनासो तथा पृष्ठ पोषणको सम्वोधन :**

हकवालाहरुको राय-सल्लाह, सुझाव, प्रतिकृया एवम् गुनासोहरुलाई सम्वोधन गर्नका लागि मुख्य र सेवाकेन्द्र कार्यालयहरुमा सुझाव रजिष्टर, सुझाव पेटीका, ईमेल, ईन्टरनेट, फेसबुक, वेभसाईट र स्थलगत रुपमा राय सल्लाह लिने जस्ता कार्यहरु गरिएको छ।

९) **कार्यालय व्यवस्थापन र नियमित सेवा :**

सदस्यहरुको वित्तीय र गैर वित्तीय आवश्यकताहरुको समाधान गर्न सक्ने गरि संस्थाको कार्यालयलाई अत्याधुनिक र व्यवस्थित वनाईएको छ। मोबाईल बैकिङ, ए.टि.एम., मिस्डकल, क्यु.आर कोड, ई-टेलरको शुरुवातसँगै डिजिटल सेवा मार्फत ३६५ दिन नै कारोबार हुने व्यवस्था गरिएको छ। संस्थाको वित्तिय कारोवारको लेखा व्यवस्थापन सफट्वेयर प्रणालीबाट गरिएको छ। हाललाई केन्द्रिय कार्यालय, हटिया सेवाकेन्द्र र बुर्तिबाङ सेवाकेन्द्रमा बजारबाट बचत तथा ऋण संकलन कार्य ट्याबलेट मार्फत गर्ने व्यवस्था मिलाईएको छ। सदस्यले संस्थाका जुनसुकै कार्यालय तथा सेवा केन्द्रबाट नियमानुसार जति पनि रकम राख्न र झिक्न पाउने गरि निशुल्क ए.बि.बि.एस. सेवा उपलब्ध गराईएको छ।

१०) **सूचना, प्रकाशन र प्रचार प्रसार :**

संस्थाका सेवा तथा उत्पादनहरुको व्यापक रुपमा प्रचार प्रसारका लागि निम्नानुसारका कार्यहरु सम्पन्न गरिएको छ :

क) बचत तथा ऋणको उत्पादनहरुका ब्रुसर तथा फल्येर तयार पारी प्रकाशन र प्रचार-प्रसार गरिएको छ।

ख) सहकारीका गतिविधिहरु समेटी भित्तेपात्रो प्रकाशन गरिएको छ।

ग) संस्थाका सञ्चालक, कर्मचारी र संस्थासंग सम्वद्ध व्यक्तिहरुलाई संस्थाको वारेमा विस्तृत जानकारी गराउन सिवाईसी दर्पण नामक पुस्तक प्रकाशन वितरण गरिएको छ।

घ) ब्रोसर, बचत तथा ऋण मेनु, फलेक्स र वार्षिक प्रतिवेदन सहीबाटो प्रकाशनलाई निरन्तरता दिईएको छ।

ङ) संस्थाको सुचना, जानकारी, उत्पादन तथा सेवाहरु लगायतलाई व्यवस्थित गर्न संस्थाको वेभसाईट, सामाजिक सञ्जालमा पेजहरु निर्माण गरि नियमित अद्यावधिक गरिएको छ।

च) सदस्यहरुलाई फजुल खर्च हुन बाट जोगाउने, आवश्यकता अनुसार खर्च गर्ने सीप प्रवाह गर्नका लागि विद्यीय तथा लघुउद्यम व्यवसाय साक्षरता सहभागी अभ्यास पुस्तिका प्रकाशित गरी कार्यान्वयनमा ल्याइएको छ।

छ) संस्थाबाट भए गरेका कार्यक्रम, सुचनालाई नियमित रुपमा सामाजिक संजाल फेसबुक मार्फत जानकारी गराउदै आईएको छ।

११) **बचत तथा ऋण परिचालन**

संस्थाका विभिन्न बचतका उत्पादनहरुमा २०८० असार मसान्तसम्ममा १३८४५०१५८६.३८ बचत संकलन गरिएको छ भने विभिन्न ऋणका उत्पादनहरुमा २०८० असार मसान्तसम्ममा रु.१४५९३७९११९.४० ऋण लगानीमा रहिरहेको छ।

१२) **तालिम, शिक्षा तथा अन्तरक्रिया**

क) जागौं, जगाऔं र जोगाऔं अभियान मार्फत सहकारी तथा संस्थाका सेवा सुविधा बारेमा तालिम तथा शिक्षा प्रदान गरिएको छ।

ख) यस आ.ब.मा सस्थामा कार्यरत कर्मचारी, समिति-उपसमिति लगायत सदस्यहरुको नेतृत्व र क्षमता अभिबृद्धिका तालिम, वित्तीय साक्षरता तालिम, अन्तक्रिया र विभिन्न अभियानमा गरी १३५१६ जनालाई सहभागिता गराईएको छ। तालिम शिक्षा सम्बन्धी विवरण शिक्षा उपसमितिको प्रतिवेदनमा संलग्न रहेको छ।

१३) **दिवस तथा अभियान सञ्चालन :**

क) **संस्था समृद्धि दिवस : 'सदस्य बनौं सिवाईसीमा, हातेमालो देश विकासमा'** भन्ने मूल नाराका साथ संस्थाले कारोबार शुरु गरेको आश्विन २२ गतेको दिनलाई समृद्धि दिवसको रुपमा बिगतदेखि मनाउदैं आईएकोमा यस बर्षपनि सेवाकेन्द्रहरुमा सहकारी एवं वित्तिय शिक्षा कार्यक्रम र केन्द्रीय कार्यालयमा शुभकामना आदानप्रदान कार्यक्रम गरि भव्य र सभ्य रुपमा संस्थाको १४ औं समृद्धि दिवस मनाईएको थियो ।

ख) **राष्ट्रिय सहकारी दिवस :"सहकारीको दिगोपनःस्वनियमन र सुशासन "**भन्ने मुल नाराका साथ सम्पन्न ६६ औं राष्ट्रिय सहकारी दिवसको अवसर २०७८ चैत्र २० गते बागलुङ नगरपालिका, जिल्ला सहकारी संघ लि, जिल्ला बचत तथा ऋण सहकारी सघं बागलुङको आयोजनामा भएको सरसफाई कार्यक्रम, प्रभातफेरी कार्यक्रम लगायतमा संस्थाको तर्फबाट सक्रिय रुपमा सहभागिता जनाई मनाइएको थियो ।

ग) **संस्था स्थापना दिवस : 'घर घरमा पुग्ने लक्ष्य, खुसी र समृद्ध सदस्य'** भन्ने नाराका साथ १४ औ स्थापना दिवसको अवसरमा चैत्र २६ गते वित्तिय सचेतना प्रभावफेरी चाली गरी गर्नुका साथै स्मार्ट डिजिटल प्रविधिको आवश्यकता, डाटा सेक्युरिटीको लागि अपनाउनु पर्ने सचेतना, बजारीकरण र तनाव व्यवस्थापन विषयमा संस्थाका सञ्चालक, उपसमिति तथा कर्मचारीहरुलाई प्रशिक्षण कार्यक्रम गरिएको थियो साथै चैत्र २० देखि सदस्यता विस्तार, घरदैलो कार्यक्रम,क्यालेण्डर वितरण, संरक्षित पूँजिकोष मार्फत उच्चतम रकम प्राप्त गर्ने सदस्य सम्मान, सार्वजनिक स्थलहरुमा सरसफाई लगायतका विभिन्न कार्यक्रमहरु गरी सप्ताहव्यापी रुपमा मनाइएको थियो । उक्त अबसरमा निम्नानुसार सदस्य सम्मान गरिएको छ ।

अ) **संरक्षित पूँजि फिर्ताकोष मार्फत कारोबारको आधारमा सम्मान** : आ.व. २०७८/०७९ मा शेयर सदस्यहरुले वर्षभरी संस्थामा गरेको बचत र ऋण कारोवारका आधारमा संरक्षित पुँजी फिर्ता कोषबाट ३५३७५९०.३०- रकम उपलब्ध गराईएको थियो । बचतको आधारमा ४० प्रतिशत र ऋणको आधारमा ६० प्रतिशतले विभाजन गरी यस कोष मार्फत रकम प्राप्त गर्ने **अनुसुची** १ बमोजिमका उत्कृष्ट १३४ जना शेयर सदस्यहरुलाई गत १३ औं साधारणसभामा सम्मानित गरिएको छ ।

आ) **असल सदस्य परिचयपत्र (ग्रीन कार्ड) र सुविधा :** संस्थामा ऋण लिई क्रमश २ बर्षसम्म कुनैपनि दिन भाखा ननघाई असल कारोबार गरिरहेका उद्यमी सदस्यहरुलाई ग्रीन कार्ड उपलब्ध गराउदैं १ प्रतिशत व्याज कम गरि थप सुविधा प्रदान गरिएको छ । हालसम्म **अनुसुचि** २ बमोजिमका १११ जना शेयर सदस्यहरुले ग्रीन कार्ड प्राप्त गरेका छन् ।

ई) **सम्मान तथा पुरस्कार** : संस्थाका सदस्यहरुलाई उत्कृष्ट कार्य गरेवापत हौसला प्रदान गर्न सम्मान गर्ने गरिएकोमा यस आ.व.मा संस्थाका सदस्यहरुमध्येबाट सबै सेवाकेन्द्र अन्तर्गतमा असल सदस्य, असल बचतकर्ता, असल ऋणी उद्यमी, असल बालबचतकर्ता र केन्द्रीय स्तरमा उत्कृष्ट कर्मचारी, उत्कृष्ट सेवा केन्द्र, उत्कृष्ट सेवाकेन्द्र संयोजक, असल उद्यमी सदस्य र सहकारी क्षेत्रमा कलम चलाउने १ जना असल पत्रकार छनौट गरी पुरस्कृत गरिएको विवरण **अनुसूची** ३ मा संलग्न गरिएको छ ।

१४) **वाह्य संस्थाहरुबाट अध्ययन अवलोकन भ्रमण :**

संस्थाले छोटो समयमा हालिस गरेका उपलब्धिहरुको वारेमा जानकारी लिन र सहकारी संचालन सम्बन्धी असल अभ्यास बारे सिक्नका लागि यस आ.व. मा जिल्ला भित्र र बाहिर गरि ५६ वटा विभिन्न उद्धेश्यका सहकारी संस्थाहरुका साथै विभिन्न छाता संघ/संस्थाका प्रतिनिधी लगायत विभिन्न क्षेत्रबाट संस्थाको अवलोकन गरी सिक्ने, सिकाउने र अनुभव आदानप्रदान गर्ने अवसर प्राप्त भएको छ । बागलुङ कालिका, पवित्र कालिगण्डकी नदि, सर्वसिद्धिधाम पञ्चकोट,तिरुपति बालजीधाम/शालिकग्राम संग्राहलय, मुक्तिक्षेत्र, गलेश्वरधामजस्ता पवित्र धार्मिक महत्वका सम्पदा,पर्यटकीय स्थल ढोरपाटन शिकार आरक्षण रहेका यस क्षेत्रलाई सहकारीको पवित्र तीर्थस्थल,पर्यटकीय स्थल बनेको हेर्ने हाम्रो चाहनामा थप योगदान पुगेको छ भने आन्तरिक पर्यटन प्रर्बद्धन र बागलुङको व्यवसायिक क्षेत्रको विकासमा समेत सिवाईसी साकोसको महत्वपूर्ण योगदान रहेको छ ।

१५) **सामाजिक सुरक्षा र समुदाय प्रतिको चाँसो**

क) **अर्ध्वदैहिक राहत सुविधा** : शेयर सदस्य स्वंय र उनीहरुको आफन्तको मृत्यु हुँदा १३ दिन भित्र सो घरमा पुगी समवेदना र अर्ध्वदैहिक कार्यका लागि सहयोग गर्ने कार्यलाई निरन्तरता दिइएको छ यस अवधिमा मृत्यु भएका शेयर सदस्यहरुको आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवार तथा आफन्तजनहरुमा समवेदना व्यक्त गर्नुका साथै अर्ध्वदैहिक कर्मका लागि ४१० जनालाई रु ४२,२०,०००/- मात्र आर्थिक सहयोग तथा खर्च भएको छ ।

ख) **सुत्केरी पोषण सुविधाः** उच्च रुपमा रहेको वाल तथा मातृ मृत्युदरमा कमी ल्याउने र सानैदेखि बचत गर्ने वानीको विकास गराउने अभिप्रायले महिला शेयर सदस्य सुत्केरी भएको अवस्थामा भेट्न जाने यस संस्थाको परम्परा अनुरुप २७३ जना शेयर सदस्यहरुलाई रु.५,१७,०००।- मात्र सुत्केरी पोषण सुविधा बापत रकम उपलव्ध गराईएको छ भने स्वास्थ्य परिक्षण, बच्चालाई खोप र ४५ दिनसम्म आमाले गाह्रो कामहरु गर्न नहुने वारेमा जानकारी गराई मातृ र वाल मृत्यूदरमा कमी ल्याउन पहल गरिएको छ ।

ग) **जेष्ठ नागरिक पेन्सन सुविधा** : आफ्नो जिवनको महत्वपूर्ण उर्जावान समय घर परिवारको हेरचाह र कल्याणका निम्ती समर्पण गर्नुभएका ७० बर्ष उमेर पुरा गरेका १०१ जना जेष्ठ नागरिकहरुलाई बृद्धा अबस्थामा पनि आफ्नै घर आगनमा आफ्ना सन्ततीहरुको साथमा स-सम्मान सुखमय जिवन व्यतितका लागि संस्थाका तर्फबाट केही साथ र सहयोग मिलोस भनि शुरु गरिएको पेन्सन व्यवस्थाबाट मासिक रु.१२५० का दरले यस आ.व मा कुल रकम रु १३,३७,७५०/-पेन्सन रकम उपलब्ध गराईएको छ ।

घ) **औषधि उपचार सुविधाः** सदस्यहरुको स्वास्थ्यमा समस्या आइ उपचार खर्च जुटाउन समस्या हुने न्यून आय भएका सदस्यहरुलाई संस्थामार्फत केही उपचार खर्च उपलब्ध गराउने गरिएको छ । यस आ.व. मा १० जना सदस्यहरुलाई विभिन्न रोगहरुको उपचारमा सहयोग गर्ने उद्देश्यले रु.७७,५००/- औषधि उपचार खर्च भुक्तानी गरिएको छ । त्यसैगरी यस संस्थाका ८० वर्ष पुगेका जेष्ठ नागरिकहरुलाई संस्थाको गत १३ औं

वार्षिक साधारण सभाको अवसर पारी ७२ जना वृद्धवृद्धालाई जनही रु.५०००/-का दरले रु ३,६०,०००/- औषधि उपचार सुविधा रकम उपलब्ध गराइएको छ।

१६) **विपत व्यवस्थापन कोष :**

प्राकृतिक विपदमा परेका सदस्यहरुलाई तत्काल केहि राहत प्रदान गर्न सकियोस भन्ने हेतुले संस्थाको सञ्चालक समितिको निर्णय बमोजिम संस्थाको खर्चबाट विपद् व्यवस्थापन कोषमा रु.१,००,०००।०० रकमान्तर गरी विपत व्यवस्थापन कोष खडा गरि शुरुवात गरिएको उक्त कोषमा सबै कर्मचारीले १ दिनको तलव बराबर, समिति उपसमितिले एक पटकको बैठक भत्ता रकम र नयाँ बन्ने शेयर सदस्यबाट रु ५०० सहयोग जम्मा गरेको समेत गरि यस असार मसान्तसम्ममा रु.२५,०४,७४१/- कोषमा रकम पुगेको छ।

१७) **दैनिक कारोबार उद्घाटन :**

सदस्य संस्थाका मालिक हुन उनिहरुलाई सम्मान र मर्यादा गर्नुपर्दछ भन्ने संस्कारलाई निरन्तरता दिईएको छ। संस्थाको केन्द्रिय कार्यालय र सेवाकेन्द्रहरुमा दैनिक रुपमा कारोबारका लागि आउने पहिलो व्यक्ति मार्फत उक्त दिनको कारोबार उद्घाटन पानसमा दिप प्रज्वलन गरि गर्ने गरिएको छ।

१८) **रेमिट्यान्स सुविधा :**

संस्थाका सदस्य तथा आफन्तहरुले देश विदेशबाट पठाएको पैसा सजिलोसंग झिक्न र पठाउन सकुन भन्ने अभिप्रायले प्रभु रेमिट, आई.एम.ई.रेमिट, वेष्ट्र्न युनियन मनि ट्रान्सफर, हिमाल रेमिट्यान्स, सिटी रेमिट्यान्स, बेष्ट रेमिट, बुम रेमिट, आई.पे रेमिट, जे.एम.ई. रेमिट, सम्सरा रेमिट, पानस रेमिट, नेपाल रेमिट, इजिलिंक रेमिटसँग सम्झौता गरी रेमिट्यान्सको कार्य सञ्चालन गरिएको छ। रेमिट्यान्स सेवालाई केन्द्रिय कार्यालय लगायत सम्पूर्ण सेवाकेन्द्र मार्फत पाउन र पठाउन सकिने व्यवस्था मिलाईएको छ। यस आ.व मा बिभिन्न सेवाकेन्द्र मार्फत १६७८४ वटा रेमिट्यान्स कारोबार सेवा प्रदान गरी रु. ५१,३२,७८,३३८ रुपैयाको कारोबार भएको छ।

१९) **ऋणको म्यादी विमा :**

संस्थाको सदस्यहरुलाई आइपर्ने जोखिमलाई बहन गर्दै सदस्य सुरक्षालाई ध्यान दिने उद्देश्यले सस्थाले सिटिजन्स लाईफ इन्सोरेन्स र महालक्ष्मी लाईफ इन्सुरेन्ससँग सम्झौता गरी ऋणको म्यादी विमा कार्य गरिरहेको छ। आ.व २०७९/२०८० मा कूल २५३२ जनाको ऋणको म्यादी बिमा वापत प्रिमियम रकम रु. १८,३०,०००/- भुक्तानी भएको छ। विमा प्रिमियम भुक्तानी भएपश्चात् ३ जना सदस्यको मृत्यु भएकोले रु.९,००,०००/- क्षतिपूर्ति दावी गरी संस्थामार्फत सदस्यका परिवारलाई भुक्तानी उपलब्ध गराइएको छ।

२०) **डिजिटल प्रविधिमार्फत सेवाहरु :**

**क) मोवाईल बैंकिङ सेवा :–** आ.व. २०७९/०८० सम्म संस्थाले संचालनमा ल्याएको मोबाइल बैंकिङ प्रयोगकर्ता सदस्य ९,३२६ जना रहेका छन् । मोबाइल बैंकिङमार्फत आधुनिक प्रविधियुक्त सेवालाई सदस्यहरुको सर्वसुलभ तरिकाले घरदैलोसम्म पुऱ्याउने संस्थाको प्रतिवद्धता अनुसार टेलीफोन विल भुक्तानी, विद्युत पानीको महसुल भुक्तानी मोबाईल बैकिङ सेवा मार्फत गरी सदस्यहरुको खर्चमा मितव्ययी वनाउने प्रयासलाई निरन्तरता दिईएको छ। मोवाईल बैकिङ एप्सको प्रयोग गरी सिवाईसीमा रहेको आफ्नो बचत खातामा रहेको रकमको प्रयोग गरि नमस्ते प्रिपेड तथा पोस्टपेड, एनसेल, सि.डि.एम.ए, डिसहोम तथा ईन्टरनेट रिचार्ज, जुनसुकै बैंकमा रकम पठाउन, ईसेवा, खल्ती र आईएमई मा रकम पठाउने सुविधा, डाटा प्याक खरीद, रेमिट्यान्स सेवा उपलब्ध गराईएको छ। यस सेवाको प्रयोग मार्फत आफ्नो बचत खाताको मौज्दात हेर्न, कारोबार विबरण हेर्न, ऋण खाताको बारेमा जानकारी लिन, ऋण भुक्तानी तालिका हेर्न तथा गणना गर्न सकिनेछ भने घरेलु हवाई टिकट बुकिङ लगायतका सेवाहरु उपलब्ध गराईएको छ।

**ख) ए.टि.एम सेवा :–**सिवाईसी साकोसले सदस्यहरुलाई छिटो, छरितो र आधुनिक प्रविधियुक्त सेवा दिने उद्देश्यले आफ्नै ३ वटा ए.टि.एम मेसिन सहित सेवा संचालनमा ल्याएको छ। बागलुङ जिल्लाको बागलुङ बजार, पर्वतको कुश्मा बजार र म्याग्दीको बेनी बजारमा एटिएम मेसिन राखिएको छ। संस्थाबाट हालसम्म १८५० जना शेयर सदस्यहरुले ए.टि.एम कार्ड प्राप्त गरी कारोवार गरिरहनुभएको छ। एस.सी.टी. नेटवर्कसँगको सहकार्यमा ए.टि.एम. मेसिन राखी सेवा उपलब्ध गराईएको छ। सिवाईसीको ए.टि.एम कार्ड मार्फत अन्य बैंकहरुवाट रकम झिक्न सकिने व्यवस्था गरिएको छ। ATM Instant Card सदस्यहरुलाई तुरुन्तै उपलब्ध गराइएको छ। सिवाईसी द्वारा बितरण गरिने एटिएम कार्ड को स्विकार्य नेपाल, भारत र भुटानमा रहेको छ भने नेपालका करिब १८ वटा बैंकहरुको मेसिनमा सिवाईसी एटिएम कार्डको स्विकार्यता रहेको जानकारी गराउँदछौं।

**ग) क्यु.आर (QR) कोड सेवा :–** सिवाईसी साकोसका व्यवसायी सदस्यहरुलाई नगद रहित कारोबार गर्न सहज होस भन्ने उद्देश्यले निशुल्क रुपमा पसल पसलमा सिवाईसीको फोन पेको नेटवर्कमार्फत क्यु.आर (QR) कोड वितरण गरी सेवा संचालन गरिएको छ। सदस्यहरुले सामान खरीद गर्न तथा सेवा लिन जाँदा क्यु.आर (QR) कोड मार्फत नगदरहित भुक्तानी गर्न सक्नुहुनेछ। संस्थाका सदस्यहरुले फोन पे को १ लाख ५० हजार भन्दा बढी सेवा प्रदायकबाट नेपाल भपरी क्यु.आर (QR) मार्फत भुक्तानी सेवा लिन सकिने छ। आ.व. २०७९/०८० सम्म संस्थाले संचालनमा ल्याएको क्यु.आर प्रयोगकर्ता सदस्य ३३० जना रहेका छन्।

**घ) ट्याबलेट बैंकिङ सेवा :–** बजारबाट बचत तथा ऋण संकलन गर्ने कार्यलाई व्यवस्थित, सुरक्षित र विश्वाशिलो बनाई कर्मचारीको समय बचत गर्ने उद्देश्यले केन्द्रिय कार्यालय, हटिया सेवाकेन्द्र र बुर्तिबाङ सेवाकेन्द्रबाट ट्याबलेट मार्फत ट्याबलेट बैकिङ सेवा प्रदान गरिएको छ।

ङ) **मिष्डकल बैंकिङ :–** सदस्यहरुलाई रिचार्ज गर्नको लागि झण्झटरहित सेवा दिने उद्देश्यले संस्थामा मिष्डकल बैङ्किङ सेवा सुचारु गरिएको छ। विशेष गरी जेष्ठ नागरिकलाई लक्षित गरी संचालन गरिएको सेवालाई सदस्यहरुले २४ सै घण्टा उपयोग गर्न सक्नुहुनेछ। संस्थामा आफ्नो नम्बर रजिष्ट्र गरी संस्थाले उपलब्ध गराएको मोबाइल नं. ९८६०५८०६०१ मा मिष्डकल गरी प्रति एकपटकमा रु.१०० रिचार्ज गर्न सकिन्छ।

च) **इ-टेलर** :- प्रविधिको प्रयोग मार्फत पेपरलेस सेवालाई प्रबर्द्धन गर्ने र सदस्यज्यूहरुले सानो सानो रकम बिना झन्झट भुक्तानी लिन सकुन भन्ने अभिप्राय अनुरुप संस्थाले क्यूआर प्रविधिमार्फत इटेलर सेवा सञ्चालनमा ल्याइएको छ। सदस्यले आफ्नो खाताबाट विना भुक्तानी पुर्जा (चेक) दैनिक १ लाख र मासिक १० लाख सम्म मोबाइल बैंङ्किङ मार्फत संस्थामा रहेको क्युआर कोड स्क्यान गरी काउन्टरबाट नगद भुक्तानी लिने व्यवस्था गरिएको छ।

छ) कनेक्ट आइपिएस :- सदस्यहरुलाई बैंक तथा वित्तिय संस्थाहरुमा रहेको आफ्नो खाताको रकम सिवाईसी साकोसमा रहेको आफ्नो खातामा रकमान्तर गर्न सहज गराउने हेतुले यस बर्षदेखि नयाँ सेवाको रुपमा वेभबेस कनेक्ट आइपिएस (Connect IPS) सेवा थप गरिएको छ। जुनसुकै बैंक वित्तिय संस्थाको खातामा रहेको आफ्नो रकमलाई सम्बन्धीत वित्तिय संस्थाको Website Log in गरि यस संस्थाको खातामा रकमान्तर गर्न गराउन सकिने छ।

२१) **युवा लक्षित कार्यक्रम :**

युवाहरुलाई सहकारी अभियान प्रति आकर्षित गर्न र युवाहरुलाई प्रोत्साहन गर्न यस बर्षपनि विभिन्न क्लब तथा कार्यक्रमहरुमा आर्थिक सहयोग उपलब्ध गराउने कार्यलाई निरन्तरता दिईएको छ।

२२) **सहकारी संघ संस्था स्थापना र प्रवर्द्धनमा सहयोग :**

संस्थाले सहकारी अभियानको उचाई बृद्धि र सहकारी संस्थाहरुको क्षमता बृद्धि गर्नका लागि नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.(नेफ्स्कून), जिल्ला सहकारी संघ लि., बागलुङ जिल्ला बचत तथा ऋण सहकारी संघ लि., कोअपरेटिभ मेनेजर्स क्लवका अभियानहरुमा आर्थिक, नैतिक, प्राविधिक एवं भौतिक सहयोग पुऱ्याएको छ।

२३) **संस्थाको छवि र साख बृद्धि**

संस्थाले सामाजिक सुरक्षाका नविनतम कामहरुको माध्यमबाट समाजमा छुट्टै पहिचान र छवि बनाएको छ। अहिले धैरैको बुझाईमा सहकारी भनेको सिवाईसी हो भन्ने बुझाई रहेको छ। सदस्यहरुलाई वित्तिय र गैर वित्तिय सेवाका माध्यमबाट उनिहरुको आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा टेवा पुऱ्याउने हेतु आफ्ना सेवा तथा कार्यक्रमहरुलाई जिल्ला व्यापी बनाउदैं राष्ट्रिय स्तरमा आफ्नो अलग्गै अस्तित्व र साख स्थापित गर्न सफल भएको छ। स्थापनाको छोटो अबधिमा निम्नानुसारका सम्मान तथा पुरस्कारबाट संस्था सु-सज्जित भएकोमा हामिले गर्भानुभुती गरेका छौं।

| क्र.सं. | पुरस्कृत गर्ने निकाय | पुरस्कृत विधा | अवसर |
|---|---|---|---|
| १ | डिभिजन सहकारी कार्यालय, बागलुङ | धवालगिरीको अञ्चलको उत्कृष्ट संस्था पुरस्कार | ५७ औं राष्ट्रिय सहकारी दिवस-२०७० |
| २ | डिभिजन सहकारी कार्यालय, बागलुङ | प्रभातफेरी कार्यक्रममा प्रथम स्थान पुरस्कार | ५७ औं राष्ट्रिय सहकारी दिवस-२०७० |
| ३ | आन्तरिक राजष्व कार्यालय, पोखरा | पश्चिमाञ्चल क्षेत्रबाट उत्कृष्ट करदाता पुरस्कार | चौथौ राष्ट्रिय कर दिवस-२०७२ |
| ४ | डिभिजन सहकारी कार्यालय, बागलुङ | प्रभातफेरी कार्यक्रममा प्रथम स्थान पुरस्कार | ५९ औं राष्ट्रिय सहकारी दिवस- |
| ५ | नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. | प्रदेश नं. ४(गण्डकी) को उत्कृष्ट संस्था पुरस्कार | नेफ्स्कून २४ औं स्थापना दिवस |
| ६ | आन्तरिक राजश्व कार्यालय, पोखरा | पश्चिमाञ्चल क्षेत्रबाट उत्कृष्ट करदाता पुरस्कार | छैठौं राष्ट्रिय कर दिवस-२०७४ |
| ७ | जिल्ला सहकारी संघ लि., बागलुङ | बागलुङ जिल्लाको उत्कृष्ठ संचालक पुरस्कार | ६० औं राष्ट्रिय सहकारी दिवस- २०७४ |
| ८ | राष्ट्रिय सहकारी बैंक लि. | बागलुङ जिल्लाको उत्कृष्ट कारोबारी संस्था पुरस्कार | रा.स.बैंकको १४ औं बार्षिक सा.स. |
| ९ | राष्ट्रिय सहकारी महासंघ लि. | उत्कृष्ट सहकारी व्यवसाय पुरस्कार-२०७४ | ९६ औं अन्तराष्ट्रि सहकारी दिवस तथा रजत जयन्ती |
| १० | आन्तरिक राजश्व कार्यालय, बागलुङ | उत्कृष्ट करदाता पुरस्कार | सातौं राष्ट्रिय कर दिवस-२०७५ |
| ११ | जिल्ला सहकारी संघ बागलुङ | उत्कृष्ठ बचत तथा ऋण पुरस्कार-२०७५ | ६२ औ राष्ट्रिय सहकारी दिवस -२०७५ |
| १२ | नेफ्स्कुन, क्षेत्रीय कार्यालय, पोखरा | उत्कृष्ट संस्था पुरस्कार-२०७५ | नेफ्सकुन ३२ औं स्थापना दिवस २०७६ |
| १३ | राष्ट्रिय सहकारी बैंक लि. | उत्कृष्ठ बचत तथा ऋण पुरस्कार-२०७६ | राष्ट्रिय सहकारी बैंक लिको १६ औं बार्षिक साधारण सभा |
| १४ | नेपाल बचत तथा ऋण सहकारी केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कुन) | एकिकरणमा सर्वोत्कृष्ट संस्था-२०७७ | नेफ्सकुन ३३ औं स्थापना दिवस २०७७ |
| १५ | बागलुङ जिल्ला बचत तथा ऋण सहकारी संघ | उत्कृष्ट बचत कारोबार | ११ औं बार्षिक साधारण सभा |

२४) **गाउँ टोल समन्वय उपसमिति तथा वडा समन्वय उपसमिति**

संस्थाका स्थानीय संरचनाहरु निर्माण गर्दै संस्थाका नीति तथा कार्यक्रमहरुलाई सदस्यहरुमाझ प्रभावकारी रुपमा पुऱ्याउनको लागि संस्थाको कार्यक्षेत्रभरि गाउँ टोल समन्वय उपसमिति तथा वडा समन्वय उपसमितिको संरचनाहरु निर्माण थालिएको छ। हालसम्म ३१० वटा गाउँ टोल समन्वय उपसमिति र वडा समन्वय उपसमिति गठन गरी संस्थाका कार्यहरुलाई टोल टोलमा विकेन्द्रित गरी प्रभावकारी सेवा प्रवाह गरिएको छ। गाउँटोल समन्वय उपसमिति र संयोजकहरुको विवरण अनुसुचि ४ मा संलग्न रहेको छ।

**अध्यक्ष महोदय ,आदरणीय शेयर सदस्यज्यहरु तथा उपस्थित महानुभावहरु,**

अब म यस संस्थाद्वारा आ.ब.०८०/०८१ मा संचालन गर्नका लागि प्रस्ताव गरिएका नीति तथा कार्यक्रमहरुलाई क्रमिक रुपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु :

सहकारीको क्षेत्रमा देखिएको असहज परिवेशका बाबजुद संस्थाको हाल कायम रहेको वृद्धि, विकास र गरीमालाई अर्थपूर्ण बनाउँदै सदस्य सेवामा गुणस्तरीयता र कारोबारमा सुरक्षाको वर्ष बनाईनेछ । यस अठोटलाई केन्द्रविन्दुमा राखेर वित्तीय व्यवस्थापन, सदस्य सेवा, संस्थाको आन्तरिक व्यवसायीकरण र सिकाई एवं वृद्धि व्यवस्थापनलाई विशेष महत्व दिई अगाडी बढाउने गरी नीति तथा कार्यक्रम तर्जूमा गरीएको छ। सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, गण्डकी प्रदेश ऐन २०७५, गण्डकी प्रदेश सहकारी नियमावली २०७६, सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनका लागि जारी एकिकृत निर्देशन २०७९, सम्पत्ति शुद्धिकरण निवारण ऐन २०६४ र सो सम्बन्धी सहकारी विभागले सहकारीहरुलाई जारी गरेको निर्देशिका २०७५, संस्था संचालन गर्न बनेको विनियम २०६६, संस्थागत नीति तथा कार्यविधिहरु बमोजिम प्रचलित नेपाल कानुनले दिएको क्षेत्रमा रही आगामी आ.व. २०८०/०८१ मा संस्थाले अवलम्वन गर्ने नीति तथा कार्यक्रमहरुलाई प्रस्तुत गरीएको छ।

**क) वित्तीय व्यवस्थापन :**

१. संस्थाको कुल सम्पत्ति २ अर्व ४ करोडमा ५१ प्रतिशलते वृद्धि गरी ३ अर्व ८ करोड पुर्‍याइने छ भने संस्थागत पुँजी वृद्धि गरी ५ प्रतिशत पुर्‍याइने छ।

२. संस्थामा आबद्ध शेयर सदस्यहरुको सक्रियता बृद्धि र संस्थासँगको सम्बन्धलाई सुदृढ गर्न मासिक नियमित बचत गर्नुपर्ने विषयलाई वित्तिय शिक्षा मार्फत प्रभावकारी रुपमा अगाडि बढाइनेछ भने कुल बचतमा मासिक बचतको अंश हालको १६.६७ प्रतिशतमा बृद्धि गरी २१.४० प्रतिशत पुर्‍याउने नीति लिइनेछ।

३. संस्थाको शेयर रकम बृद्धि र शेयर सदस्य संख्या बृद्धिको तुलनामा शेयर सदस्यहरुको समग्र वित्तिय कारोबार रकम र सक्रियता सन्तोषजनक नदेखिएको अबस्थालाई मध्येनजर गरी वित्तिय सुचक अनुसार व्यवस्थापन गर्न शेयर खरिद एवं शेयर रकम थप गर्ने सम्बन्धमा २५ हजार भन्दा कम शेयर रकम रहेका सदस्यहरुलाई र नयाँ सदस्यता लिनेहरुलाई शेयर रकम २५ हजारसम्म पुर्‍याउन तथा खरिदका लागि खुल्ला प्रोत्साहन गरिने छ।

४. तरलता तथा पूँजीको अभाव हुन नदिन बाह्य ऋणको लागि सहकारी सञ्जाल तथा वित्तिय सेवा प्रदायक बैंक तथा संस्थाहरुसँग निरन्तर समन्वय र सहकार्य गरी संस्थाको लागि आवश्यक पुँजीको व्यवस्था मिलाइने छ।

५. युवा स्वरोजगार कोष, राष्ट्रिय युवा परिषद, साना किसान विकास बैंक लगायतका सरकारी तथा गैर-सरकारी निकायहरुबाट सहुलियत दरमा ऋण माग गरी सदस्यहरुलाई उद्यम व्यवसायको लागि ऋण प्रवाह गरीने छ।

६. संस्थाको प्रभावकारी वित्तीय व्यवस्थापन तथा आय वृद्धि गर्न आधार दर, फरकता दर, प्रतिस्पर्धी बजार दरको विश्लेषण गरी सोही अनुसार ब्याजदर निर्धारण गरीने छ।

७. सहकारी विभागद्धारा सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि जारी एकिकृत निर्देशन २०७९ को मर्म बमोजिम नियमित बचतमा कारोबारको नियमितता, बचत रकम, शेयर रकम, विगतमा गरेको ऋण कारोबारको अबस्था आदीका आधारमा निम्न रुपमा ऋण लगानी र असुलीलाई व्यवस्थापन गरिनेछ।

अ) ऋण लगानी गर्दा धनजमानी वा सामुहिक जमानी वा अचल सम्पतिको धितो जमानतलाई अनिवार्य गरी प्रयाप्त सुरक्षणका आधारमा मात्र लगानी गरिनेछ।

आ) संस्थाबाट सदस्यहरुको लागि विभिन्न प्रयोजनार्थ गरीएको ऋण लगानीको सावा व्याज वा किस्ता भुक्तानीका लागि शुन्य मौज्दातमा ऋण किस्ता भुक्तानी बचत खाताको शुरुवात गरी ऋणको किस्ता भुक्तानीलाई व्यवस्थित गरीने नीतिलाई निरन्तरता दिइने छ।

इ) भाखा नाघेको ऋणलाई ५ प्रतिशत भन्दा कम कायम गर्नको लागि ५ सी विश्लेषण, उत्पादनशील क्षेत्रमा लगानीलाई प्राथमिकता, किस्ताबन्दीमा ऋण लगानी तथा असुली, ऋणीहरुलाई परामर्श तथा तालिम, ऋण तथा ऋणको विमा लगायतका कार्यक्रमहरु प्रभावकारी रुपमा नियमित संचालन गरिने छ।

८. संस्थाबाट कर्जा लिई नियमित रुपमा भुक्तानी सम्झौता बमोजिम ऋणको साँवा, व्याज एवं हर्जना भुक्तानी नगर्ने वा अटेरी गर्ने ऋणी सदस्यहरु एवं धन जमानी बस्नेहरुको हकमा सहकारी ऐन तथा नियमावली र प्रचलित कानुन अनुसार निम्न प्रक्रिया अपनाई असुल उपर गरिनेछ।

अ) ऋणसँग सम्बन्धित सबै पक्षको तिनपुस्ते विवरण र फोटो सहितको ३५ दिने सार्वजनिक सुचना (ऋण तिर्ने र धितो लिलामी सम्बन्धी) प्रकाशन गरि नियमानुसार असुली प्रक्रिया अगाडि बढाइनेछ।

आ) ऋणी सदस्य र जमानीको कर्जासुचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न राष्ट्रिय सञ्जालमा आवद्धता जनाउने प्रक्रिया अपनाइने छ।

इ) ऋण लिई सम्झौता बमोजिम साँवा, व्याज र हर्जना भुक्तानी नगर्ने ऋणी सदस्य एवं व्यक्तिगत धनजमानीको शेयर र बचत रकम मार्फत असुल उपर गर्ने नीति लिइने छ।

ई) अचल सम्पति धितो नराखी धनजमानी वा सामुहिक जमानीका आधारमा ऋण लिई सम्झौता बमोजिम साँवा, व्याज र हर्जना भुक्तानी नगर्नेको हकमा कर्जा बर्गिकरण गरी प्रचलित कानुन बमोजिम अदालती प्रक्रिया अबलम्वन गरिने छ।

९. विशेष गरी ग्रामीण क्षेत्रहरुमा रहेका सेवाकेन्द्रहरु मार्फत लघुउद्यम कार्यक्रम संचालन गरी उद्यम व्यवसाय गर्ने सदस्यहरुलाई सामुहिक जमानीमा ऋण लगानी तथा सीपमूलक तालिम र सहकारी शिक्षा उपलब्ध गराइने छ।

१०. स्थानीय तहहरुसँगको साझेदारिमा ततः तत स्थानीय तहहरुको उद्धेश्यसँग मेल हुनेगरी फरक क्षमता र सीप भएका, विविध कारण विदेशबाट फर्किएका, रोजगारी गुमाएका, महिला उद्यमी लगायतका सदस्यहरुलाई आत्मनिर्भर बन्नका लागि उनीहरुको सीप, क्षमता र इच्छा अनुसार उत्पादन एवं आर्जनमूलक कृषि, व्यापार, व्यवसाय तथा लघु उद्योग सञ्चालन गर्न तालिम, शिक्षा तथा सहुलियत र सुलभ व्याजदरमा लगानी गर्ने तथा ती सदस्यको व्यवसायिक पुनस्र्थापनाका लागि सहकार्य गर्ने नीति लिइनेछ।

११. विभिन्न स्थानीय तह, सरकारी तथा गैर सरकारी कार्यालय, संघ, संस्था एवम् सरोकारवाला निकायहरुसँग समन्वय एवं सहकार्य गरी पेशागत उद्यमशीलताका विकास तालिम, क्षमता विकास तालिम, कृषि तालिम, वृक्षारोपण, कौशी खेती लगायतका कार्यक्रमहरु सञ्चालन गरी सदस्य र संस्थाको व्यवसायिक प्रबर्द्धनमा जोड दिइने छ।

१२. लगानीका क्षेत्र पहिचानको अध्ययन सर्वेक्षण गरी सामुहिक तथा संस्थागत व्यवसाय संचालनमा आवद्ध सदस्यहरुलाई व्यवसायिक परियोजनाको आधारमा संस्थाले वित्तिय सहयात्रीको रुपमा लगानी गर्ने नीति अवलम्वन गरिने छ, भने आ.ब.०८०/०८१ **अनुसूची ५** मा संलग्न सूची बमोजिम ऋण लगानीलाई प्राथमिकीकरण एवं वर्गिकरण गरी ऋण व्यवस्थापन गरिने छ।

**ख) सदस्य सेवा :**

१. २०७९/०८० को अन्तमा कायम रहेको २५ हजार ७३ जना सदस्य संख्यामा ४ हजार ९ सय २७ जना नयाँ सदस्य थप गरी आ.व. २०८०/०८१ मा ३० हजार जना सदस्य संख्या पुऱ्याइने छ भने बालबचतकर्ता ४४६३ मा वृद्धि गरी १०००० जना पुऱ्याइने छ।

२. बागलुङ, पर्वत र म्याग्दी जिल्लामा २५ वटा सेवाकेन्द्रहरुबाट सेवा प्रवाह हुदैं आएकोमा संस्थाको पुर्नसंरचना र व्यवस्थापनमा स्तरोन्नति गर्दै हालको कार्यक्षेत्र रहेको मुस्ताङ जिल्ला र प्रदेश राजधानी कास्कीमा सेवाकेन्द्र थप गर्ने लक्ष्य राखिएको छ भने सदस्य सेवालाई थप विकेन्द्रीत गर्न संकलन केन्द्रको अबधारणा अगाडि बढाइने छ।

३. केन्द्रीय सम्पर्क समन्वय तथा अनुगमनलाई प्रभावकारी बनाई सदस्य सेवालाई छिटोछरितो चुस्तदुरुस्त बनाउन समितिको सक्रियतामा बागलुङ, गल्कोट, बुर्तिबाङ, कुश्मिशेरा, कुश्मा र बेनीलाई छनोट गरी क्षेत्रीय कलष्टर कार्यालयको रुपमा विकास गरिने छ।

४. सबै सेवा केन्द्रहरु मार्फत चुस्तदुरुस्त काउण्टर सेवा, बचत तथा ऋण सेवा, विप्रेषण (रेमिट्यान्स) सेवा, घरदैलो सेवा र लघुउद्यम समूहका माध्यमबाट सदस्यहरुलाई छिटो, छरितो र प्रभावकारी रुपमा वित्तिय सेवालाई निरन्तरता दिइने छ।

५. "**घर घरमा पुग्ने लक्ष्य, खुसी र समृद्ध सदस्य**" भन्ने अभियानका साथ बर्तमान डिजिटल युगमा निम्नानुसारका आधुनिक बैंकिङ सेवामा यस आ.व.करिब ५० प्रतिशत सदस्यहरुको पहुँच बृद्धि गरी सदस्य र कर्मचारीको झन्झट कम गर्दै समयको बचत र संस्थाको खर्च कम हुने गरी Paperless वित्तिय कारोबारलाई प्रोत्साहन गरिने छ :

- ✓ मोबाइल बैंकिङ सेवा
- ✓ SMS बैकिङ सेवा
- ✓ QR कोड सेवा
- ✓ ATM सेवा
- ✓ सबै सेवाकेन्द्र मार्फत रकम जम्मा तथा भुक्तानीका लागि ABBS सेवा
- ✓ मिस्डकल मोबाइल रिचार्ज सेवा
- ✓ ई-टेलर सेवा
- ✓ ट्याबलेट बैंकिङ (बजारबाट बचत संकलनका लागि) सेवा
- ✓ वेभबेस Connect IPS सेवा

६. संस्थाका सूचना तथा जानकारीहरुलाई छिटो छरितो सदस्यहरुमा सम्प्रेषण र संस्थाका बचत, ऋण, डिजिटल सेवाहरुको बजारिकरणका लागि निम्नानुसारका माध्यमबाट प्रकाशन एवं प्रसारण गर्ने कार्यलाई थप प्रभावकारी गराइने छ :

- ✓ संस्थाको वेभसाइट www.cycsaccos.coop.np
- ✓ सामाजिक सञ्जाल फेसबुक, युट्युव
- ✓ वित्तिय सुचना नोटिस बोर्ड, डिजिटल बोर्ड
- ✓ रेडियो, टेलिभिजन र पत्रपत्रिका
- ✓ सहीबाटो बार्षिक बुलेटिन, सिवाईसी दर्पण, हातेपुस्तिका
- ✓ सिवाईसी सन्देश डिजिटल पत्रिका
- ✓ ब्रोसर, फ्लायर्स, पोष्टर, क्याटलग
- ✓ बचत र ऋण सेवाहरुको मेनु
- ✓ सदस्य बडापत्र आदि

७. संस्थाका बचत तथा ऋण सेवाहरुमा सक्रिय एवं असल रुपमा नियमित गरेको कारोबारबाट प्राप्त र भुक्तानी गरेको व्याज रकमका आधारमा सहकारी ऐन तथा नियमावली बमोजिम संरक्षित पूँजी फिर्ता कोषमा छुट्याएको २५ प्रतिशत रकम सदस्यहरुको कारोबार बचत खातामा जम्मा गर्ने नीतिलाई निरन्तरता दिइने छ।

८. संस्थाबाट सञ्चालित सदस्य लाभ, सुरक्षा र संस्कारजन्य निम्न कार्यक्रमलाई प्रभावकारी रुपमा निरन्तरता दिइने छ।

- ✓ शेयर सदस्य एवं एकाघर परिवारको निधनमा श्रद्धाञ्जली कार्यक्रमसँगै अर्ध्वदैहिक राहत
- ✓ ७० बर्ष पुगेका जेष्ठ नागरिक र ६८ बर्ष पुगेका एकल महिलाहरुका लागि मासिक पेन्सन
- ✓ सुत्केरी भेटघाट तथा पोषण सुविधा
- ✓ ८० बर्ष नाघेका जेष्ठ नागरिकका लागि औषधी उपचार सुविधा,
- ✓ जटिल रोग र दुर्घटना राहत सुविधा
- ✓ आवास सुरक्षा सुविधा
- ✓ शैक्षिक सुविधा र छात्रवृत्ति
- ✓ जेष्ठ नागरिक तिर्थाटन र सदस्य अध्ययन अबलोकन भ्रमण
- ✓ मातापितासँग सिवाईसी कार्यक्रम
- ✓ चौरासी पूजा एवं सम्मान कार्यक्रम
- ✓ ब्रतबन्धमा भेटघाट तथा बधाई कार्यक्रम
- ✓ नयाँ बुहारी स्वागत तथा बधाई कार्यक्रम

९. छुट कार्ड (सदस्य परिचय पत्र) का माध्यमबाट सिवाईसी साकोसमा आवद्ध शेयर सदस्यहरुले दैनिक उपभोग्य सामान, औषधी उपचार, होटल लगायतका बस्तु तथा सेवाहरु उपभोग गरे बापतको भुक्तानीमा छुट प्राप्त गरी सदस्यको खर्च बचत होस भन्ने अभिप्रायले विभिन्न व्यवसायी र सिवाईसी साकोस बीच गुणस्तरीय उत्पादन तथा सेवामा छुट प्रदान गर्ने विषयमा सम्झौता गरीएको छ। बस्तु तथा सेवा उपभोगमा छुट उपलब्ध गराउने व्यवस्थालाई थप विस्तार गरी प्रभावकारी रुपमा सबै सेवा केन्द्रहरुमा पुऱ्याइने छ।

१०. विमा कम्पनीहरुसँग सहकार्य गर्दै सदस्यको स्व-योगदानमा आधारित भै विभिन्न दुर्घटना विमा, जीवन विमा, कृषि विमा, ऋण विमा, स्वास्थ्य विमा लगायतका कार्यक्रम सञ्चालन तथा सहकार्य गरी संस्था र सदस्यहरुमा पर्न सक्ने आर्थिक जोखिम व्यवस्थापनलाई निरन्तर प्रोत्साहन गरिने छ।

११. सदस्यहरुको सल्लाह, सुझाव तथा गुनासो सुनुवाईको लागि सूचना पाटी, सुझाव पुस्तिका, सामाजिक सञ्जालमार्फत प्राप्त सुझावहरुलाई सम्बोधन गर्ने कार्यालाई थप प्रभावकारी बनाइने छ।

१२. वार्षिक रुपमा १० प्रतिशत सदस्यहरुको डिजिटल विधिबाट सन्तुष्टि सर्वेक्षण गरिने छ साथै सदस्यको विवरण KYM फारम मार्फत अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइने छ।

१३. उद्यमी महिला, व्यवसायीक कृषक, युवा, ज्येष्ठ नागरिक, बालवालिका जस्ता लक्षितवर्गहरुलाई समेटेर १० हजार जना सदस्य र गैर सदस्यका माझ नियमित रुपमा वित्तिय साक्षरता तथा सहकारी शिक्षा अभियान संचालन गरी सदस्यता विस्तार गर्दै वित्तीय कारोवारमा गुणस्तरीयता अभिवृद्धि गराउने रणनीति लिइने छ।

१४. स्थानीय तहहरुसँगको साझेदारीमा र संस्थाको आन्तरिक स्रोतको प्रयोग गरी महिला तथा युवा सहभागिता, नेतृत्व विकास र उनीहरुको आय वृद्धि हुने खालका कार्यक्रमहरु संचालन गरिनेछ।

१५. संस्थामा आबद्ध सदस्यहरु लगायत सरोकारवालाहरुलाई समय सापेक्षित बिषयबस्तु समावेश गरी जागौं, जगाऔं र जोगाऔं कार्यक्रम सेवाकेन्द्र स्तरमा संचालन गरी सकारात्मक सोचको वातावरण सिर्जना गरिनेछ।

१६. युवाहरुलाई सहकारीप्रतिको आकर्षण बृद्धीका लागी घ श्भचय ऋगिद गठन, युवामैत्री उद्यमहरु सिर्जनाका लागी विशेष नीति अवलम्वन गरिने छ।

१७. स्थानीय निकायहरुसंगको साझेदारीमा १० वटा वातावरणमैत्री नमुना गाउँ कार्यक्रम संचालन तथा प्रबर्द्धनमा जोड दिइने छ। वातावरणमैत्री नमुना गाउँ कार्यक्रमसँगै एकिकृत गरी लघुउद्यम कार्यक्रम मार्फत १००० महिला सदस्यहरुमा उद्यमशीलता विकासका लागि पहल गरीने छ भने पालिका स्तरमा वातावरणमैत्री नमुना गाउँको कार्यविधि निर्माणका लागि सहजिकरण गरिने छ।

१८. महिला सम्मेलन तथा तिज विशेष कार्यक्रम, युवा दिवस तथा डिजिटल सेवा अन्तर्क्रिया, ज्येष्ठ नागरीक दिवस तथा उत्प्रेरणामुलक कार्यक्रम, बालमैत्री सम्मेलन, विद्यालयमा बाल क्लव गठन, विद्यार्थीहरुलाई वित्तिय शिक्षा, हाजिरी जवाफ, वक्तृत्वकला, नृत्य प्रतियोगिता आदिका माध्यमबाट सहकारीको व्यवसाय, सदस्यता विस्तार र बचत गर्ने बानीको विकास गर्न प्रोत्साहन गरिने छ।

१९. संस्थाको स्थापना दिवस, समृद्धि दिवस लगायतका माध्यमबाट संस्थाका बचत तथा ऋण उत्पादन, विप्रेषण सेवा तथा डिजिटल बैंकिङ सेवाहरुको प्रर्बद्धनात्मक कार्यक्रमहरु गर्ने नीति लिइने छ।

**ग) संस्थाको आन्तरिक व्यवसायिकीकरण :**

१. ४ बर्षे रणनीतिक व्यवसायिक योजना, बार्षिक नीति, कार्यक्रम तथा योजना, उत्पादन तथा सेवाको निर्माण र तिनको परिमार्जन कार्यशाल एवं समीक्षा गोष्ठिहरु, अभिमुखीकरण कार्यक्रमहरुलाई लक्ष्य तथा उद्देश्य हासिल गर्ने तवरले सहभागितामूलक रुपमा निर्माण गरिनेछ भने सेवाकेन्द्र स्तरमा सदस्यहरुसँग नीतिगत छलफल गरी सुझाव संकलन गर्ने व्यवस्था लागु गरिनेछ।

२. विद्यमान ऐन, कानून, नियम अनुसार संस्थालाई नीति, विधि र प्रविधिको प्रधानता भित्र संचालन गर्नका लागि हाल रहेका नीति, कार्यविधि र निर्देशिकाहरुलाई समयानुकुल संशोधनका लागी नीति सम्मेलनको आयोजना गरी नीतिहरु संसोधन र निर्माण गरी कार्यान्वयनमा ल्याईने छ।

३. आन्तरिक नियन्त्रण प्रणाली र सेवाकेन्द्रहरुको अनुगमनलाई प्रभावकारी र समयसापेक्ष बनाउन संस्थाको शिक्षा उपसमिति र अनुगमन विभागको सक्रियता बढाउदै आवश्यक ज्ञान, सिप र स्रोत प्रदान गरी अनुगमनलाई परिणाममुखी बनाइने छ भने लेखा सुपरिवेक्षण समिति मार्फत आन्तरिक लेखा परिक्षणको व्यवस्था मिलाइने छ।

४. संस्थागत सुशासन एवं पारदर्शिताको लागि पत्रकार भेटघाट कार्यक्रम गरी संस्थाका गतिविधिहरु, नीति तथा कार्यक्रमलाई सार्वजनिकीकरण गरीने छ।

५. सेवाकेन्द्र स्तरीय ऋण लगानी तथा असुली कार्यदल, गाउँटोल समन्वय उपसमितिलाई ऋण लगानी एवं असुली सम्बन्धमा थप सक्रिय र जिम्मेवार बनाइने र हरेक सेवाकेन्द्रमा कम्तिमा एक जना कर्मचारीलाई ऋण असुलीका लागि जिम्मेवारी तोकिने छ।

६. वित्तीय विश्लेषण औजारको रुपमा रहेको पर्ल्स अनुगमन प्रणाली (PEARLS Monitoring System) को नियमित विश्लेषण गरी सूचकहरुलाई पूरा गर्न प्रभावकारी रणनीतिहरु अवलम्वन गरीने छ।

७. संस्थाको लेखामानलाई NFRS (Nepal Financial Reporting Standard) को आधारमा संस्थाको लेखापालन तथा तथ्यांक व्यवस्थापन गर्नको लागि आवश्यक स्रोत साधन र तालिमको व्यवस्था गरीने छ।

८. सहकारी विभागद्धारा लागू गरिएको सहकारी तथा गरीबी निवारण सम्बन्धी व्यवस्थापन सुचना प्रणाली-कोपोमिस (Co-operative and Poverty-related Management Information System - COPOMIS) मा संस्थाका विवरणहरु नियमित अद्यावधिक गर्दै सम्पत्ति शुद्धीकरण निवारणको लागि नेपाल सरकार र राष्ट्रबैंकद्धारा जारी नयाँ व्यवस्था अनुसार Go-AML (Anti Money Laundering) रिर्पोटिङ प्रणाली आबद्धता गराइनेछ।

९. सदस्यहरुको सूचना प्रणाली (MIS) लाई सफ्टवयर सिष्टममा व्यवस्थित गरी जात, धर्म, पेशा, वर्ग, क्षेत्र, लिंग उमेरको आधारमा तथ्यांक तयार गरीने छ।

१०. संस्थामा आवश्यक उपकरणहरुको खरिद, व्यवस्थापन र सुरक्षण गर्दै संस्थाका सदस्य र कर्मचारीहरुलाई उपकरण तथा प्रविधि सम्बन्धी आवश्यक क्षमता अभिबृद्धि गरीने छ।

११. कार्यालय कक्षको ढाँचा, फाइलिङ, सरसफाई व्यवस्थापन, स्थीर सम्पति सुरक्षा आदिको लागि ५ एस प्लस (Sort, Set in order, Shine, Standradize, Sustain + Safety) प्रक्रिया अनुरुप जाँच गरी आवश्यक सुधार गरीने छ।

१२. उद्यमी कृषक र व्यवसायी सदस्यहरुको पहिचानका लागि वोर्ड, ट्यागको व्यवस्था मिलाइने छ भने संस्थाको इमेज विल्डिङको लागि स्थानिय तह प्रवेश गर्ने मुख्य नाकाहरुमा जानकारी सहितको होडिङ बोर्ड व्यवस्थापन गरीने छ।

१३. तथ्यांक सुरक्षा र भण्डारणको लागि सर्भर, क्लाउड, विभिन्न ड्राइभ तथा प्रविधिको प्रयोगलाई प्रभावकारी बनाइने छ।

१४. जोखिम व्यवस्थापनको लागि नियमित रुपमा जोखिम विश्लेषण गरी आवश्यक योजना तथा रणनीतिहरु अवलम्वन गरीने छ। सबै कार्यालयहरुका भौतिक सामग्रीहरुको विमा जस्ता कार्यहरुलाई अघि बढाउदै अग्नि प्रतिरोधी दराज, अग्नि नियन्त्रक, नगद गन्ने मेसिन, डट प्रिन्टर, नक्कली नोट पत्ता लगाउने उपकरणहरुको थप व्यवस्था गरिने छ।

१५. सदस्यको सेवामा प्रभावकारिता बृद्धि गर्न, कर्मचारीको उत्पादकत्व बृद्धि गर्न, उत्पादनशिल समयको बचत र पेपरलेस सेवा विस्तारका लागि एक कर्मचारी एक कम्प्युटर/ल्यापटपको व्यवस्था गरीने छ भने एक बजार संकलक एक ट्याबलेट बैंकिङ डिभाइसको व्यवस्था मिलाइने छ।

१६. मानब संसाधन व्यवस्थापनको प्रशासनिक कार्य व्यवस्थित र प्रभावकारी बनाई उनिहरुको उत्पादकत्व बृद्धिका लागि छुट्टै मानव संसाधन सुचना प्रणाली सफ्टवेयर लागु गरिनेछ। भने हालको कोर बैंकिङ सफ्वेयर प्रणालीमा लघुउद्यम समुह तथा सामुहिक जमानी ऋणको व्यवस्थापन र संस्थाको स्थीर सम्पति व्यवस्थापनका लागि आवश्यक प्रणाली थप गरी व्यवस्थापन गरिनेछ।

१७. संस्थाको ACCESS Brand का ८६ वटा सूचकहरुलाई सवल बनाउँदै नेफ्स्कूनको प्राविधिक सहयोगमा एसियाली ऋण महासंघद्वारा सञ्चालित ACCESS Branding कार्यक्रममार्फत प्रमाणीकरण गर्दै एसियास्तरको ब्रचबलम प्राप्त गरी उत्कृष्ट, प्रतिस्पर्धी, दिगो एवम् सुरक्षित संस्था बनाउने अभियानमा ACCESS Branding कार्यक्रमको A1 Competitive Choice for Excellence in Service and Soundness लाई सफल बनाइने छ।

**घ) सिकाई एवं वृद्धि व्यवस्थापन :**

१. समिति, उपसमिति तथा कार्यदलको बैठकहरु नियमित गर्ने, बैठकमा सक्रियता र सहभागितालाई थप प्रभावकारी बनाइने छ। संस्थाका सबै समिति एवम् उपसमितिका पदाधिकारीहरुलाई नमूना बन्नको लागि अभिप्रेरित गरीने छ। सदस्यहरुलाई सञ्जालिकृत गर्दै समन्वयात्मक ढंगबाट सेवा प्रवाह गर्नको लागि वडास्तरीय समन्वय उपसमिति गठन गर्ने, गाउँटोल समन्वयन उपसमिति गठन गर्ने तथा सिवाईसी सकोसमा गठन भएका सम्पूर्ण संरचनाहरुलाई उद्देश्यमूलक रुपमा परिचालको व्यवस्था गरीने छ।

२. समिति तथा उपसमितिको वार्षिक रुपमा मूल्यांकनको आधारमा क्षमता विकास सम्बन्धी योजना तथा तालिमहरु तय गरीने छ।

३. कर्मचारीतन्त्रको विभागीय परिचालनलाई प्रभावकारी, चूस्त दुरुस्त बनाउने गरी संस्थागत सक्षमता विकास गर्न आवश्यक बमोजिम व्यवस्थापकीय व्यवस्थालाई पुनर्संरचना गर्ने र सो अनुरुपको दरबन्दीमा दक्ष कर्मचारी लगायतको व्यवस्था गरीने छ।

४. मानव संशाधनको क्षमता अभिबृद्धिका लागि स्वदेशी तथा विदेशी तालिम, गोष्ठी, सेमिनार, अध्ययन तथा अवलोकन भ्रमणमा सहभागिता गराइने छ।

५. सहकारी अभियानको सुदृढिकरण र संस्थाको कार्यक्षेत्रको व्यवसायिक एवं पर्यटन प्रबर्द्धनमा सहयोग पुग्ने गरी जिल्लादेखि तथा जिल्ला वाहिरबाट आउने सहकारीहरु विच सहकारी अवलोकन, अनुभव आदानप्रदान र अन्तरक्रिया कार्यक्रमलाई निरन्तरता दिइने छ।

६. सहकारी क्षेत्रमा कलम चलाउने एकजना पत्रकार, अभियानलाई सहयोग पुऱ्याउने अभियान्ता, असल सदस्य, असल बचतकर्ता, असल उद्यमी, असल छोरा बुहारी, असल कृषक, शेयर सदस्यका छोराछोरी मध्ये कक्षा १२ उत्तिर्ण उत्कृष्ट ५ जना (बराबर अंक भएको संख्या ५ भन्दा बढि भएमा थप हुन सक्नेछ), स्नातक तह उत्तिर्ण उत्कृष्ट १ महिला र १ पुरुष शेयर सदस्य, उत्कृष्ट सेवाकेन्द्र, उत्कृष्ट उपसमिति र सदस्य, उत्कृष्ट कार्यसम्पादन गर्ने र ऋण असुलीमा विशेष भुमिका निर्वाह गर्ने १/१ जना कर्मचारीलाई पुरस्कार तथा प्रशंसापत्रद्वारा वार्षिक रुपमा सम्मान गर्ने कार्यलाई थप विस्तार गर्दै निरन्तरता दिइने छ।

७. मानव संसाधन विभागको सवलीकरण गरी विद्युतिय हाजिरी, क्षमता विकासका विषयगत तथा विशिष्टीकृत तालिमहरुको व्यवस्था, कर्मचारीहरुलाई लिखित कार्यविवरण तथा लक्ष्य दिई सोही अनुसार प्रगति मूल्यांकनका लागि नयाँ मापदण्ड बमोजिम ३६० डिग्री कर्मचारी मुल्याङ्कन **(360 Degree Staff Appraisal)** विधि अनुरुप कार्यान्वयन गरीने छ।

८. कर्मचारीहरुलाई संस्थाको वित्तीय विश्लेषण, संस्थाको क्षमता, प्रतिस्पर्धी बजार एवम् विद्यमान नियम कानुन बमोजिम सेवा सुविधाहरु अद्यावधिक गरीने छ। कर्मचारीहरुलाई प्रतिस्पर्धी, सिर्जनशिल र व्यवस्थापकीय क्षमतामा परिपक्व बनाउने उद्धेश्यले उत्कृष्ट कार्यसम्पादन मुल्याङकनका आधारमा सेवा सुविधा थप तथा स्तरबृद्धि गरि थप जिम्मेवारी दिइने छ। साथै सिर्जनशिल क्षमता नदेखिएका, सन्तोषजनक कार्यसम्पादन नभएका, परिणाममुखी सेवा प्रदान नगर्ने कर्मचारीलाई कार्वाही सम्बन्धी नीतिगत व्यवस्थालाई कडाइका साथ लागु गरिने छ।

९. नेतृत्वदायी भूमिकामा कार्य गर्ने उच्च कर्मचारी व्यवस्थापन र सेवा केन्द्रप्रमुखहरुको कार्यसम्पादन सक्षमता बढाउन सहयोग गर्ने नीति अनुरुप व्यक्तिगत ल्यापटप तथा सवारी साधन खरिद गर्नका लागि संस्थागत रुपमा सहुलियत र सहजीकरण गर्नुका साथै व्यक्तिगत उपकरणको संस्थागत प्रयोग सम्वन्धमा संस्थागत नीति बनाइ उचित व्यवस्थापन गरिने छ।

१०. सदस्यहरुलाई वित्तिय, प्रविधि र ऋण साक्षरताका कार्यक्रमहरु प्रभावकारी रुपमा निरन्तर संचालन गरिने छ।

११. एकीकरण गर्न इच्छुक सहकारीसँस्थाहरुसँग समन्वय गर्दै शुद्ध ऋण रहेका र आवश्यक मात्रामा खराब कर्जा कोषको व्यवस्था गरेका, घाटामा वा डुवन्तमा नपरेका सुचकहरुका आधारमा मात्र संस्थाहरुसँग एकीकरण अभियानलाई निरन्तरता दिइने छ।

१२. सेवा केन्द्रहरुको स्तरोन्नती गर्ने, सेवा केन्द्र सञ्चालन स्वीकृति लिने, कार्यक्षेत्र विस्तार गर्ने र थप नयाँ सेवा केन्द्रहरु सञ्चालन गर्ने लगायतका कार्यालाई संस्थागत आवश्यकता र औचित्यका आधारमा प्रभावकारी रुपमा गरिने छ।

१३. सेवाकेन्द्र स्तरमा आफ्नै भवन निर्माणका लागि जग्गा व्यवस्थापनलाई आवश्यक बजेट विनियोजन गरीने छ।

### ङ) सामाजिक उत्तरदायित्व र साझेदारिता :

१. स्थानिय पालिक, संघ संस्था, क्लब, विद्यालय, आमा समुह आदिसँगको साझेदारितामा वित्तिय, प्रविधि र सहकारी शिक्षा, वाल क्लब गठन, हाजिरी जवाफ, वक्तृत्वकला, नृत्य प्रतियोगिता लगायतका कार्यक्रम संचालन गरीने छ।

२. ब्लड कलिङ सेवा अन्तर्गत समुदायमा जो कसैको जिवन रक्षाका लागि तत्काल रगतको आपूर्ति हुनसकोस भन्ने हेतुले रक्तदान गर्न ईच्छुक सदस्य एवं गैर सदस्यहरुको रक्त समुह पहिचान गरी नजिकका स्वास्थ्य संस्थालाई सुचि उपलब्ध गराउने कार्यालाई प्रभावकारी रुपमा निरन्तरता दिई रक्तदान कार्यक्रमहरु समेत आयोजना गरीने छ।

३. सहकारीहरुको असल अभ्यास आदानप्रदानका लागि सहकारी भ्रमणमा आउने सहकारी टोलीहरुको बसाई लम्बाई सांस्कृतिक एवं पर्यटकिय प्रबृर्द्धन र व्यापार व्यावसायको बृद्धिमा टेवा पुऱ्याईने छ।

४. गरीव तथा जेहेन्दार विद्यार्थीलाई १ कक्षादेखि +१२ सम्मको छात्रवृत्ति प्रदान गर्नका लागि यस वर्ष थप १ विद्यालयमा रु.१,००,०००|- अक्षयकोष स्थापना गरी सञ्चालनको व्यवस्था गरीने छ।

५. संस्थाका संचालक समिति, सल्लाहकार, उपसमिति, सेवा केन्द्र संचालन तथा व्यवस्थापन उपसमिति, सदस्य तथा कर्मचारीहरुसमेत संलग्न भएको १० जनादेखि २५ जना सम्मको ३ वटा सकारात्मक सोंच समूह गठन गरी परिक्षणको रुपमा समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने छलफल चौतारीको रुपमा विकास गरिने छ।

६. 'खाना, नाना र छानाको अभाव नहोस्, कोही सडकमा रहन नपरोस्' भन्ने भावना अनुरुप सिवाईसी साकोस मानवीय समवेदनशिलताको शुभभावनाले अभिप्रेरित भई मानव सेवा आश्रम बागलुङसँगको सहयोग र सहकार्यालाई निरन्तरता दिँदै संस्थाका संचालकहरुको १ दिनको बैठक भत्ता र कर्मचारीहरुको १ दिनको तलव सहयोग गर्ने नीतिलाई निरन्तरता दिइने छ।

७. समुदायमा सिवाईसी कार्यक्रम अन्तर्गत समुदायमा स्टेचर प्रदान गर्ने, मठमन्दिर मर्मत तथा संरक्षण, चौतारी संरक्षण, पोखरी स्रोत संरक्षण लगायतका कार्यक्रमहरुमा स्थानिय सरकार तथा विभिन्न संघसंस्था युवा क्लव, आमासमुह, तथा उपभोक्त समुहहरु सँग सहयोग एवं सहकार्य गरीने छ। साना अनुदान कार्यक्रमबाट सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गरीने छ।

८. विभिन्न स्थानीय तह, सरकारी तथा गैर सरकारी कार्यालय, संघ, संस्था एवम् सरोकारवाला निकायहरुसँग समन्वय एवं सहकार्य गरी स्वास्थ्य शिविर, रक्तदान शिविर, चौतारी, पोखरी स्रोत संरक्षण, प्राकृतिक प्रकोपमा राहत वितरणका कार्यहरु गरीने छ।

**च) भैपरी आउने काम र विगतको निरन्तरता :**

तत्काल सम्बोधन गर्नुपर्ने र भइपरि आउने कार्यहरु संचालक समितिको निर्णयबाट सञ्चालन गरीने छन् भने विगतमा सञ्चालित रहेका कार्यक्रमहरुलाई आबश्यकता अनुसार परिमार्जज गर्दै निरन्तरता दिइने छ।

अन्तमा,

संस्थाको उन्नति र प्रगतिमा विगतमा जस्तै यहाँहरुको रचनात्मक सहयोग र पृष्ठपोषण प्राप्त भैरहने अपेक्षा राख्दै प्रतिवेदनमा व्यापक छलफल गरि पारित गरिदिनुहुन अनुरोधका साथ सम्पूर्ण शेयर सदस्यज्यूहरु, संचालक समिति, लेखा सुपरिवेक्षण समिति, सेवाकेन्द्र उपसमितिहरु, विभिन्न विषयगत उपसमितिहरु, गाउटोल समन्वय उपसमितिहरु, सहयोगी संघसंस्थाहरु, पत्रकार, नागरिक समाज, सरोकारवाला निकाय, संस्थामा अहोरात्र खटि संस्थागत लक्ष्य प्राप्तीका लागि प्रतिबद्ध कर्मचारी मित्रहरु प्रति हार्दिक आभार व्यक्त गर्दै विदा चाहन्छु।

धन्यवाद ! जय सिवाईसी !! जय सहकारी !!!

(जयराम भारी)
सचिव

मिति : २०८०/०४/०१

# रात्रीकालिन इमर्जेन्सी सेवा सम्बन्धी सूचना

संस्थाले सहकारीको सात सिद्धान्त मध्येको समुदायप्रतिको चासो अन्तर्गत सदस्य तथा सदस्यका आफन्तहरूको माग र चाहनालाई ध्यानमा रात्रीकालीन ईमर्जेन्सी कलीङ सेवा सुरूवात गरेको छ । सदस्यहरूले संस्थाका सदस्य तथा सदस्यको एकाघर परिवार भित्र कुनै सम्वेदनशील अवस्था सिर्जना भई तत्काल उपचार गर्न पैसा र विरामी बोक्नका लागी स्टेचर आवश्यक परेमा रातभरी नै संस्थाको केन्द्रिय कार्यालय तथा २५ वटै सेवाकेन्द्रहरू मार्फत फोनबाट रात्रीकालीन इर्मेजेन्सी सेवा सञ्चालनमा रहेको जानकारी गराउदछौं ।

# सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि. बागलुङको १४ औं वार्षिक साधारण सभामा संस्थाका कोषाध्यक्ष श्री सितादेवी सापकोटा कँडेलज्यूबाट प्रस्तुत आर्थिक वर्ष ०७९/०८० को आर्थिक प्रतिवेदन, आ.व. ०७९/०८० को लेखापरीक्षण प्रतिवेदन र आ.व. ०८०/०८१ को प्रस्तावित आयव्यय विवरण

अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, उपस्थित संघ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, सल्लाहकारज्यूहरु, सञ्चालक समितिका पदाधिकारी सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरु, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, पत्रकारज्यूहरु, शेयर सदस्यज्यूहरु र उपस्थित सम्पूर्ण महानुभावहरु सम्पूर्णमा म संस्थाको कोषाध्यक्षको नाताले हार्दिक स्वागत अभिवादन व्यक्त गर्न चाहन्छु। सिवाईसी वचत तथा ऋण सहकारी संस्था लि. बागलुङको १४ औं वार्षिक साधारण सभामा संस्थाको तर्फबाट आ.व. ०७९/०८० को आर्थिक प्रगति प्रतिवेदन, आ.व. ०७९/०८० को लेखा परीक्षण प्रतिवेदन, आ.व. ०८०/०८१ को प्रस्तावित आय व्यय विवरण र कार्ययोजना प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु।

कार्यक्षेत्रका आम समुदायलाई आर्थिक सहभागिता मार्फत गुणस्तरिय जिवनयापनमा योगदान पुऱ्याउन र आर्थिक, सामाजिक, सास्कृतीक र वातावरणीय रुपमा विकास गर्न सहकारी ऐन, नियम र मापदण्ड भित्र रहि 'हुने खानेको पैसा हुँदा खानेमा पुऱ्याई सो वर्गलाई उचित प्रतिफल र हुदाँ खानेलाई वर्गलाई हुने खाने बनाउने' महान अभियानका साथ समाज तथा व्यक्तिमा रहेको पूँजि एकीकृत र परिचालन गर्दै देशको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउने र संलग्न व्यक्तिहरुको आत्मसम्मानमा अभिवृद्धि गराउने मान्यताका साथ संस्था स्थापनाकाल देखि नै क्रियाशिल रहिआएको छ। "दिगो, गुणस्तरीय, व्यवसायीक अग्रणी वित्तिय सहकारी संस्था" भन्ने संस्थागत परिकल्पना परिपूर्तिका लागि अभिभावक संस्था चारतारे युवा क्लब, सिवाईसी नेपालको आयोजनामा सम्पन्न प्रारम्भिक भेलाको निर्णयानुसार गठिन समुदायमा आधारित रहि क्रियाशिल रहेको यस संस्थाले "सदस्य बनौं सिवाईसीमा, हातेमालो देश विकासमा" भन्ने मुल नाराका साथ सदस्यहरुलाई आबद्ध गराई "सहकारी सिद्धान्त अनुरुप सदस्यहरुको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासका लागि आधुनिक प्रविधियुक्त र प्रतिस्पर्धात्मक वित्तिय र गैर वित्तिय सेवा प्रदान गर्ने।" भन्ने ध्येय अनुरुप २५ वटा सदस्य सेवाकेन्द्र मार्फत सदस्य सेवालाई अगाडि बढाउदैं आइरहेको छ।

**अध्यक्ष महोदय, आदरणीय शेयर सदस्यज्यूहरु,**

सहकारी सदस्यहरुद्वारा सदस्यहरुकै हितको लागी संगठित एक स्वायत्त एवं सामुहिक व्यवसायीक संस्था हो। शेयर सदस्यहरुको आपसी सद्भाव, सकरात्मक सोच, चिन्तन मनन्, वित्तीय साक्षरता, सामाजिक एवं सामुहिक प्रयासबाट मात्र सहकारी संस्थाको दिगो र संस्थागत विकास हुन्छ। सबै सदस्यहरुमा मेरो सहकारी, मेरो दायित्व र मेरो सरोकार भन्ने भावनाको अभिवृद्धि गराई सामुहिक प्रयासमा आईपर्ने विभिन्न समस्या एवं चुनौतिहरुको सहजै सामना गर्न सक्ने दिगो, भरपर्दो, बलियो र सुरक्षित व्यवसायीक संस्थाको रुपमा अगाडी बढाउन हाम्रो ज्ञान, सिप र अनुभवले भ्याएसम्म ध्यान दिएका छौ।

राष्ट्रिय र अन्तराष्ट्रिय रुपमा अर्थतन्त्रमा देखिएको मन्दीको प्रभावसँगै नेपालको सहकारी अभियानमा पनि तरलतामा संकुचन हुँदै जाने क्रममा देशभरमा केहि गलत अभ्यास गरिरहेका सहकारीहरुले बचत फिर्ता गर्न नसकेको सुचनाहरु आउन थाले, जसले सहकारी संस्थाहरुमा तरलताको समस्या झनै गहिरिदैं जान थाल्यो। बागलुङ जिल्लामा क्रियाशिल रहेका २ वटा सहकारीका संचालक एवं कर्मचारीहरु बचत फिर्ता गर्न नसकि सम्पर्क विहिन भएको अबस्थामा आम समुदाय स्तरमा सहकारीहरुका प्रति एक प्रकारको भ्रम र अविश्वासको वातावरण सिर्जना भई जिल्लामा क्रियाशिल सबै सहकारीहरुमा आबश्यकता भन्दा बढि बचत फिर्ता लिने सदस्यहरुको संख्यामा उल्लेख्य बृद्धि हुदै गयो। देशको समग्र अर्थतन्त्रमा देखिएको समस्याका कारण सिर्जना भएको तरलता संकटको मार र आरोप सहकारी अभियानले भोग्नु पऱ्यो। समस्या परेको बेला खाँचो टार्न सहकारी संस्थाहरुबाट ऋण लिएका केहि ऋणीहरुले तिर्नसक्ने क्षमता हुँदा समेत पर्ख र हेर अबस्थामा रहि नतिर्ने, केहिले अटेरी गर्ने जस्ता समस्या देखपरे भने अर्कोतर्फ अर्थतन्त्रमा आएको मन्दिका कारण सदस्यहरुको आयस्तरमा नै कमि हुदाँ ऋण तिर्न नसक्ने अबस्था देखियो। यि यावत समस्याका बावजुद शेयर सदस्य महानुभावहरुको संस्था प्रतिको माया, धैर्यता, विश्वास र सहकार्यले संस्था निरन्तर सेवामा अगाडी बढिरहेको छ। धेरैको ध्यान सहकारीको मूल्य, मान्यता, आदर्श र सिद्धान्तहरुलाई आत्मसाथ गरि सदस्य सेवामुखि हुनभन्दा पनि कसरी बढी भन्दा बढी मुनाफा दिन सकिन्छ र शेयर सदस्यहरुको विश्वास जित्न सकिन्छ भन्ने तर्फ आकर्षित हुदाँ अहिलेको जटिल परिवेशको सामना गर्नुपरेको यथार्थ हामी माझ स्पष्ट भईसकेको छ। संस्थाले स्थापनाकाल देखिनै आलोचना सहेरै पनि सहकारीका मूल्य मान्यता, आदर्श, सिद्धान्त र परिवर्तित सन्दर्भ अनुरुप आफुलाई अद्यावधिक गर्दै निरन्तर कार्यहरु अगाडी बढाईरहेकाले पनि आज संस्था दिगो रुपमा हामिलाई सेवा प्रवाह गर्न सक्षम रहेको छ।

**अध्यक्ष महोदय, आदरणीय शेयर सदस्यज्यूहरु,**

अस्वस्थ प्रतिस्पर्धात्मक रुपमा बजारमा देखिएको व्याजदरको उतारचढाव, बचत तानातानका लागि भएको अस्वस्थ प्रतिस्पर्धा, अर्थतन्त्रमा व्याप्त मन्दी, उपभोग्य बस्तुहरुको मुल्यबृद्धि, गहिरिदो वित्तिय एवं तरलता संकट, अस्थिर वित्तिय बजार र ऋणको दुरुपयोग जस्ता नितान्त प्राविधिक पक्षहरुले पार्ने प्रभाव कारण एकातर्फ सदस्यहरुको क्रयशक्तिमा क्षयीकरण भैरहेको अबस्था छ भने अर्कोतर्फ ऋण प्रयोगकर्ता सदस्यहरुमा वित्तिय अनुशासनमा देखिएको कमि जस्ता कारणहरुले संस्थाले लगानी गरेका ऋणहरु भाखा नाघ्न गई व्याज समेत अपेक्षाकृत रुपमा असुली हुन सकेको छैन। जसले संस्थाको नाफामा प्रत्यक्ष प्रभाव पर्न गएको छ। सम्पूर्ण **शेयर सदस्य महानुभावहरुमा म संस्थाको मालिक हुँ, संस्था प्रति मेरो पनि दायित्व हुन्छ भन्ने भावनाको विकास हुनु जरुरी छ।** त्यसैले विभिन्न शिर्षकमा संस्थाबाट लिएको ऋणलाई सहि सदुपयोग गरि ऋणको किस्ताहरु ऋण लिदांका बखत गरिएको सम्झौता अनुसार नियमित भुक्तानी गरि **मालिकले आफ्नो दायित्व पुरा गर्छ र सधै असल हुन्छ** भन्ने उक्तिलाई चरितार्थ गरिदिनुहुन यो गरिमामय सभा मार्फत सम्बन्धि सबै मालिकहरुसँग आग्रह गर्न चाहन्छु। अतः सिवाईसी साकोसलाई एक सवल, गुणस्तरिय र विश्वासिलो वित्तिय सहकारी संस्थाको रुपमा अगाडी बढाउदैं सदस्यहरुको हितको संरक्षण र सदस्यहरुको बचतको संरक्षण गर्नु हामि सबै सदस्यहरुको दायित्व हो।

अहिले समग्र अर्थतन्त्रमा कायम विषम परिस्थिति र सहकारी अभियान प्रति विश्वास घटिरहेको सन्दर्भमा पनि यस सिवाईसी साकोस प्रति यहाँहरुले गनुभएको विश्वास, भरोसा र सद्भावका लागि स-सम्मान आभार व्यक्त गर्न चाहन्छौं। सहकारी सिद्धान्तत गलत अभ्यासमा संचालित केहि सहकारीहरुको कारण समग्र सहकारी अभियान प्रति व्यक्त अविश्वास र कारोबार सन्दर्भमा महशुस भएको असुरक्षाका बाबजुद पनि यहाँहरुको संस्थाले आफ्ना सदस्य सेवाका कार्यक्रमहरु एवं कारोबारहरुलाई नियमित रुपमा संचालन गरिरहेको छ। जुन यहाँहरुले प्रदान गर्नुभएको हौसला, धैर्यता, माया र भरोसाले नै सम्भव तुल्याएको छ। जबसम्म हामी शेयर सदस्यहरुमा मेरो सहकारी, मेरो दायित्व र मेरो सरोकार भन्ने आत्मानुभुतिको भावन जागृत भईरहन्छ, तबसम्म यो संस्था यहाँहरुको सेवामा अटल रुपमा निरन्तर कामय रहिरहन सक्छ। तसर्थ यहाँहरुको लगानी भएको यस संस्थालाई माया र विश्वास गरि आफ्नो र परिवारको सम्पूर्ण वित्तिय तथा गैर वित्तिय कारोबार यसै संस्था मार्फत नियमित रुपमा गरिरहनु हुन हार्दिक अनुरोध गर्दछौं। सहकारी क्षेत्रमा देखिएका विकृतिहरुको अन्त गर्दै एउटा नमूना संस्था निर्माणका लागि गरिवी विरुद्धको संखघोष गर्दै शुरु भएको यस सिवाईसी अभियानमा संस्था संचालकका लागि यहाँहरुले सुम्पनु भएको जिम्मेवारीलाई आत्मसाथ गर्दै वर्तमान अवस्थासम्म आईपुग्दा प्राप्त भएका र हाँसिल गरेका उपलब्धीहरुमा अझ गुणात्मक बृद्धि गरि बढि भन्दा बढि सदस्यलाई लाभ पुग्ने बनाउन संस्थाका हरेक गतिविधिहरुलाई पारदर्शिपूर्ण तवरले राष्ट्रिय र अन्तराष्ट्रिय मापदण्ड बमोजिम अगाडी बढाईरहेका छौं।

**अध्यक्ष महोदय, आदरणीय सभासदज्यूहरु,**

अव म यस संस्थाद्वारा आ.ब. ०७९/०८० मा संचालन गरेका आर्थिक कारोवारहरुको समीक्षा तथा वास्तविक आय व्यय विवरण संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**आर्थिक समीक्षा**

**क)** **कूल पुँजी तथा दायित्वः**- आर्थिक वर्ष ०७८/०७९ मा कुल पुँजी तथा दायित्व २,०३,८५,८७,५५४.८८ रहेकोमा ०७९/०८० मा २,०४,०९,६७,०७२.४४ पुगेको छ भने वृद्धिद ०.१ प्रतिशत रहेको छ।

**ख)** **आम्दानी र खर्चः**- कूल आम्दानी रु.२४७३९३०८०/- र खर्च रु.२३१६२२२८१.४१/- भई संचालन नाफा रु.१,५७,७०,७९७.५९/- भएको छ।

**ग)** **कर** :- आयकर ऐन अनुसार कर गणना गर्दा रु.९,०१,१२३.०८/-आयकर लागेकोमा पुर्वभुक्तान अग्रिम आयकर र बैंक खातामा प्राप्त भएको व्याजमा कट्टी भएको अग्रिम व्याजकर रु.१३५२४५७२.४७/- रहेको छ। नेपाल सरकारको निर्णय अनुसार आयकरमा संशोधन भै नगरपालिका स्तरिय सहकारीलाई गत आ.व.को आयकरमा ५ प्रतिशत लाग्ने व्यवस्था भएकाले कर बापत जम्मा गरिएको रकम रु.१२६२३४४९.३९ आगामी बर्षहरुमा मिलान गर्न मिल्ने गरि अग्रिम भुक्तानी बाँकी रहन गएको छ। आयकर व्यवस्था पछिको जम्मा बचत (नाफा) रकम रु.१,४८,६९,६७४.५१ खुद बचत हुन आएकोले सो रकमलाई सहकारी ऐन २०७४ को दफा ६८-७० र सहकारी नियमावली २०७५ को दफा २७(१) अनुसार कोषहरुमा बाडँफाडको प्रस्ताव गरिएको छ।

**घ)** **कर्जा सुरक्षण कोष** :- आ.व. २०७९/०८० मा लगानीमा रहेको ऋण रु.१,४५,९३,७९,११९.४० रहेको छ। गत वर्ष ऋण सुरक्षण कोष व्यवस्था जम्मा रु. २,४०,०१,३३६.८१ रहेकोमा यस वर्ष रु.६,६७,१८४ थप भई रु.२,४६,६८,५२०.८१ हुन पुगेको छ।

**ङ)** **शेयर पूँजिः**- संस्थाको शेयर पुँजी गत आ.व.०७८/०७९ मा रु. ३८,८३,२१,०००/- रहेकोमा यस आ.व. ०७९/०८० मा रु.६१,२३,०००/-थप भई रु.३९,४४,४४,००० पुगेको छ। वृद्धिदर १.५७ % रहेको छ।

**च)** **बचत/निक्षेप तर्फ** :- गत आ.व. ०७८/०७९ मा बचत निक्षेप रु १,४८,८०,६१,३३३.३९ रहेकोमा यस वर्ष रु.१०,३५,५९,७४७.०१ ले कमि भई रु.१,३८,४५,०१,५८६.३८ रहेको छ।

छ) **ऋण लगानी तथा असुली :–** गत आ.व. ०७८/०७९ मा लगानीमा रहेको ऋण १,५५,२६,३७,१५५.४१ रहेकोमा यस वर्ष ९,३२,५८,०३६.०१ ले कमि भई रु.१,४५,९३,७९,११९.४० रहेको छ।

ज) **वाह्य संघ संस्थामा शेयर लगानी :–** गत आ.व. ०७८/०७९ मा रु. ३,१९,२२,०००.०० रहेकोमा यस वर्ष यथावत भई रु.३,१९,२२,०००।०० नै रहेको छ।

झ) **स्थिर सम्पत्ती :–** स्थिर सम्पत्ति तर्फ आ.व. ०७८/०७९ मा रु. २,७५,९८,६३४.८८ रहेकोमा रु.३४,९०,३०५.५६ ले कमी भई रु.२,४१,०८,३२९.३२ रहेको छ।

ञ) **तरलता :–** गत आ.व. ०७८/०७९ आषाढ मसान्तसम्ममा २८,२६,५८,६४२।१८ तरलता (बैंक तथा नगद) रहेकोमा यस वर्ष रु १८,७३,९५,६८१.०८ ले वृद्धि भई रु.४७,००,५४,३२३.२६ पुगेको छ। बचतको अनुपातमा तरलता ३३.९५ प्रतिशत रहेको छ।

ट) **संस्थागत पुँजी कोषहरु :–** संस्थाको समृद्धि र निरन्तरताको लागि खडा गरिएको विभिन्न कोषहरु मध्ये जगेडा कोषमा रु.७,५५,६२,१६१.६८ र घाटापूर्ति कोषमा रु.४०,४९,५३१.९६ गरी जम्मा संस्थागत कोषमा रु.७,९६,११,६९३.६४ पुगेको छ । कुल सम्पत्तीको अनुपातमा संस्थागत पूँजि ३.९० प्रतिशत रहेको छ।

ठ) **संरक्षीत पूँजि फिर्ता कोष :–** संस्थाका बचत तथा ऋण सम्बन्धी विविध उत्पादनहरुमा सक्रिय सहभागीता जनाई असल रुपमा कारोबार गर्ने सदस्यहरुलाई वितरण गर्नका लागि संरक्षित पुँजि फिर्ता कोषमा रु.२७,८८,०६३.९७ व्यवस्था भएकाले वित्तिय अनुशासन कायम गरि संस्थाबाट नै नियमित रुपमा वित्तीय कारोबार गर्नुहुन सबै शेयर सदस्यज्यूहरुमा अनुरोध छ।

**अध्यक्ष महोदय,**

अब म, संस्थाले यस आ.व.मा संचालन गर्न संस्थाका सचिवज्यूबाट भर्खरै प्रस्तुत नीति तथा कार्यक्रमहरुको आधारमा प्रस्तावित कार्ययोजना, आ.व ०७९/०८० को वास्तविक र आ.व ०८०/०८१ को अनुमानित आयव्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु। यो कार्ययोजना र अनुमानित आयव्यय तयार पार्दा निम्न कुराहरुलाई आधार मानिएको व्यहोरा समेत अनुरोध गर्दछु।

- गत विगतको प्रगति समीक्षा र ४ बर्षे रणनीतिक व्यवसायिक योजना।
- बचत तथा ऋण अभियान, प्रतिस्पर्धी बजार र अर्थतन्त्रको उतारचढाब।
- संस्थाको सर्वपक्षिय मुल्याङ्कनका आधारमा हुनुपर्ने वित्तिय कारोबारको सन्तुलन।
- सहकारी क्षेत्रको विगतको आधार, अनुभव र वर्तमान परिदृष्य।
- एकीकरण सम्भावना, त्यसको प्रभाव र सम्भावित कानुनी परिवर्तन।
- शेयर सदस्यहरुको आवश्यकता, माग, चाहाना र कारोबारमा सक्रियता।
- सहयोगी निकायहरुबाट उपलब्ध हुन सक्ने सहयोगको आधार।

**वास्तविक र प्रस्तावित वासलात : आ.व.०७९/०८० र ०८०/०८१**

| क्र. स | पुँजी तथा दायित्व | अनुमानित रकम आ.व.०७९/०८० | वास्तविक रकम आ.व.०७९/०८० | प्रस्तावित रकम आ.व.०८०/०८१ |
|---|---|---|---|---|
| १ | शेयर पूँजी हिसाव | ४५,९७,९५,००० | ३९,४४,४४,००० | ४३,६३,९१,४१६ |
| २ | संस्थागत पुजीकोष हिसाब | १२,२६,१२,००० | ७,९६,११,६९४ | १२,३२,७४,४११ |
| ३ | अन्य कोष हिसाव | ९,१३,४५,९४० | २,६३,७७,०११ | ६,१६,३७,२०६ |
| ४ | कर्जा सुरक्षण कोष हिसाब | ४,९१,५२,८५२ | २,४६,६८,५२१ | ५,२६,४७,७७४ |
| ५ | बचत निक्षेप हिसाब | २,१७,६३,६३,००० | १,३८,४५,०१,५८६ | २,१७,२७,११,४९७ |
| ६ | वाह्य ऋण/अन्तरशाखा हिसाब | ८,७३,६१,०५० | ९,६०,३३,३३३ | १५,४०,९३,०१४ |
| ७ | भुक्तानी दिनु पर्ने हिसाब | ५,२६,१५,१०८ | ३,५३,३०,९२८ | ४,२५,८१,७०९ |
| ८ | व्याज मुल्तबी हिसाब | २,६०,५५,०५० | ११,८७,२३,६१९ | ३,८५,२३,२५३ |
| | **जम्मा पुँजी तथा दायित्व** | ३,०६,५३,००,००० | २,१५,९६,९०,६९१ | ३,०८,१८,६०,२७९ |

| क्र. स | सम्पत्ति | अनुमानित रकम आ.व.०७९/०८० | वास्तविक रकम आ.व.०७९/०८० | प्रस्तावित रकम आ.व.०८०/०८१ |
|---|---|---|---|---|
| १ | नगद हिसाब | २,२९,८९,७५० | १,६४,३५,६६५ | २,३१,१३,९५२ |
| २ | बैंक हिसाब | ३६,७८,३६,००० | ४५,३६,१८,६५८ | ४१,६०,५१,१३८ |
| ३ | वित्तिय लगानी हिसाब | १६,८५,९१,५०० | ३,२८,७९,०८७ | १५,४०,९३,०१४ |
| ४ | ऋण लगानी हिसाब | २,३६,०२,८१,००० | १,४५,९३,७९,११९ | २,३२,६८,०४,५११ |
| ५ | पाउनुपर्ने व्याज हिसाब | २,६०,५५,०५० | ११,८७,२३,६१९ | ३,८५,२३,२५३ |
| ६ | पूर्व भुक्तान खर्च हिसाब | १,५३,२६,५०० | १,३५,२४,५७२ | १,५४,०९,३०१ |
| ७ | अन्य पाउनु पर्ने हिसाब | २,६०,५५,०५० | ३,९९,२५,४९९ | २,४६,५४,८८२ |
| ८ | स्थिर सम्पति हिसाब | ६,९५,००,००० | २,४१,०८,३२९ | ८,००,००,००० |
| ९ | अन्य सम्पती हिसाब | ८६,६५,१५० | १०,९६,१४२ | ३२,१०,२२८ |
| | **जम्मा सम्पत्ति** | ३,०६,५३,००,००० | २,१५,९६,९०,६९१ | ३,०८,१८,६०,२७९ |

**आ.व ०७९/०८० को अनुमानित आय, आ.व. ०७९/०८० को वास्ताविक आय र आ.व ०८०/०८१ को प्रस्तावित आय विवरण:**

| क्र.स | आम्दानी विवरण | अनुमानित आय आ.व.०७९/०८० | वास्तविक आय आ.व.०७९/०८० | प्रस्तावित आय आ.व.०८०/०८१ |
|---|---|---|---|---|
| १ | ऋणबाट प्राप्त व्याज | ३२,८२,६७,९६९ | २०,३७,१८,४४४ | ३४,०३,८८,३२४ |
| २ | बैंकवाट प्राप्त ब्याज | १,८३,९१,८०० | २,०९,५२,२४२ | २,२८,८२,८१३ |
| **३** | **अन्य आम्दानी** | ८,६४,४०,७३१ | २,२७,२२,३९४ | ७,२१,६९,१८८ |
| | वित्तिय लगानीबाट प्राप्त आम्दानी | २,०४,८०,६२३ | ४४,२९,६३१ | १,२१,५३,१८७ |
| | ऋणबाट प्राप्त अन्य आम्दानी | ५,०१,३५,६२४ | १,२५,३४,९६१ | ३,९६,९३,०५४ |
| | विप्रेषण सेवा प्रवाहबाट प्राप्त आम्दानी | २५,९३,२२२ | ९,२०,४६२ | २१,६५,०७६ |
| | डिजिटल सेवा प्रवाहबाट प्राप्त आम्दानी | ६९,१५,२५९ | ३०,४९,७७९ | ६४,९५,२२७ |
| | विविध आम्दानी | ८९,०९,२२६ | १७,८७,५६१ | १,३८,२७,७२१ |
| | **जम्मा कुल आम्दानी** | ४३,५६,९३,७२३ | २४,७३,९३,०८० | ४३,५४,४०,३२५ |

**आ.व ०७९/०८० को अनुमानित खर्च, आ.व. ०७९/०८० को वास्ताविक खर्च र आ.व ०८०/०८१ को प्रस्तावित खर्च विवरण:**

| क्र.सं. | खर्च विवरण | अनुमानित खर्च आ.व.०७९/०८० | वास्तविक खर्च आ.व.०७९/०८० | प्रस्तावित खर्च आ.व.०८०/०८१ |
|---|---|---|---|---|
| १ | वित्तिय खर्च | १९१,०७३,७५० | १५७,४६४,१८० | २०४,९१३,०९४ |
| | - वचतको व्याज खर्च | १८७,१८०,१७९ | १५५,६४५,५१६ | १९५,८६३,८२५ |
| | - वाह्य ऋणको व्याज खर्च | ३,८९३,५७१ | १,८१८,६६४ | ९,०४९,२६९ |
| २ | संचालन खर्च | १०१,९०६,००० | ७३,५३८,१०३ | १०२,४५६,५४७ |
| | - सुशासन तथा कार्यक्रमिक खर्च | २४,६९२,७६६ | १३,९४७,९६९ | २५,५१२,२३८ |
| | - कर्मचारी खर्च | ५०,९५३,००० | ३९,६९८,६९३ | ५०,९५३,००० |
| | - प्रशासनिक खर्च | १८,८३३,५५० | १५,२८७,७३९ | १८,९५४,४६१ |
| | - वजार खर्च | १,४२६,६८४ | ८४५,९८६ | १,५३६,८४८ |
| | - ह्रास खर्च | ६,०००,००० | ३,७५७,७१७ | ५,५००,००० |
| ३ | ऋण सुरक्षण खर्च | २५,८७४,७९१ | ६२०,००० | २७,९७९,२५३ |

| क्र.सं. | खर्च विवरण | अनुमानित खर्च आ.व.०७९/०८० | वास्तविक खर्च आ.व.०७९/०८० | प्रस्तावित खर्च आ.व.०८०/०८१ |
|---|---|---|---|---|
| जम्मा कुल खर्च | | ३१८,८५४,५४१ | २३१,६२२,२८३ | ३३,५३,४८,८९४ |
| ४ | नाफा | ११६,८३९,१८२ | १५,७७०,७९७ | १००,०९१,४३१ |
| | -कर्मचारी बोनस व्यवस्था | ११,६८३,९१८ | - | १०,००९,१४३ |
| | -आयकर व्यवस्था | ७,८८६,६४५ | ९०१,१२३ | ९,००८,२२९ |
| ५ | खुद वचत | ९५,१०९,७६१ | १४,८६९,६७४ | ८१,०७४,०५९ |

**आ.व ०७९/०८० को अनुमानित संचालन खर्च, आ.व. ०७९/०८० को वास्ताविक संचालन खर्च र आ.व ०८०/०८१ को प्रस्तावित संचालन खर्चको विस्तृत विवरण:**

| क्र.स | खर्च विवरण | अनुमानित खर्च आ.व.०७९/०८० | वास्तविक खर्च आ.व.०७९/०८० | प्रस्तावित खर्च आ.व.०८०/०८१ |
|---|---|---|---|---|
| २ | **सञ्चालन खर्च** | १०१९०६००० | ७३,५३८,१०३ | १०२,४५६,५४७ |
| **क** | **सुशासन तथा कार्यक्रमीक खर्च** | २,४६,९२,७६६ | १३,९४७,९६९ | २५,५१२,२३८ |
| १ | नीति, कार्यक्रम तथा योजना तयारी, निर्माण र समिक्षा खर्च | ६००,००० | - | ६००,००० |
| २ | साधारण सभा र विस्तारित मञ्च कार्यक्रम खर्च | ११,०००,००० | ११,६०२,१२६ | १३,२००,००० |
| ३ | समिति तथा उपसमिति बैठक भत्ता खर्च | ३,०२३,४०० | १,४४१,८०० | ३,०००,००० |
| ४ | समिति तथा उपसमिति बैठक व्यवस्थापन खर्च | १,६१२,५४० | २०५,८०५ | ८००,००० |
| ५ | सेवाकेन्द्र/संकलन (स्याटालाईट) केन्द्र स्थापना खर्च | १५०,००० | - | १५०,००० |
| ६ | सेवाकेन्द सामाजिक उत्तरदायित्व एवं प्रबर्द्धन कार्यक्रम खर्च | १,६००,००० | - | ८००,००० |
| ७ | समिति र कर्मचारी तालिम तथा शिक्षा खर्च | ८००,००० | - | ८००,००० |
| ८ | एक्सेस कार्यक्रम खर्च | १००,००० | ५९,९५० | २५०,००० |
| ९ | सदस्यता एवं कार्यक्रम नविकरण खर्च | २५०,००० | २३६,७९८ | २५०,००० |
| १० | एनएफआरएस बाह्य लेखा परिक्षण खर्च | २५०,००० | २००,००० | २५०,००० |
| ११ | एनएफआरएस आन्तरिक लेखा परिक्षण खर्च | ४००,००० | - | ३००,००० |
| १२ | आन्तरिक अनुगमन तथा सुपरिवेक्षण खर्च | ३००,००० | ५७,७६० | २००,००० |
| १३ | पत्रकार भेटघाट कार्यक्रम खर्च | ५०,००० | - | २५,००० |
| १४ | सामाजिक तथा साझदारी कार्यक्रम खर्च | ४००,००० | - | ३००,००० |
| १५ | महामारी तथा विपद् व्यवस्थापन कोष खर्च | १००,००० | - | - |
| १६ | दिवस,शुभकामना तथा पर्व जन्य खर्च | ३५०,००० | १३८,७३० | ४००,००० |
| १७ | अध्ययन, अबलोकन भ्रमण कार्यक्रम खर्च | ६००,००० | - | ६००,००० |
| १८ | कानुनी परामर्श खर्च | ७५,००० | - | १००,००० |
| १९ | सहकारी संस्था एकिकरण खर्च | १००,००० | - | १००,००० |
| २० | सदस्य विस्तार अभियान, भेला तथा शिक्षा खर्च | ४००,००० | - | ३५०,००० |
| २१ | वित्तिय तथा प्रविधि साक्षरता कार्यक्रम खर्च | २५०,००० | - | २००,००० |
| २२ | लघुउद्यम केन्द्र स्थापना र संचालन कार्यक्रम खर्च | २५०,००० | - | ३००,००० |

| क्र.स | खर्च विवरण | अनुमानित खर्च आ.व.०७९/०८० | वास्तविक खर्च आ.व.०७९/०८० | प्रस्तावित खर्च आ.व.०८०/०८१ |
|---|---|---|---|---|
| २३ | सदस्य उद्यमशिलता एवं व्यवसायिक सिप विकास खर्च | ४००,००० | - | ५००,००० |
| २४ | सहकारी पुराण तथा सरोकारवाला अन्तर्क्रिया कार्यक्रम खर्च | १५०,००० | | २००,००० |
| २५ | जागौं, जगाऔं र जोगाऔं अभियान कार्यक्रम खर्च | - | - | ३५०,००० |
| २६ | जेष्ठ सदस्य उत्प्रेरण एवं मातापिता कार्यक्रम खर्च | २००,००० | - | २००,००० |
| २७ | युवा तथा बालबालिका लक्षित कार्यक्रम तथा प्रबर्द्धन खर्च | २००,००० | ५,००० | २००,००० |
| २८ | पुरस्कार सम्मान तथा कार्यक्रम खर्च | २००,००० | - | १५०,००० |
| २९ | उत्पादन प्रबर्द्धन तथा प्रशोधन केन्द्र स्थापना कार्यक्रम खर्च | २००,००० | - | १५०,००० |
| ३० | होमस्टे तथा आन्तरिक पर्यटन प्रबर्द्धन कार्यक्रम खर्च | २००,००० | - | १५०,००० |
| ३१ | वातावरणमैत्रि नमुना गाँउ कार्यक्रम खर्च | - | | ३००,००० |
| ३२ | समुदायमा सिवाईसी कार्यक्रम खर्च | २००,००० | | १५०,००० |
| ३३ | आकस्मिक विविध कार्यक्रम खर्च | २८१,८२६ | - | १८७,२३८ |
| **ख** | **कर्मचारी खर्च जम्मा** | **५०,९५३,०००** | **३९,६९८,६९३** | **५०,९५३,०००** |
| १ | तलब तथा भत्ता खर्च | ४१,५००,००० | ३३,५२३,९२६ | ४१,५००,००० |
| २ | सामाजिक सुरक्षा कोष खर्च | ६,१८३,००० | ४,५०६,७०१ | ६,१८३,००० |
| ३ | पोशाक खर्च | १,१७०,००० | ९७२,००० | १,२७०,००० |
| ४ | कर्मचारी भर्ना तथा प्रशिक्षार्थी खर्च | ४००,००० | ३०६,९०० | ४००,००० |
| ६ | कर्मचारी विमा खर्च | १,३००,००० | ३८९,१६६ | १,२००,००० |
| ७ | कर्मचारी प्रोत्सहन खर्च | ४००,००० | - | ४००,००० |
| **ग** | **प्रशासनिक खर्च जम्मा** | **१८,८३३,५५०** | **१५,२८७,७३९** | **१८,९५४,४६१** |
| १ | सुचना, संचार खर्च | १,१००,००० | ४८९,३५१ | १,०००,००० |
| २ | ईन्टरनेट तथा भर्चुअल प्रविधि खर्च | ९००,००० | ५९६,३४० | ८००,००० |
| ३ | वेभसाईट नविकरण तथा प्रबर्द्धन खर्च | १००,००० | १५,००० | १००,००० |
| ४ | दर्ता तथा नविकरण खर्च | १५०,००० | १३६,७९८ | २००,००० |
| ५ | स्टेसनरी तथा मसलन्द खर्च | १,०००,००० | ५८५,२५१ | १,०००,००० |
| ६ | छपाई तथा प्रकाशन खर्च | २,५००,००० | १,५७४,०४१ | २,५००,००० |
| ७ | कार्यालय घरभाडा खर्च | ४,५००,००० | ३,७८५,८९० | ४,७००,००० |
| ८ | सफ्टवेयर खर्च | १,५००,००० | १,१४४,९७४ | १,५००,००० |
| ९ | कार्यालय विमा तथा सुरक्षा खर्च | ९००,००० | ५९०,२६८ | ९००,००० |
| १० | विद्युत तथा खानेपानी खर्च | ६००,००० | ४०३,६०५ | ६००,००० |
| ११ | अतिथी सत्कार खर्च | ७५,००० | २७,८९० | १००,००० |
| १२ | नखप्ने सामान खरिद | ७५,००० | - | ७५,००० |
| १३ | किचन तथा चियापान व्यवस्था खर्च | २२५,००० | ५०,९७२ | २००,००० |
| १४ | पुस्तक, पत्रपत्रिका तथा विज्ञापन खर्च | १५०,००० | १३८,७३० | २००,००० |

| क्र.स | खर्च विवरण | अनुमानित खर्च आ.व.०७९/०८० | वास्तविक खर्च आ.व.०७९/०८० | प्रस्तावित खर्च आ.व.०८०/०८१ |
|---|---|---|---|---|
| १५ | मर्मत संभार तथा सरसफाई खर्च | ७५०,००० | ५७७,७४६ | ८००,००० |
| १६ | ढुवानी तथा ज्याला खर्च | १००,००० | ६०,८७६ | ७५,००० |
| १७ | ईन्धन खर्च | ५२५,००० | ३६९,५८७ | ५००,००० |
| १८ | डिजिटल प्रविधि तथा एटिएम सेवा खर्च | २,३००,००० | १,९८३,४३३ | २,३००,००० |
| १९ | कानुनी प्रक्रिया तथा ऋण व्यवस्थापन खर्च | ३००,००० | २४,९९० | ५००,००० |
| २० | सन्तुष्टि सर्भे,तथ्यांक संकलन तथा व्यवस्थापन खर्च | २००,००० | - | २००,००० |
| २१ | शुल्क तथा कमिसन खर्च | ५५०,००० | १९,६१६ | २००,००० |
| २२ | भैपरी आउने विविध खर्च | ३३३,५५० | २,७१२,३८१ | ५०४,४६१ |
| **घ** | **बजार खर्च जम्मा** | **१,४२६,६८४** | **८४५,९८६** | **१,५३६,८४८** |
| १ | यातायात भाडा खर्च | ९७६,६८४ | ५७१,२३६ | ९००,००० |
| २ | दैनिक भ्रमण भत्ता खर्च | ४५०००० | २७४,७५० | ६३६,८४८ |
| **ङ** | **ह्रास खर्च जम्मा** | **६०,००,०००** | **३,७५७,७१७** | **५,५००,०००** |

**अध्यक्ष महोदय आदरणीय सभासदज्यूहरु,**

**उल्लेखित बजेटको लक्ष्यलाई हाँसिल गर्न निम्नानुसारका रणनीतिहरु अवलम्वनका लागि प्रस्ताव गरिएको छ :**

- संस्थाको बढ्दो कार्यवोझलाई मध्येनजर गरी सम्पूर्ण समिति उपसमितिहरुलाई क्रियाशील र परिचालनका लागि बजेटमा व्यवस्था गरिएको छ।
- संस्थाको सदस्य संख्या र विस्तारित कार्यक्षेत्रको आधारमा सदस्य सेवाकेन्द्रका लागि मानविय स्रोत तथा भौतिक समाग्री आबश्यक पर्ने भएकाले सोही अनुसार बजेटमा व्यवस्था गरिएको छ।
- संस्थाको आफ्नै घर जग्गा व्यवस्थापन/निर्माण/खरिदका (साधारण सभाको निर्णय अनुसार)का लागि बजेटमा व्यवस्था गरिएको छ।
- वचत र शेयर सदस्यता वृद्धिका लागि खुला नीति अवलम्बन तथा संस्था संचालनमा विकेन्द्रीकरण, कोषहरु वृद्धि र शीघ्र एवं गुणस्तरिय ऋण लगानी र असुलीको नयाँ नीति अनुरुप बजेटमा व्यवस्था मिलाईएको छ।
- लामो अबधि ऋण भाखा नघाई ऋण भुक्तानीमा अटेरी गर्ने र भुक्तानीमा समस्या रहेका ऋणहरुको हकमा प्रचलित कानुन अनुसार कानुनी प्रक्रिया अबलम्बनका लागि बजेटमा व्यवस्था गरिएको छ।
- वातावरणमैत्री गाउशहर कार्यक्रम, महिलाहरुमा उद्यमशिलताको विकास, ग्रामिण उत्पादनहरुको बजारीकरण जस्ता विषयहरु साझेदारीतामा संचालन गर्ने गरि बजेटमा प्रस्ताव गरिएको छ।
- बचतमा विविधिकरण र व्याजदरमा गरिएको समसामायिक शंसोधनलाई प्रस्तावित बजेटको आम्दानी खर्चमा संलग्न गरिएको छ।
- सामाजिक सुरक्षा र मानवीय समवेदनालाई बजेटमा सम्वोधनको गरिएको छ।
- सदस्यहरुलाई वित्तीय रुपमा सक्षम बनाई बचत गर्ने वानीको विकासका लागि कुल सदस्य संख्याको २५ प्रतिशतलाई वित्तीय साक्षरता, पेशागत तालिम, प्राविधिक साक्षरता, स्वास्थ्य साक्षरता, कानुनी शिक्षा लगायतका कक्षा सञ्चालनको प्रस्ताव गरिएको छ।
- सहकारीका राष्ट्रिय, अन्तराष्ट्रिय मूल्य मान्यता र सिद्दान्त अनूरुप नीति, नियम, निर्देशिका र कार्यविधिहरु तर्जुमा र पुनरावलोकनका लागि बजेटमा व्यवस्था गरिएको छ।

**अध्यक्ष महोदय,**

माथि उल्लेखित लक्ष्य हाँसिल गर्नका लागि शेयर सदस्यज्यूहरुको महत्वपूर्ण साथ र सहयोगको आवश्यकता पर्दछ। त्यसैले यिनै कुराहरुमा साझा सहमति जुटोस् भन्ने अभिप्राय रहेकोछ। यस आ.व.०७९/०८० मा प्रस्ताव गरेको बजेटमा निम्न कुराहरुले कार्यक्रमको उपलब्धी हाँसिलमा असर हुन सक्ने व्यहोरा समेत अनुरोध गर्दछु ।

- समग्र सहकारीका क्षेत्रप्रति बढिरहेको अविश्वास र त्यसले वित्तिय कारोबारमा पारिरहेको नकारात्मक प्रभाव तथा सहकारी प्रतिको विश्वासमा पुनजागृत हुन लाग्ने समय ।
- बागलुङको सहकारी अभियान प्रति घटिरहेको जनविश्वासका कारण सदस्यता बृद्धि, बचत बृद्धि, ऋण लगानी असुली लगायतका विविध आयामहरुको लक्ष्य परिपूर्ति पर्ने प्रभाव ।
- युवा जनशक्तिको बैदेशिक पलायन, उपभोगमा आएको कमि, आम व्यवसायीमा देखिएको आत्मविश्वासको कमि आदीले व्यवसायीक क्रियाकलापमा पार्ने प्रभाव ।
- कोभिड १९ महामारी प्रकोप, क्षेत्रिय युद्ध एवं सम्भावित विश्वयुद्ध संन्त्रास, अर्थतन्त्रमा देखिएको मन्दि, मुद्रास्फीति, बस्तु तथा सेवाको अति मुल्य बृद्धि जस्ता कारणबाट परेका असरहरु र तिनको दिर्घकालिन रुपमा सदस्य एवं संस्थामा पर्न सक्ने प्रभाव ।
- लामो समयदेखि वित्तीय क्षेत्रमा कायम तरलताको उत्तार-चढावका कारण मुलुकको आर्थिक सामाजिक क्रियाकलापमा पर्न सक्ने प्रभाव ।
- घरजग्गा तथा पूँजी बजारमा देखिएको मन्दीका कारण पर्न सक्ने असरहरु ।
- केन्द्रीय बैंक तथा सहकारी विभागले वैंक तथा वित्तीय संस्था सम्बन्धि नीति/निर्देशनमा परिवर्तन गर्दा पर्नसक्ने असरहरु ।
- प्रदेश एवं स्थानीय निकायहरुले सहकारी क्षेत्रबारे तर्जुमा गर्ने नीति र सहकारी प्रतिको दृष्टिकोणले पर्न सक्ने असर ।
- संस्थाले प्रदान गरेको/गरिने अल्पकालीन, मध्यकालीन र दीर्घकालीन ऋणहरु समयमा भुक्तानी नहुँदा पर्नसक्ने असरहरु ।
- वित्तिय बजारमा हाल संचालनमा रहेका तथा नवप्रवेशी वैंक तथा वित्तीय संस्थाहरु र यिनीहरुबाट हुने प्रतिस्पर्धाका कारण पर्न सक्ने असरहरु ।
- महामारी, आगलागी, वाढि पहिरो र भुकम्प जस्ता प्राकृतिक प्रकोपहरुबाट शेयर सदस्यहरुमा पर्न सक्ने आर्थिक एवं मानसिक नकरात्मक असर र दिर्घकालिन प्रभावहरु ।

यी कारणहरुबाट संस्थालाई पर्नसक्ने जोखिम तथा वित्तीय उपलव्धी प्राप्तिका लागि संस्थाबाट आवश्यक संभावित नोक्सानीको व्यवस्था गर्नुका साथै सुरक्षित लगानीको विभिन्न अवसरहरुको पहिचान गर्न र संभावित हानी नोक्सानी हुन नदिन वजेटमा आवश्यक व्यवस्था मिलाईएको छ ।

**अध्यक्ष महोदय, आदरणीय शेयर सदस्यज्यूहरु,**

यस प्रतिवेदनमा प्रस्तुत गरिएको वित्तीय विवरणलाई सारभूत रुपमा नजिक ल्याउनको लागि यहाँहरुको अतुलनीय योगदान र संस्था प्रति अटल विश्वास रहने कुरा अनुरोध गर्न चाहान्छु । शेयर सदस्यहरु संस्थामा नियमित रुपमा सम्पूर्ण वित्तिय कारोबार गर्ने र संस्थाबाट उपलब्ध सबै सेवाहरुमा आवद्ध हुदा मात्र संस्थाको प्रगति सम्भव छ । संस्थालाई साथ सहयोग, माया, विश्वास तथा धैर्य गरि वित्तिय एवं गैर वित्तिय कारोबारमा नियमित सहकार्यका लागि पुन सबै सदस्यहरुमा हार्दिक अपिल गर्न चाहन्छु । संस्थाका सम्पूर्ण शेयर सदस्यज्यूहरु, संस्थाका संचालक समिति, लेखा सुपरिवेक्षण समिति, सेवाकेन्द्र उपसमितिहरु, विभिन्न विषयगत उपसमितिहरु, गाउटोल समन्वय उपसमितिहरु, सहयोगी संघसंस्थाहरु, पत्रकार, नागरिक समाज, सरोकारवाला निकाय, संस्थामा अहोरात्र खटि संस्थागत लक्ष्य प्राप्तीका लागि प्रतिबद्ध कर्मचारी मित्रहरु प्रति हार्दिक आभार व्यक्त गर्दै यस संस्थाको गत आर्थिक वर्ष ०७९/०८० को आर्थिक विवरण तथा चालु आ.व ०८०/०८१ को प्रस्तावित वार्षिक बजेट श्रवण गरिदिनु भएकोमा उपस्थित सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दै प्रस्तुत प्रतिवेदन छलफल गरी पारीत गरिदिनु हुन अनुरोध गर्दै विदा चाहान्छु ।

धन्यवाद जय ! सिवाईसी !! जय सहकारी !!!

(सितादेवी सापकोटा कंडेल)

कोषाध्यक्ष

मिति : २०८०/०४/०१

D. KHADKA & ASSOCIATES
Chartered Accountants

## सिवाईसी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सदस्य महानुभावहरु समक्ष स्वतन्त्र लेखापरिक्षकको प्रतिवेदन

हामीले यस **सिवाईसी बचत तथा ऋण सहकारी संस्था लिमिटेड**, वार्ड न. ०२, बागलुङ नगरपालिका बागलुङ ३१ अषाढ २०८० को यसैसाथ संलग्न वित्तिय अवस्थाको विवरण (बासलात) सोही मितीमा समाप्त भएको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, कोषमा परिवर्तन तथा अन्य प्रमुख लेखा सम्बन्धि निति तथा टिप्पणीहरुको लेखापरिक्षण गरेका छौ ।

**हाम्रो राय**

प्रस्तुत वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदनमान (NFRS ) अनुरुप तयार भएको छैन । वित्तीय प्रतिवेदनको ढाँचा परिवर्तन हुँदा संक्रमणकालीन व्यबस्था अनुरुपको वित्तीय विवरणहरु तयार गरिएको छैन । सो व्यबस्था अनुरुप नँया लेखानीतिका आधारमा वित्तीय सुचनाहरुको पहिचान, पुर्नस्थापना, प्रस्तुतीकरण र खुलासाको आवश्यकता पर्दछ । नेपाल वित्तीय प्रतिवेदनमा अनुरुप वित्तीय सुचनाको पुर्नस्थापना, प्रस्तुतीकरण र खुलासाको संचित असर अनिश्चित साथै सारभुत र व्यापक हुन सक्छ ।

उल्लेखित विषयवस्तुको सारगर्भीयताका कारण, हामिले नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको वित्तीय विवरण उपर राय ब्यक्त गर्नका लागी पर्याप्त एंव उपयुक्त लेखापरिक्षण प्रमाण प्राप्त गर्न सकेनौ । यसकारण नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप तयार नभएको प्रतिवेदन उपर हामी राय दिदैनौ ।

उद्यपी रायका आधार र लेखा सम्बन्धि टिप्पणीहरुको बुदा न. **१०, १५, २२ र २८** मा लेखिएका कुराहरु तथा यसबाट वित्तीय विवरणमा पर्ने असर बाहेक हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरु लेखासंग सम्बन्धित टिप्पणीहरुका साथ अध्ययन गर्दा, ३१ अषाढ २०८० को आर्थीक स्थिती तथा सोही मितीमा समाप्त भएको आ.व. को संचालन नतिजा र नगद प्रवाहको सहि चीत्रण गरेको छ र यी विवरणहरु सहकारी ऐन तथा नियमावली बमोजीम तयार गरिएका छन ।

**रायको आधार**

हामीले हाम्रो लेखा परिक्षण, नेपाल लेखापरिक्षणमान, सहकारी ऐन तथा प्रचलित लेखापरिक्षणमान सिद्धान्तको आधारमा रहि सम्पन्न गरेका छौं । वित्तिय विवरण सारभूत रुपमा गलत आंकडा रहित छ भन्ने कूरामा विश्वस्त हूनका लागि लेखापरिक्षणमान तथा सिद्धान्त अनूसार लेखापरिक्षण योजना तयार गरी तद्अनूसार परिक्षण सम्पन्न गर्न पर्दछ । वित्तय विवरणमा उल्लेखित रकम र खूलाइएका अन्य विवरणहरुलाई पूष्ट्याईं गर्ने प्रमाणहरु छडके परिक्षण समेत लेखापरिक्षणमा समावेश गरिएको हून्छ । संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनूमान एवं वित्तिय विवरण प्रस्तूतिको समग्र स्थितिको समग्र मूल्यांकन पनि लेखापरिक्षणमा समावेश हून्छ । लेखापरिक्षणको हाम्रो मान्यतालाई पर्याप्त आधार प्रदान गर्ने कूरामा हामी विश्वस्त छौं ।

यस संस्थाले नेपालमा जारी नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको वित्तीय विवरणहरु तयार गर्नुपर्नेमा सो बमोजीम वित्तीय विवरणहरु तयार गरेको छैन । यसरी  नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको वित्तीय विवरणहरु तयार नहुँदा यसबाट वित्तीय विवरणहरुमा पर्न जाने असर अनिश्चित तथा ब्यापक हुन सक्छ ।

संस्थाले स्थिर सम्पतिको ह्रासकट्टि गर्दा आयकर ऐनले तोकेको दरमा गरेकोले नेपाल लेखामान १६ अनुसार सम्पतिको आयु अनुसार नभएको पाईयो ।

**व्यवस्थापन तथा सुशासनसँग सम्बन्धित व्यक्तिहरुको दायित्व**

नेपाल वित्तीउ प्रतिवेदनमान अनुरुप यर्थाथ र उचित चित्रण गर्ने वित्तिय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अर्न्तगत जाल साझी वा गल्ती तथा सारभुत किसिमले त्रुटिरहीत, वित्तिय विवरण तयार गर्न , आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने कार्य, लेखा नितिहरुको छनौट तथा लागू गर्न एवं परिस्थिति अनुसार लेखा सम्वन्धी महत्वपुर्ण अनुमान गर्ने कार्य पर्दछ ।

Kathmandu- 07, Sifal
ContactNo+977-9843937200
Email: cadka08@gmail.

D. KHADKA & ASSOCIATES
Chartered Accountants

**लेखापरिक्षकको दायित्व**

हाम्रो उद्देश्य व्यवस्थापनले तयार गरेका वित्तिय विवरण लेखापरीक्षणको आधारमा सारभूत रुपमा गलत आंकडाबाट मूक्त छ भनेर मनासिब रुपमा विश्वस्त भई हाम्रो मन्तव्य सहितको प्रतिवेदन जारी गर्नू हो । मनासिब रुपमा विश्वसनियता एक उच्च तवरको विश्वसनियता भएता पनि लेखापरिक्षणमान अनूसार गरिएको लेखापरिक्षणले सम्पूर्ण सारभूत गलत आंकडा पत्ता नलगाउन पनि सक्छ । गलत आंकडा त्यसबेला सारभूत मानिन्छन्, जब तयस्ता आंकडाले एक्लै वा समग्रमा, पाठकले वित्तिय विवरणको आधारमा लिने आर्थिक निर्णयमा कूनै असर पार्दछ । हामीले नेपाल लेखापरीक्षण मान बमोजिम लेखापरीक्षण सम्पन्न गरेका छौं । यी लेखापरीक्षण मानले हामीलाई व्यवसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभुत रुपमा त्रूटि रहित भएको बारेमा मनासिव आश्वासन प्राप्त गर्न हामीलाई लेखापरीक्षणको योजना तर्जूमा गरी लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउंदछ ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खूलासालाई पूष्टि गर्ने प्रमाण प्राप्त गर्ने सम्वन्धि छड्के परिक्षण समेतको सम्पादन कार्यविधि संलग्न हून्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तिबाट होस्, सारभुत रुपमा त्रूटियूक्त प्रस्तूति हून सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यवसायिक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा हामीले सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणाली उपर नै राय व्यक्त गर्ने उदेश्य नभई, परिस्थीति अनूसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा सहकारी संस्थाले वित्तीय विवरण तयार एवम् प्रस्तूति गर्ने क्रममा अवलम्वन गरेको आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्धारा प्रयोगमा ल्याइएका लेखा सिद्धान्तहरु एवम् गरिएका महत्वपुर्ण अनूमानहरुको उपयूक्तताको मुल्यांकनका साथै समग्र वित्तीय विवरण प्रस्तूतिको लेखाजोखा समेत समावेश हून्छ । हाम्रो लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कूरामा हामी विश्वस्त छौं ।

**अन्य कानूनी तथा नियमनकारी व्यवस्था माथिको प्रतिवेदन**

क) हामीले लेखापरिक्षणको सिलसिलामा आवश्यक ठानेका सबै सूचना र स्पष्टिकरणहरु यथाशिघ्र पायौं,

ख) संलग्न वासलात तथा नाफा नोक्सान हिसाब संस्थाले राखेको हिसाब किताबसंग दूरुस्त रहेका छन्,

ग) हामीले लेखापरिक्षण गरेका श्रेस्ताहरुको आधारमा संस्थाको हिसाव किताववहरु प्रचलित कानुन बमोजिम ठीक संग राखिएका छन् ।

घ) हामीले प्राप्त गरेको सूचना एवं हामीलाई दिइएको स्पष्टिकरण तथा संस्थाको हिसाब किताब परीक्षणबाट संस्थाको सञ्चालक समितिले वा संस्थाका कूनै पनि कर्मचारीहरुले सहकारी ऐन विपरित कामकाज गरेको वा सदस्यहरुको हित बिरुद्ध काम गरेको पाइएन ।

ङ) हामीले दिएको आर्थिक विवरणको लेखा नीति तथा लेखा परिक्षणको टिप्पणीमा औंलाइएको टिप्पणी बाहेक अन्य वित्तिय विवरणहरु यथार्थ चित्रण गर्दछन् ।

सि.ए दिपेन्द्र खड्का
प्रोपाईटर
निमित्त: डी. खड्का एण्ड एसोसिएट्स
चाटर्ड एकाउन्टेन्ट्स
UDIN: 230830CA01904bTrC2.

मिती : २०८०/०५/१४
स्थान: काठमाँडौ, नेपाल

Kathmandu- 07, Sifal
ContactNo+977-9843937200
Email: cadka08@gmail

# वित्तीय अवस्थाको विवरण (वासलात)

## २०८० साल असार मसान्तको

| सम्पत्ति विवरण | अनुसूची | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|---|
| नगद तथा नगद समान | ७ | १६,४३५,६६४.९१ | १७,३२५,६३८.०५ |
| बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ८ | ४५३,६१८,६५८.३५ | २६५,३३३,००४.१३ |
| लगानी हिसाव | ९ | ३२,८७९,०८६.८१ | १२७,८०१,६८०.१४ |
| ग्राहकलाई कर्जा तथा सापटी | १० | १,४५९,३७९,११९.४० | १,५५२,६३७,१५५.४१ |
| चालू सम्पत्ती (धरौटी तथा अन्य) | ११ | ५३,४५०,०७१.५५ | ४६,१३५,४३५.५९ |
| स्थिर सम्पत्ति | १२ | २४,१०८,३२९.३२ | २७,५९८,६३४.८८ |
| स्थगन कर सम्पत्ति | | ८४,१५६.६० | २५०,५७०.६८ |
| अन्य सम्पत्ति (मसलन्द मौज्दात) | | १,०११,९८५.५० | १,५०५,४३६.०० |
| **कूल सम्पत्ति** | | **२,०४०,९६७,०७२।४४** | **२,०३८,५८७,५५४।८८** |

| पुंजी तथा दायित्व विवरण | अनुसूची | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|---|
| **दायित्व** | | | |
| सदस्यबाट निक्षेप दायित्व | ३ | १,३८४,५०१,५८६.३८ | १,४८८,०६१,३३३.३९ |
| तिर्न बाँकि कर्जा तथा सापटी | ४ | ९६,०३३,३३३.३३ | ६००,०००.०० |
| सम्भावित ऋण जोखिम व्यवस्था | ५ | २४,६६८,५२०.८१ | २४,००१,३३६.८१ |
| चालू कर दायित्व | | ७३४,७०९.०० | १,५६७,७०५.०० |
| चालू दायित्व तथा व्यवस्था | ६ | ३४,५९६,२१८.५८ | ३१,५६५,५४०.८२ |
| **कूल दायित्व पूँजी** | | **१,५४०,५३४,३६८।११** | **१,५४५,७९५,९१६।०२** |
| शेयर पुंजी | १ | ३९४,४४४,०००.०० | ३८८,३२१,०००.०० |
| साधारण जगेडा कोष | २ | ७५,५६२,१६१.६८ | ७१,३१४,६३४.६१ |
| अन्य कोष | २ | ३०,४२६,५४२.६५ | ३३,१५६,००४.२५ |
| **कुल पूँजी** | | **५००,४३२,७०४।३३** | **४९२,७९१,६३८।८६** |
| **कुल पुंजी तथा दायित्व** | | **२,०४०,९६७,०७२।४४** | **२,०३८,५८७,५५४।८८** |

प्रमूख लेखा नीतिहरू र लेखा सम्बन्धी टिप्पणीहरु - अनुसुची १९

१ देखि १२ सम्मका अनूसुचीहरू वासलातका अभिन्न अंग हुन् ।

मितिः २०८०/०५/१२

स्थान : बा.न.पा-०२, बागलुङ, नेपाल ।



# नाफा वा नोक्सान विवरण

## मिति २०७९ श्रावण १ गते देखि २०८० असार ३१ गते सम्म

| **विवरण** | **अनुसूची** | **असार मसान्त २०८०** | **असार मसान्त २०७९** |
|---|---|---|---|
| ब्याज आम्दानी | १३ | २२९,१००,३१७.१३ | १९८,४७३,३४८.०९ |
| ब्याज खर्च | १४ | १५७,४६४,१७९.९२ | १३४,०५९,१६३.८४ |
| **खुद ब्याज आम्दानी** | | ७१,६३६,१३७।२१ | ६४,४१४,१८४।२५ |
| अन्य सञ्चालन आम्दानी | १५ | १८,२९२,७६२.८७ | ३१,६३२,०२०.६७ |
| **कूल सञ्चालन आम्दानी** | | ८९,९२८,९००।०८ | ९६,०४६,२०४।९२ |
| कर्मचारी खर्च | १६ | ३९,६९८,६९२.७५ | ३६,६८८,८५६.२१ |
| अन्य सञ्चालन खर्च | १७ | ३०,०८१,६९३.१८ | ३१,८३७,४२८.७४ |
| **ह्रासकट्टी अघिको संचालन मुनाफा** | | २०,१४८,५१४।१५ | २७,५१९,९१९।९७ |
| ह्रासकट्टी खर्च | १२ | ३,७५७,७१६.५६ | ४,५४२,९३९.३३ |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | १६,३९०,७९७।५९ | २२,९७६,९८०।६४ |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | १८ | ६२०,०००.०० | ५५०,०००.०० |
| **सञ्चालन मुनाफा** | | १५,७७०,७९७।५९ | २२,४२६,९८०।६४ |
| गैर सञ्चालन आम्दानी/नोक्सान | | - | - |
| **नियमित कारोवारवाट भएको मुनाफा** | | १५,७७०,७९७।५९ | २२,४२६,९८०।६४ |
| असामान्य कारोवारहरुबाट भएको मुनाफा/खर्च | | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | | १५,७७०,७९७।५९ | २२,४२६,९८०।६४ |
| कर्मचारी बोनस खर्च | | - | २,२४२,६९८।०६ |
| **आयकर व्यवस्था अघिको मूनाफा** | | १५,७७०,७९७।५९ | २०,१८४,२८२।५८ |
| आयकर व्यवस्था | | ९०१,१२३।०८ | १,३१७,१३४।३२ |
| • यस वर्षको कर व्यवस्था ( प्रतिशत) | | ७३४,७०९.०० | १,५६७,७०५.०० |
| • यस वर्षको स्थगन कर (आम्दानी)/खर्च | | १६६,४१४.०८ | (२५०,५७०.६८) |
| **खुद नाफा/नोक्सान** | | १४,८६९,६७४।५१ | १८,८६७,१४८।२६ |

१३ देखि १८ सम्मका अनूसुचीहरू नाफा नोक्सान हिसावका अभिन्न अंग हुन् ।

मिति: २०८०/०५/१२

स्थान : बा.न.पा-०२, बागलुङ, नेपाल ।



# नगद प्रवाह विवरण

## मिति २०७९ श्रावण १ गते देखि २०८० असार ३१ गते सम्म

| विवरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| **कारोबार सञ्चालनबाट भएको खुद नगद प्रवाह (क)** | **१८,६२७,३९१।०७** | **२३,४१०,०८७।५९** |
| **नगद प्राप्ति** | **२५१,१५०,७९६।५६** | **२३४,६४८,३०८।०९** |
| १.१ ब्याज आम्दानी | २०८,१४८,०७५.४० | १७५,२२१,१६४.४८ |
| १.२ बैंक ब्याज आम्दानी | २०,९५२,२४१.७३ | २३,२५२,१८३.६१ |
| १.३ अन्य आम्दानी | १८,२९२,७६२.८७ | ३१,६३२,०२०.६७ |
| जोड :ह्रास कट्टी | ३,७५७,७१६.५६ | ४,५४२,९३९.३३ |
| **नगद भूक्तानी** | **(२३२,५२३,४०५।४८)** | **(२११,२३८,२२०।५०)** |
| २.१ ब्याज खर्च | (१५७,४६४,१७९.९२) | (१३४,०५९,१६३.८४) |
| २.२ कर्मचारी खर्च | (३९,६९८,६९२.७५) | (३६,६८८,८५६.२१) |
| २.३ कार्यालय सञ्चालन खर्च | (३५,३६०,५३२.८१) | (४०,४९०,२००.४५) |
| **लगानीबाट खुद नगद प्रवाह (ख)** | **१८१,२५८,४४६।९६** | **(२१६,४८८,५३२।१०)** |
| १. ऋण लगानीमा कमी/(बृद्धि) | ९३,२५८,०३६.०१ | (४३५,५८६,१७१.९३) |
| २. लगानीमा कमी/(बृद्धि) | ९४,९२२,५९३.३३ | २२८,९८६,८३७.८६ |
| ३. स्थीर सम्पत्तिमा कमी/(बृद्धि) | (२६७,४११.००) | (९,६३५,२८८.००) |
| ४. अन्य सम्पत्तिमा कमी/(बृद्धि) | ६५९,८६४.५८ | (१,११०,६३८.६८) |
| ५. पाउनुपर्ने हिसावमा कमी/(बृद्धि) | (७,३१४,६३५.९६) | ८५६,७२८.६५ |
| **वित्तीय कारोबारबाट भएको खुद नगद प्रवाह (ग)** | **(१२,४९०,१५६।९६)** | **६२,२९६,९१८।३६** |
| १. बचत तथा निक्षेप दायित्वमा बृद्धि/(कमी) | (१०३,५५९,७४७.०१) | ११,०४८,२१२.०२ |
| २. शेयर पुंजीमा बृद्धि/(कमी) | ६,१२३,०००.०० | ६२,८७१,०००.०० |
| ३. ऋण सापटीमा बृद्धि/(कमी) | ९५,४३३,३३३.३३ | (६००,०००.००) |
| ४. कोषमा बृद्धि/(कमी) | (१२,६८४,४२५.०४) | (१४,९२५,४३५.७५) |
| ५. भुक्तानी दिनुपर्ने दायित्वमा बृद्धि/(कमी) | २,१९७,६८१.७६ | ३,९०३,१४२.०९ |
| **यस अवधिको खुद नगद प्रवाह ( क+ख+ग )** | **१८७,३९५,६८१।०७** | **(१३०,७८१,५२६।१५)** |
| **वर्षको शूरुको मौज्दात** | **२८२,६५८,६४२।१८** | **४१३,४४०,१६८।३३** |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **४७०,०५४,३२३।२५** | **२८२,६५८,६४२।१८** |

मिति: २०८०/०५/१२

स्थान : बा.न.पा-०२, बागलुङ, नेपाल ।



# नाफाको बाँडफाँड हिसाब

**मिति २०७९ श्रावण १ गते देखि २०८० असार ३१ गते सम्म**

| विवरण | प्रतिशत | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|---|
| **यस वर्षको मूनाफा** | | १४,८६९,६७४।५१ | १८,८६७,१४८।२६ |
| साधारण जगेडा कोष | २५ | ३,७१७,४१८.६३ | ४,७१६,७८७.०६ |
| **संरक्षित पूंजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा नाफा बाँडफाँड अगाडीको नाफा** | | ११,१५२,२५५।८८ | १४,१५०,३६१।२० |
| संरक्षित पूंजी फिर्ता कोष | २५ | २,७८८,०६३.९७ | ३,५३७,५९०.३० |
| सहकारी प्रवर्द्धन कोष | ०.५ | ५५,७६१.२८ | ७०७५१.८१ |
| **अन्य कोषमा बाँडफाँड अगाडीको नाफा** | | ८,३०८,४३०।६३ | १०,५४२,०१९।०९ |
| **अन्य कोषको बाँडफाँड** | | | |
| शेयर लाभांश कोष | ६५ | ५,४००,४७९.९१ | ७,३७९,४१३.३९ |
| कर्मचारि बोनस कोष | ५ | ४१५,४२१.५३ | - |
| घाटा पुर्ती कोष | ५ | ४१५,४२१.५३ | ५२७,१००.९५ |
| सहकारी शिक्षा कोष | ५ | ४१५,४२१.५३ | ५२७,१००.९५ |
| सहकारी विकास कोष | ५ | ४१५,४२१.५३ | ५२७,१००.९५ |
| सामुदायिक विकास कोष | ५ | ४१५,४२१.५३ | ५२७,१००.९५ |
| सहकारी स्थिरीकरण कोष | ५ | ४१५,४२१.५३ | ५२७,१००.९५ |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ | ४१५,४२१.५३ | ५२७,१००.९५ |
| **जम्मा** | १०० | ८,३०८,४३०।६२ | १०,५४२,०१९।०९ |

मिति: २०८०/०५/१२

स्थान : बा.न.पा-०२, बागलुङ, नेपाल ।



# इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण

## २०७८ श्रावण १ गतेदेखि २०८० आषाढ मसान्तसम्मको

| विवरण | शेयर पूँजी | साधरण जगेडा कोष | अन्य कोष | जम्मा |
|---|---|---|---|---|
| **श्रावण १, २०७८ सालको मौज्दात** | ३२५,४५०,०००।०० | ६४,८७२,७४४।५६ | ३६,३७९,४५७।८० | ४२६,७०२,२०२।३६ |
| समायोजन | - | - | - | - |
| **श्रावण १, २०७८ सालको समायोजित मौज्दात** | ३२५,४५०,०००।०० | ६४,८७२,७४४।५६ | ३६,३७९,४५७।८० | ४२६,७०२,२०२।३६ |
| यस वर्षको आय विवरणबाट | | ४,७१६,७८७.०६ | ११,१५२,२५५.८८ | १५,८६९,०४२.९४ |
| कोष समायोजन | | १,७२५,१०२.९९ | (१४,३७५,७०९.४३) | (१२,६५०,६०६.४४) |
| शेयर पूँजीमा वृद्धि/(कमी) | ६२,८७१,०००.०० | | | ६२,८७१,०००.०० |
| **आषाढ ३२, २०७९ सम्मको मौज्दात** | ३८८,३२१,०००।०० | ७१,३१४,६३४।६१ | ३३,१५६,००४।२५ | ४९२,७९१,६३८।८६ |
| **श्रावण १, २०७९ सालको मौज्दात** | ३८८,३२१,०००।०० | ७१,३१४,६३४।६१ | ३३,१५६,००४।२५ | ४९२,७९१,६३८।८६ |
| समायोजन | - | - | - | - |
| **श्रावण १, २०७९ सालको समायोजित मौज्दात** | ३८८,३२१,०००।०० | ७१,३१४,६३४।६१ | ३३,१५६,००४।२५ | ४९२,७९१,६३८।८६ |
| यस वर्षको आय विवरणबाट | - | ३,७१७,४१८.६३ | १४,८६९,६७४.५१ | १८,५८७,०९३.१४ |
| कोष समायोजन | - | ५३०,१०८.४४ | (१७,५९९,१३६.१२) | (१७,०६९,०२७.६८) |
| शेयर पूँजीमा वृद्धि/(कमी) | ६,१२३,०००.०० | - | - | ६,१२३,०००.०० |
| **आषाढ ३२, २०८० सम्मको मौज्दात** | ३९४४४४००० | ७५,५६२,१६१।६८ | ३०,४२६,५४२।६४ | ५००,४३२,७०४।३२ |

मितिः २०८०/०५/१२

स्थान : बा.न.पा-०२, बागलुङ, नेपाल ।



## शेयर पूंजी तथा स्वामित्व

(२०८० असार मसान्त) अनूसुची १

| विवरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| **शेयर पूंजी** | ३९४,४४४,०००।०० | ३८८,३२१,०००।०० |
| सदस्य शेयर प्रति शेयर रू. १०० ले | ३९४,४४४,000.00 | ३८८,३२१,000.00 |
| **जम्मा रकम** | ३९४,४४४,०००।०० | ३८८,३२१,०००।०० |

| शेयर स्वामित्व विवरण | यस वर्ष (रू.) | गत वर्ष (रू.) |
|---|---|---|
| **स्वदेशी स्वामित्व** | ३९४,४४४,०००।०० | ३८८,३२१,०००।०० |
| शेयर सदस्य | ३९४,४४४,000.00 | ३८८,३२१,000.00 |
| **बैदेशिक स्वामित्व** | | - |
| **कूल जम्मा** | ३९४,४४४,०००।०० | ३८८,३२१,०००।०० |

उपरोक्त तालिका अनुसार आ.व. २०७९/०८० को असार मसान्तमा अघिल्लो आ.व. २०७८/०७९ को तुलनामा शेयर रकम १.५८% अर्थात रु. ६१,२३,०००।- ले वृद्धि भएको छ ।

## जगेडा तथा कोषहरू

(२०८० असार मसान्त) अनूसुची २

| विवरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| **साधारण/बैधानिक जगेडा कोष** | ७५,५६२,१६१।६८ | ७१,३१४,६३४।६१ |
| **पुंजीगत जगेडा कोष** | - | - |
| **संरक्षित पुंजी फिर्ता कोष** | २,७८८,०६३।९७ | ३,५३७,५९०।३० |
| **सहकारी प्रवर्धन कोष** | ५५,७६१।२८ | ७०,७५१।८१ |
| **अन्य जगेडा तथा कोष** | २७,५८२,७१७।३९ | २९,५४७,६६२।१४ |
| (क) शेयर लाभांस कोष | ५,४००,४७९.९१ | ७,३७९,४१३.३९ |
| (ख) घाटा पुर्ती कोष | ४,०४९,५३१.९६ | ३,६३४,११०.४३ |
| (ग) सहकारी शिक्षा कोष | ४५२,३३६.४८ | ५२७,१००.९५ |
| (घ) सहकारी विकास कोष | ५६५,६५९.४८ | ५२७,१००.९५ |
| (ङ) सामुदायिक विकास कोष | ८४४,४१७.४८ | ५२७,१००.९५ |
| (च) सहकारी स्थिरीकरण कोष | ४१५,४२१.५३ | ५२७,१००.९५ |
| (छ) अन्य जोखिम व्यवस्थापन कोष | ९४२,५२२.४८ | ५२७,१००.९५ |
| (ज) जि.आ.तथा सा. सुरक्षाकोष (सदस्य हितकोष) | ९,६५४,०३७.२२ | ९,०१३,४११.२५ |
| (झ) कर्मचारी कल्याण तथा उपदान कोष | १,१२२,०८८.०० | १,१२२,०८८.०० |
| (ञ) राहत कोष | २,५०४,७४१.३२ | ३,३७८,७३४.३२ |
| (ट) कोरोना विपद कोष | १,२१६,०६०.०० | २,३८४,४००.०० |
| (ट) कर्मचारी बोनस कोष | ४१५,४२१.५३ | - |
| **सञ्चित नाफा/नोक्सान** | - | - |
| **कूल जम्मा** | १०५,९८८,७०४।३२ | १०४,४७०,६३८।८६ |

# बचत तथा निक्षेप विवरण

(२०८० असार मसान्त) अनूसुची ३

| विवरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| **नियमित बचत** | **२३०,८५५,८८८।६६** | **१८०,३६९,५८३।९७** |
| (क) नियमित मासिक बचत | २३०,८५५,८८८.६६ | १८०,३६९,५८३.९७ |
| **ऐच्छिक बचत** | **५२९,१२८,९३९।८२** | **५७७,२५६,०९२।८७** |
| (क) कारोबार वचत | ३३८,१३६,४५१.३४ | ३८७,४३३,९९१.१७ |
| (ख) सिवाईसी पेन्सन तथा सामाजिक सुरक्षा बचत | १,११०,१२४.१४ | १,०५६,३०५.४२ |
| (ग) कोपिला कर्णधार बचत | ४९,४२७,४४७.७६ | ३८,३९०,३६१.६२ |
| (घ) सिवाईसी दिर्घजिवी बचत | ७९,६१९,२२३.५८ | ६७,०११,६८५.१९ |
| (ङ) जेष्ठ नागरिक बचत | १९,५०६,०२६.४२ | ४९,८८८,७०५.८९ |
| (च) गर गहना बचत | ४,१९५,५७१.०२ | ४,४७४,९३०.६५ |
| (छ) पर्व बचत | १,७७६,१३७.२९ | २,०३४,३२९.५३ |
| (ज) युवा तथा बिद्यार्थी बचत | २,५२५,८८३.९९ | २,७९५,४१४.३९ |
| (झ) खुत्रुके बचत | ६,५६३,९४२.१३ | ५,४५६,७८५.०१ |
| (ञ) शेयर बृद्धि बचत | ४,२६३,२९२.३८ | ४,३१४,५४९.३५ |
| (ट) स्वास्थ उपचार बचत | २,१७६,३७७.४७ | २,३९४,६६९.७६ |
| (ठ) समृद्धि बचत | १,३८१,०४६.५५ | १,९३३,३९७.०८ |
| (ड) सवारी साधन बचत | ५२४,१४६.४० | ६९२,२७१.३५ |
| (ढ) आकस्मिक एवम आपतकालिन बचत | ८,१०५,५८७.०३ | ६,८६६,९७९.९० |
| (ण) सिवाईसी विशेष बचत | ४६९,०७७.०५ | ४०९,१८४.४६ |
| (त) रेमिट्यान्स बचत | ८४६,९३२.९४ | ४२०,५२१.१४ |
| (थ) बिमा प्रिमियम बचत | ४,४४५,६६३.४४ | १,६८२,०१०.९६ |
| (द) ऋण भुक्तानी बचत | ४,०५६,००८.८९ | - |
| **आवधिक बचत** | **६२४,५१६,७५७।९०** | **७३०,४३५,६५६।५५** |
| (क) आवधिक बचत | ६१४,७२२,०७८.२९ | ७१९,३८४,९७८.०७ |
| (ख) क्रमिक आवधिक बचत | ९,७९४,६७९.६१ | ११,०५०,६७८.४८ |
| **कूल जम्मा** | **१,३८४,५०१,५८६।३८** | **१,४८८,०६१,३३३।३९** |

उपरोक्त तालिका अनुसार गत आ.व. २०७९/०८० को असार मसान्तमा अघिल्लो आ.व. २०७८/७९ को तुलनामा निक्षेप रकम ६.९५% अर्थात रु. १०३,५५९,७४७.०१ ले कमी भएको छ।

## तिर्नबाँकी कर्जा तथा सापटी हिसाब

(२०८० असार मसान्त) अनूसुची ४

| विवरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| (क) नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ (ब्याज नलाग्ने) | २००,०००.०० | ६००,०००.०० |
| (ख) नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ | ९५,८३३,३३३.३३ | - |
| **कूल जम्मा** | **९६,०३३,३३३।३३** | **६००,०००।००** |

## सम्भावित ऋण जोखिम व्यवस्था

(२०८० असार मसान्त) अनूसुची ५

| विवरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| **जोखिम ऋणको लागी व्यवस्था** | २४,६६८,५२०।८१ | २४,००१,३३६।८१ |
| (क) असल ऋणको लागी व्यवस्था (१%) | | |
| (ख) शंकास्पद ऋणको लागी व्यवस्था (३५%) | | |
| (ग) खराब ऋणको लागी व्यवस्था (१००%) | | |
| **लगानी नोक्सानी व्यवस्था** | | |
| **समस्याग्रस्त सम्पत्तीको लागी व्यवस्था** | | |
| | २४,६६८,५२०।८१ | २४,००१,३३६।८१ |

## चालू दायित्व तथा व्यवस्था

(२०८० असार मसान्त) अनूसुची ६

| विवरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| (क) भुक्तानी दिन बाँकी लेखापरीक्षण शुल्क | १९७,३४५.१३ | १९७,३४५.०० |
| (ख) भुक्तानी दिन बाँकी बचतको व्याज | ११,२२८,७५५.२४ | ११,११५,२९१.२१ |
| (ग) कर्मचारी बोनस व्यवस्था | - | २,२४२,६९८.०६ |
| (घ) बचतमा व्याज कर | २,९००,१६३.१९ | २,०५४,२५७.९४ |
| (ङ) घरभाडा कर | २१,७७४.०० | २५,९४४.०० |
| (च) सामाजिक सुरक्षा कर | ४९,८४०.०० | ४४,६३२.२० |
| (छ) पारिश्रामिक कर | १९,३१७.२० | १२१,२०५.३५ |
| (ज) लाभांश कर | - | १,०५०,१५०.८९ |
| (झ) लेखापरीक्षण कर | २,६५४.८७ | २,६५५.०० |
| (ञ) भुक्तानी दिन बाँकी अन्य कर | ९६,०८८.१३ | २७०,८८५.८८ |
| (ट) भुक्तानी दिनुपर्ने - कर्मचारी संचयकोष | ९,५७२,६११.५२ | ६,३०५,७०६.६५ |
| (ठ) भुक्तानी दिनुपर्ने - उपदान एवम सामाजिक सुरक्षा कोष | ६,५७९,३९०.४७ | ३,८८९,३२५.५९ |
| (ड) भुक्तानी दिनुपर्ने - अन्य | ३,८४१,१९५.५० | ४,२४५,४४३.०५ |
| (ढ) स्थगन अनुदान दायीत्व | ८७,०८३.३३ | - |
| **कूल जम्मा** | ३४,५९६,२१८।५८ | ३१,५६५,५४०।८२ |

## नगद मौज्दात

(२०८० असार मसान्त) अनूसुची ७

| विवरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| (क) सेफमा रहेको नगद | १५,८५९,६६४.९१ | १६,८६७,६३८.०५ |
| (ख) सानो नगदी कोष | - | - |
| (ग) एटिएम नगद | ५७६,०००.०० | ४५८,०००.०० |
| **कूल जम्मा** | १६,४३५,६६४।९१ | १७,३२५,६३८।०५ |

भल्टमा राखिएको नगदको भौतिक तथा वित्तीय जोखिम न्युनीकरणको लागि बीमा गरिएको छ । तरलता र व्यावसायीक आवश्यकताका आधारमा भल्टमा रकमको व्यवस्थापन गरिएको छ ।

# बैंक मौज्दात

(२०८० असार मसान्त)

अनुसूची ८

| विवरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| **क वर्गको बैक खातामा रहेको रकम** | **१२९,८०८,३५११९४** | **११६,७९६,५०३१५४** |
| (क) कुमारी वैंक लिमिटेड,बागलुङ. | ५९,४६६.७४ | ६८८,०१८.०४ |
| (ख) ग्लोबल आई.एमं. ई. बैंक लिमिटेड, बागलुङ | ३,९८६,६९९.३१ | १,९५०,८३१.७७ |
| (ग) हिमालयन बैंक लिमिटेड, भोष्ट्रो | ७,३१४,१६१.३६ | २,९९३,४३९.३६ |
| (घ) प्रभु बैंक लिमिटेड,बागलुङ | ३,८६६,१५०.६० | २,२९८,६१६.५८ |
| (ङ) मेगा बैक लिमिटेड, बागलुङ | ४,०६७,५७३.०७ | २,६८१,७९०.१३ |
| (च) नेपाल बैंक लिमिटेड, बागलुङ | १,१०५,६३७.३१ | २,१५१,९८७.३१ |
| (छ) एन.एम.बि बैंक लिमिटेड, बागलुङ | ५,२१९,६१३.१८ | १,६८४,०६३.७२ |
| (ज) एन.सी.सी बैंक लिमिटेड, बागलुङ | - | २,७६६,०२९.३० |
| (झ) लक्ष्मी बैंक लिमिटेड, बागलुङ | १,३५६,४२०.५३ | १,९४३,२६०.४४ |
| (ञ) नेपाल बंगलादेश बैंक | ४१५,७१९.९६ | १,५१०,७८४.२० |
| (ट) सेन्चुरी बैंक लिमिटेड, बागलुङ | - | ३,२०९,६२९.८८ |
| (ठ) प्रभु बैंक लिमिटेड,बागलुङ | १६,२४६,८७५.०७ | ३,९५७,०१५.४६ |
| (ड) प्रभु बैंक लिमिटेड,हटिया | ७,०६०,०७५.५३ | ६,७६३,३०३.०१ |
| (ढ) ग्लोबल आई.एमं.ई.बैंक लिमिटेड,हटिया | १४,७९७,५७३.६७ | १२,३१०,०१८.९८ |
| (ण) लक्ष्मी बैंक लिमिटेड, बुर्तिवाङ्ग | ५२६,३५८.५९ | ३३६,२८०.६२ |
| (त) प्रभु बैंक लिमिटेड,बुर्तिबाङ | ५६०,१८६.३३ | ३,३१२,९९६.१५ |
| (थ) एन.एम.बि बैंक लिमिटेड, कुश्मिशेरा | २,३६८,५३०.८३ | ४,६०२,८३५.५२ |
| (द) ग्लोबल आई.एमं.ई.बैंक लिमिटेड, कुश्मिशेरा | ९,४२८,३९३.२२ | १३,२४०,५९७.८३ |
| (ध) प्रभु बैंक लिमिटेड,खरबाङ | २,७१७,६१६.५९ | ३,३७६,७८९.०१ |
| (न) ग्लोबल आई.एमं. ई. बैंक लिमिटेड, खरबाङ | ३,६०४,६७२.२४ | ३,०९३,९१०.४३ |
| (प) प्रभु बैक लिमिटेड,भिमगिठे | १,०३४,२१५.०९ | ३,६९६,१२३.५३ |
| (फ) नृपाल ईन्भेष्मेन्ट मेगा. बैक लिमिटेड, मालिका | ४,९०९,५३६.५६ | ४,२७५,४६५.८१ |
| (ब) प्रभु बैक लिमिटेड, अक्षेते | ४,२०१,६७९.२६ | १,१०५,६७३.८४ |
| (भ) प्रभु बैंक लिमिटेड, निशीखोला | ३,२०२,४७६.३३ | ४,४७७,४७६.५८ |
| (म) प्रभु बैंक लिमिटेड, तमानखोला | ३,०२७,१८९.२२ | १,७०५,९५२.६४ |
| (य) प्रभु बैंक लिमिटेड, काडेबाँस | २,२९६,५७०.६५ | १,४९५,४६३.५९ |
| (र) नेपाल कृषि बिकास बैंक, काँडेबास | ६,५५४,१२५.८५ | ४,९१०,३०७.४४ |
| (ल) मेघा बैक लिमिटेड, कुश्मा | ३,७३९,४३४.३९ | २९९,८६९.५१ |
| (ह) ग्लोबल आई.एमं. ई. बैंक लिमिटेड, अर्जेवा | १२५,७७५.०० | ७१,३००.०० |
| (श) मेगा बैक लिमिटेड, जैदी | ४,६३०,७११.२३ | ५,४४८,८०१.३६ |
| (ष) ग्लोबल बैक लिमिटेड, बलेवा | १,२१९,६६१.९७ | ३,३७२,५१८.७४ |
| (स) सनराइज बैक लिमिटेड, तिरुपती | ९,५६३.४३ | ३,५२५,१०६.२९ |
| (ह) सिद्धार्थ बैक लिमिटेड, मुलपानी | १,२११,९२३.५४ | १,९६७,४९६.३९ |
| (क्ष) प्रभु बैंक लिमिटेड, तंग्राम | १,४६५,३४७.५३ | १,५८३,५५७.९५ |
| (त्र) ग्लोबल आई.एमं. ई. बैंक लिमिटेड, बगैंचा | २,०५९,४२२.७२ | १,६६१,४७५.७२ |

| | | |
|---|---|---|
| (ज्ञ) प्रभु बैक लिमिटेड, तमानखोला | ३१२,३९६.२७ | - |
| (ज्ञक) नेपाल इन्भेष्टमेन्ट बैंक | ५,१०६,५९८.७७ | २,३२७,७१६.४१ |
| **ख वर्गको बैक खातामा रहेको रकम** | **७२,१६१,७१२।९४** | **६४,४६६,२७७।४१** |
| (क) मुक्तीनाथ विकास बैंक लिमिटेड, बागलुङ | २,५२८,७६६.४७ | ६,९०४,९२४.१२ |
| (ख) ग्रिन डेभलपमेन्ट बैंक लिमिटेड, बागलुङ | १,६४८,८४५.९१ | १९७,०५१.३० |
| (ग) गरिमा विकास बैंक लिमिटेड, बागलुङ | ६,२००,९८१.५० | ४,२८२,४६१.७७ |
| (घ) सांग्रिला विकास बैंक लिमिटेड, बागलुङ | १,४०६,०१०.९० | २,२४३,६१७.५३ |
| (ङ) कामना सेवा बिकास बैंक लिमिटेड, बागलुङ | ६,४५८,३६३.३३ | १२,२९१,१३९.८९ |
| (च) गरिमा विकास बैंक लिमिटेड, बागलुङ तित्याङ्ग | ४,७३१,०५३.६९ | ७,२४८,३७६.५९ |
| (छ) गरिमा विकास बैंक, बुर्तिवाङ्ग | १४,९२३,५५५.४९ | ५,५०७,१९१.५२ |
| (ज) गरिमा विकास बैंक लिमिटेड, बाटाकाचौर | ८,३६८,५४४.२९ | ५,५७०,६६२.२५ |
| (झ) ग्रिन डेभलपमेन्ट बैंक लिमिटेड,बिहुं | - | २,९०४,९११.३३ |
| (ञ) गरिमा विकास बैंक लिमिटेड, भिमगिठे | ८,१११,५०६.२८ | २,४०४,११३.३३ |
| (ट) ग्रिन डेभलपमेन्ट बैंक लिमिटेड,अक्षते | - | २,६४१,३३५.९९ |
| (ठ) ग्रीन डेभलप्मेन्ट बैक लिमिटेड, बेनी | १७३,९६५.६५ | १,६४१,६८२.३५ |
| (ड) मुक्तीनाथ विकास बैक लिमिटेड, बेनी | २,०१७,०५२.८५ | ५,६३२,०८३.६३ |
| (ढ) गरिमा विकास बैक लिमिटेड,बेनी | ४८,०५३.७२ | ९२२,२९२.६६ |
| (ण) सांग्रिला डेभलप्मेन्ट बैक लिमिटेड, कुश्मा | ४,३८०,८४६.८२ | ३९,८८३.७४ |
| (त) गरिमा विकास बैंक | २,६११,९६९.९२ | २,९७४,०५३.५१ |
| (थ) ज्योती विकास बैंक | ५,२३१,४९९.४४ | - |
| (द) कामना सेवा विकास बैंक, दिमुवा | ३,३२०,६९६.६८ | १,०६०,४९५.९० |
| **घ वर्गको बैक खातामा रहेको रकम** | **२२,५९४,१४७।४०** | **१९,७४४,८३७।५३** |
| (क) राष्टिय सहकारी बैंक लिमिटेड, बागलुङ | २२,५९४,१४७.४० | १९,७४४,८३७.५३ |
| **सहकारी संघ तथा संस्थाको खातामा रहेको रकम** | **२२९,०५४,४४६।०७** | **६४,३२५,३८५।६५** |
| (क) जिल्ला सहकारी संघ, बागलुङ | १९९,३४३.०८ | १७२,९८३.१५ |
| (ख) नेपाल बचत तथा ऋण सहकारी संघ लि.(नेफस्कुन) | १७६,२३१,७३१.९३ | ३२,३७५,८११.५० |
| (ग) नेपाल बचत तथा ऋण सहकारी संघ लि.(नेफस्कुन) (बेनि) | ६,८०५,७८३.०६ | - |
| (घ) जिल्ला वचत तथा ऋण सहकारी संघ, बागलुङ | ४५,८१७,५८८.०० | ३१,७७६,५९१.०० |
| **कूल जम्मा** | **४५३,६१८,६५८।३५** | **२६५,३३३,००४।१३** |

बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दातमा स्थानीय बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दातलाई समावेश गरिएको छ ।

मितिः २०८०/०५/१२

स्थान : बा.न.पा-०२, बागलुङ, नेपाल ।



# लगानी हिसाब

(२०८० असार मसान्त) अनूसुची ९

| विवरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| **शेयर लगानी** | ३१,९२२,०००।०० | ३१,९२२,०००।०० |
| (क) जिल्ला सहकारी संघ, बागलुङ | ४५,०००.०० | ४५,०००.०० |
| (ख) जिल्ला बचत तथा ऋण सहकारी संघ, बागलुङ | ६४७,०००.०० | ६४७,०००.०० |
| (ग) नेपाल बचत तथा ऋण सहकारी संघ लि.(नेफस्कुन) | १०,६२०,०००.०० | १०,६२०,०००.०० |
| (घ) राष्ट्रिय सहकारी बैंक लि | २०,४१०,०००.०० | २०,४१०,०००.०० |
| (ङ) हब कोअपरेटिभ | १००,०००.०० | १००,०००.०० |
| (च) महेन्द्रनारायण निधि मेमोरियल स्वास्थ्य सहकारी संस्था लि | १००,०००.०० | १००,०००.०० |
| **बचत लगानी** | ९५७,०८६।८१ | ८७९,६८०।१४ |
| (क) जिल्ला बचत तथा ऋण सहकारी संघ, बागलुङ | ७७०,१८०.०० | ७१३,८६४.०० |
| (ख) नेपाल बचत तथा ऋण सहकारी संघ लि.(नेफस्कुन) | १८६,९०६.८१ | १६५,८१६.१४ |
| **मुद्दती लगानी** | | ९५,०००,०००।०० |
| (क) नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कुन) | - | ७०,०००,०००.०० |
| (ख) बागलुङ जिल्ला बचत तथा ऋण सहकारी संघ | - | ५,०००,०००.०० |
| (ग) एन.सि.सि बैंक | - | २०,०००,०००.०० |
| **गैह्र वित्तीय लगानी** | - | - |
| **कूल जम्मा** | ३२,८७९,०८६।८१ | १२७,८०१,६८०।१४ |

मितिः २०८०/०५/१२

स्थान : बा.न.पा-०२, बागलुङ, नेपाल ।



## लगानीमा रहेको ऋणको विवरण

(२०८० असार मसान्त) अनुसूची १०

| विवरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| **कृषि तथा पशुपालन** | ३२९,७९३,०९५।२८ | ४९९,८५३,६८३।९१ |
| **उद्योग तथा व्यापार व्यवसाय** | ४२७,९६१,१०८।१२ | ४५९,३७९,५०४।९९ |
| **हायर पर्चेज** | ७१८,१२५।५३ | ७१८,१२५।५३ |
| **घरजग्गा खरिद तथा निर्माण** | ३६६,९७०,८७०।०७ | २७२,७८०,७४६।३९ |
| (क) भवन निर्माण तथा मर्मत | ३६६,९७०,८७०.०७ | २७२,७८०,७४६.३९ |
| **अन्य ऋण** | ३३३,९३५,९२०।४० | ३१९,९०५,०९४।५९ |
| (क) साधारण कर्जा | ९८,८०९,४६४.७३ | ९४,९०४,५००.९० |
| (ख) समूह जमानी कर्जा | ४,७३७,९७८.९१ | ४,८२५,४२१.९३ |
| (ग) धन तथा वचत जमानी कर्जा | १०९,३५७,३३०.२१ | १२७,५३०,५८०.८६ |
| (घ) युवा स्वरोजगार कर्जा | २,१७९,९६६.७५ | ३,७३७,७४४.२४ |
| (ङ) सुविधा कर्जा | १,५७३,१८३.७१ | १,६९४,८७९.०७ |
| (च) बैदेशिक रोजगार कर्जा | ९३,५९७,७७७.६४ | ६६,२२४,६०२.५१ |
| (छ) शैक्षिक कर्जा | १३,५२६,९६८.३८ | १०,१६९,७१६.८५ |
| (ज) औधोगिक कर्जा | ३,५०७,३२३.१९ | ३,४६७,९९६.१९ |
| (झ) आकस्मिक एवम आपतकालिन कर्जा | ८९८,६७०.३६ | १,३२९,२६६.३५ |
| (ञ) कर्मचारी सहुलियत कर्जा | ५,७४७,२५६.५२ | ६,०२०,३८५.६९ |
| **कूल जम्मा** | **१,४५९,३७९,११९।४०** | **१,५५२,६३७,१५५।४१** |

उपरोक्त तालिका अनुसार गत आ.व. २०७९/८० को असार मसान्तमा अघिल्लो आ.व. २०७८/७९ को तुलनामा ऋण रकम (८.३४% अर्थात रु. ९३,२५८,०३६.०१ ले कमी भएको छ ।

## धरौटी तथा पाउनुपर्ने हिसाव

(२०८० असार मसान्त) अनुसूची ११

| बिबरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| (क) अग्रिम आयकर | १३,५२४,५७२.४७ | ११,७०३,५४७.७४ |
| (ख) रेमिट धरौटी एवम अन्य हिसाब | ५,५६१,८११.७८ | ४,६०६,२३५.०१ |
| (ग) मोबाईल बैकिङ रिचार्जको जम्मा | ३४०,११६.१० | २०४,३३७.३६ |
| (घ) मोबाईल बैकिङ कमिशन हिसाब | १४,१२६.९० | ३०,४५०.५९ |
| (ङ) अग्रिम विमा | ४५१,६८७.०२ | ४३८,९५५.०० |
| (ङ) पाउनुपर्ने हिसाब (विमा दाबी रकम) | ३७०,४३५.०० | १,०२५,१७५.०० |
| (च) अन्य हिसाब | ३३,१८७,३२२.२७ | २८,१२६,७३४.८९ |
| (छ) उठ्न बांकी ब्याज | ११८,७२३,६१८.७९ | ७४,२४२,५४२.५३ |
| (ज) न्यून (ब्याज मूल्तबी) | (११८,७२३,६१८.७९) | (७४,२४२,५४२.५३) |
| **कूल जम्मा** | **५३,४५०,०७१।५५** | **४६,१३५,४३५।५९** |

# स्थिर सम्पति तथा ह्रासकट्टी विवरण

(२०८० असार मसान्त) अनुसुचि १२

| क्रम | समानको बिबरण | ह्रास दर | शूरु मूल्य | यस वर्षको थप पौष मसान्त सम्म | चैत्र मसान्त सम्म | आषाढ मसान्त सम्म | बिक्रि | जम्मा मुल्य | ह्रासकट्टी खर्च | बांकी मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| (क) | स्थिर सम्पत्ति जग्गा | ०% | ११,८९७,०००।०० | - | - | - | | ११,८९७,०००.०० | - | ११,८९७,०००।०० |
| | स्थिर सम्पत्ति भवन | ५% | - | - | - | - | | - | - | - |
| | **जम्मा** | | ११,८९७,०००।०० | - | - | - | | ११,८९७,०००।०० | - | ११,८९७,०००।०० |
| (ख) | फर्निचर फिक्चर्स तथा डेकोरेशन, | २५% | ४,२६८,३८६।४९ | १,९५०.०० | | ३४,०३०.०० | | ४,३०४,३६६.४९ | १,०७०,४१९.९६ | ३,२३३,९४६।५३ |
| | कम्प्युटर तथा अन्य कार्यालय उपकरण | २५% | ६,५४१,६०७।९६ | | | १६३,६३१.०० | | ६,७०५,२३८.९६ | १,६४९,०३७.९१ | ५,०५६,२०१।०५ |
| | **जम्मा** | | १०,८०९,९९४।४५ | १,९५०।०० | - | १९७,६६१।०० | - | ११,००९,६०५।४५ | २,७१९,४५७।८७ | ८,२९०,१४७।५८ |
| (ग) | मेसिनरी (मोटरसाइकल) | २०% | ३७,०६०।८७ | - | - | - | | ३७,०६०.८७ | ७,४१२.१७ | २९,६४८।७० |
| | मेसिनरी (गाडि) | २०% | ४,५०६,८००।०० | | - | - | | ४,५०६,८००.०० | ९०१,३६०.०० | ३,६०५,४४०।०० |
| | **जम्मा** | | ४,५४३,८६०।८७ | - | - | - | - | ४,५४३,८६०।८७ | ९०८,७७२।१७ | ३,६३५,०८८।७० |
| (घ) | सफ्टवेयर तथा वेभसाईट | ५ वर्ष | ३४७,७७९।५६ | ६७,८००.०० | - | - | | ४१५,५७९.५६ | १२९,४८६.५२ | २८६,०९३।०४ |
| | **जम्मा** | | ३४७,७७९।५६ | ६७,८००।०० | - | - | | ४१५,५७९।५६ | १२९,४८६।५२ | २८६,०९३।०४ |
| | **कूल जम्मा** | | २७,५९८,६३४।८८ | ६९,७५०।०० | - | १९७,६६१।०० | - | २७,८६६,०४५।८८ | ३,७५७,७१६।५६ | २४,१०८,३२९।३२ |

**गैह्र बैंकिङ सम्पत्ती**

| समानको बिबरण | ह्रास दर | शूरु मूल्य पौष मसान्त सम्म | यस वर्षको थप चैत्र मसान्त सम्म | आषाढ मसा(न्त सम्म | | | जम्मा मुल्य | ह्रासकट्टी खर्च | बांकी मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| **गैर बैकिङ्ग सम्पत्ति** | ०% | - | - | - | - | | - | - | - |

**सुरुवातमा स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लागत मुल्यमा सम्पत्तिको लेखांकन गरिन्छ। भविष्यमा आर्थिक लाभहरु प्रभावित हुने संम्भावना भएमा पछि गरिएका खर्चहरु पूँजीकृत गरिन्छ। सम्पत्ति र उपकरणको निसर्गबाट भएको नाफा नोक्सान (किताबी मौज्दात र निसर्गबाट प्राप्ति बिचको भिन्नता) नाफा नोक्सान हिसाबमा लेखांकन गरिन्छ।**

मितिः २०८०/०५/१२

स्थान : बा.न.पा-०२, बागलुङ, नेपाल।

# वित्तीय आम्दानी

मिति २०७९ श्रावण १ गते देखि २०८० असार ३१ गते सम्म — अनुसूची १३

| विवरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| **तरल लगानीबाट आम्दानी (बैंक ब्याज)** | २०,९५२,२४१।७३ | २३,२५२,१८३।६१ |
| **वित्तीय लगानीबाट आम्दानी** | ४,४२९,६३१।४१ | ४,५२८,९१६।९८ |
| (क) लगानीबाट प्राप्त लाभांस | ४,४२९,६३१.४१ | ४,५२८,९१६.९८ |
| **ऋण लगानीबाट व्याज आम्दानी** | २०३,७१८,४४३।९९ | १७०,६९२,२४७।५० |
| (क) कृषि तथा पशुपालन कर्जा | ३०,१५२,७४२.४८ | २४,७२५,१११.१० |
| (ख) उद्योग तथा व्यापार कर्जा | ८०,१६७,८८१.१२ | ७५,९२८,०८०.८१ |
| (ग) हायर पर्चेज कर्जा | - | १०९,२५४.६५ |
| (घ) घरजग्गा खरिद तथा निर्माण कर्जा | ४६,५४६,२७६.३७ | २९,१९१,३१३.८२ |
| (ङ) साधारण कर्जा | २१,८९८,५४२.८७ | १०,१४३,७७६.९९ |
| (च) उर्जा विकाश कर्जा | २३८,८४८.५६ | ३०१,०९८.२१ |
| (छ) समूह जमानी कर्जा | ११३,५१४.८४ | ३२८,३५१.०२ |
| (ज) धन तथा वचत जमानी कर्जा | ९,५४३,६३७.७० | २२,१५४,०६०.९० |
| (झ) युवा स्वरोजगार कर्जा | ९७,६२९.२६ | ९०,०७४.१६ |
| (ञ) सुविधा कर्जा | २६३,०९२.२४ | १९१,०१५.२९ |
| (ट) बैदेशिक रोजगार कर्जा | ११,७७७,२९६.८१ | ५,९८४,७८३.४४ |
| (ठ) शैक्षिक कर्जा | १,९२७,५६७.२४ | ७२३,२३६.९८ |
| (ड) आकस्मिक एवम आपतकालिन कर्जा | १४८,२७९.६७ | ८८,२९१.७० |
| (ढ) कर्मचारी सहुलियत कर्जा | ८४३,१३४.८३ | ७३३,७९८.४३ |
| **कूल जम्मा** | २२९,१००,३१७।१३ | १९८,४७३,३४८।०९ |

# वित्तीय खर्च

मिति २०७९ श्रावण १ गते देखि २०८० असार ३१ गते सम्म — अनुसूची १४

| विवरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| **बचत तथा निक्षेपमा व्याज खर्च** | १५५,६४४,४६४।८३ | १३४,०५३,०५०।८२ |
| (क) नियमित मासिक बचत | १६,०५९,३०८.८९ | १०,८४०,१५८.८५ |
| (ख) कारोबार वचत | २६,५४५,३७४.४४ | ३२,२७३,७९३.५३ |
| (ग) सिवाईसी पेन्सन तथा सामाजिक सुरक्षा बचत | १५६,५०७.५४ | १६२,७७१.७८ |
| (घ) कोपिला कर्णधार बचत | ३,८४६,५१२.६२ | २,३६०,०४८.१२ |
| (ङ) सिवाईसी दिर्घजिवी बचत | ७,६४६,७०२.७९ | ६,२२८,२१६.४० |
| (च) जेष्ठ नागरिक बचत | २,७४३,७८९.२४ | ८,१६८,३५४.४३ |
| (छ) गर गहना बचत | ३२७,८४३.५० | २६०,३९७.८५ |
| (ज) पर्व बचत | १५५,०६५.४२ | १४५,६५८.६१ |
| (झ) युवा तथा बिद्यार्थी बचत | २०९,१५६.८५ | १५८,६७७.६४ |
| (ञ) खुत्रुके बचत | ४२०,३२७.०१ | २८१,७५७.०४ |

| विवरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| (ट) शेयर बृद्धि बचत | ३०९,८९०.७५ | २३६,११०.१५ |
| (ठ) स्वास्थ उपचार बचत | २०५,९९८.०३ | २०६,०५९.५५ |
| (ड) समृद्धि बचत | १४६,१९८.०० | १५३,००९.५९ |
| (ढ) सवारी साधन बचत | ३६,६०९.९१ | ३९,०२९.१४ |
| (ण) आकस्मिक एवम आपतकालिन बचत | ६४१,४८९.६८ | ४४०,५२७.७८ |
| (त) सिवाईसी विशेष बचत | ४६,०२९.९६ | ३२,०७१.६३ |
| (थ) रेमिट्यान्स बचत | ६९,५२७.९८ | २६,४६८.९६ |
| (द) बिमा प्रिमियम बचत | १९७,०२५.०३ | १२७,९५८.१६ |
| (ध) आवधिक बचत | ९३,५९३,८५७.९४ | ७०,०१७,४२२.०८ |
| (न) क्रमिक आवधिक बचत | १,०५०,००३.५२ | १,१०६,२४१.७० |
| (प) सञ्चयकोष बचत व्याज खर्च | १,२१७,०५४.०० | ७८८,३१७.८३ |
| (फ) किस्ता भुक्तानी बचत ब्याज खर्च | २०,१९१.७३ | - |
| (ब) बाह्य ऋणमा व्याज खर्च | १,८१८,६६४.३८ | - |
| (भ)ऋणको व्याजमा छुट खर्च | १,०५०.७१ | ६,११३.०२ |
| **कूल जम्मा** | १५७,४६४,१७९।९२ | १३४,०५९,१६३।८४ |

## सेवा सञ्चालन आम्दानी

**मिति २०७९ श्रावण १ गते देखि २०८० असार ३१ गते सम्म** **अनूसुची १५**

| विवरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| (क) सस्थागत विकाश शूल्क | १०,२२७,४४४.७३ | १८,०६०,१५०.८६ |
| (ख) आवेदन शूल्क आम्दानी | २६,८००.०० | २२,०००.०० |
| (ग) प्रवेश शुल्कबाट आम्दानी | १,२३५,०००.०० | २,८७८,५००.०० |
| (घ) रेमिट आम्दानी | ९२०,४६१.८० | १,१९९,४२९.७१ |
| (ङ) खाता संचालन आम्दानी | - | २००.०० |
| (च) ऋणबाट अन्य आम्दानी | २,३०७,५१६.५६ | ४,८३८,५१९.१६ |
| (छ) अन्य आम्दानी (खाताबन्दी, पासवुक र चेकवुक, अन्य) | ५१७,८४४.०२ | ४,६३३,२२०.९४ |
| (ज) अन्य अनुदान सहयोग | ७,९१६.६७ | - |
| (झ) डिजीटल प्रविधी तथा संचार आम्दानी | ३,०४९,७७९.०९ | - |
| **कूल जम्मा** | १८,२९२,७६२।८७ | ३१,६३२,०२०।६७ |



## कर्मचारी खर्च

**मिति २०७९ श्रावण १ गते देखि २०८० असार ३१ गते सम्म** **अनूसुची १६**

| विवरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| (क) तलव खर्च | २७,८७३,९८३.०० | २८,९५३,७०७.६७ |
| (ख) सञ्चयकोषमा थप खर्च | २,२५३,२८२.८७ | १,६८३,०१०.६७ |
| (ग) चाडपर्व भत्ता | २,३३८,०४०.०० | १,६७२,३७०.०० |
| (घ) खाजा भत्ता | १,५६७,६००.०० | - |
| (ङ) आवास भत्ता | १,३६९,११६.०० | १,६९९,४४१.६७ |
| (च) पोशाक भत्ता | ९७२,०००.०० | ७६०,५००.०० |
| (छ) कर्मचारी सामाजिक सुरक्षा तथा उपदान खर्च | २,२५३,४१७.८८ | १,७१७,५८५.८७ |
| (ज) कर्मचारी विमा खर्च | ३८९,१६६.०० | ५२,०६७.०० |
| (झ) अन्य भत्ता | ३७५,१८७.०० | १५०,१७३.३३ |
| (झ) प्रशिक्षार्थी  खर्च | ३०६,९००.०० | - |
| **कूल जम्मा** | **३९,६९८,६९२।७५** | **३६,६८८,८५६।२१** |

## अन्य सञ्चालन खर्च

**मिति २०७९ श्रावण १ गते देखि २०८० असार ३१ गते सम्म** **अनूसुची १७**

| विवरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| (क) विद्युत र पानी महशुल | ४०३,६०५.३७ | ३७६,६१६.०० |
| (ख) टेलिफोन तथा इन्टरनेट | १,०८५,६९१.०० | १,२७३,४७४.९९ |
| (ग) भाडा खर्च | ३,७८५,८९०.०० | ३,५२१,७३३.३४ |
| (घ) शुभकामना, सुचना तथा विज्ञापन खर्च खर्च | १२८,७३०.०० | ७१,२२२.०० |
| (ङ) पत्रपत्रिका खर्च | १०,०००.०० | ६,४५०.०० |
| (च) छपाइ तथा प्रकाशन खर्च | १,५७४,०४१.२० | २,३६८,१७६.७० |
| (छ) मसलन्द खर्च | ५८५,२५१.३० | - |
| (ज) नविकरण तथा सदस्यता खर्च | १३६,७९८.०० | ११८,०११.०० |
| (झ) सफ्ट्वेयर नविकरण तथा मर्मत खर्च | १,१४४,९७४.०० | १,६९१,८१५.७० |
| (ञ) ईन्धन खर्च | ३६९,५८६.६३ | ३७३,३४२.०० |
| (ट) बाह्य लेखापरिक्षण शुल्क | २००,०००.०० | २०६,०६०.०० |
| (ठ) मेस संचालन खर्च | ५०,९७२.०० | ४२९,६९३.०० |
| (ड) मर्मत संभार खर्च | ५७७,७४६.०० | ३५७,२९३.०० |
| (ढ) बैठक भत्ता | १,४४१,८००.०० | १,७५२,८००.०० |
| (ण) बैठक खर्च | २०५,८०५.०० | ४१७,२५२.०० |
| (त) आतिथ्यता खर्च | २७,८९०.०० | १८,७८०.०० |
| (थ) एटिम कार्ड खर्च | १,९८३,४३२.७० | ६७,८८३.०० |

| विवरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| (द) अन्य खर्चहरु | ९१,८६१.०० | १८,९२४.०० |
| (ध) एक्सेस कार्यक्रम संचालन खर्च | १५९,९५०.०० | २११,९१८.०० |
| (न) वार्षिक उत्सव तथा साधारण सभा खर्च | ११,६०२,१२६.०० | ९,८१४,२४७.५९ |
| (प) दैनिक भ्रमण तथा यातायात खर्च | ७८५,११०.०० | ५४५,०८६.५० |
| (फ) विमा खर्च | ५९०,२६७.९८ | ५८२,१०८.३५ |
| (ब) यातायात खर्च | ६०,८७६.०० | - |
| (भ) लाभांश खर्च | - | ५,४३६,५२४.१९ |
| (म) स्वास्थ्य कार्यक्रम खर्च | - | ८२,९२०.०० |
| (य) युवा लक्षित कार्यक्रम खर्च | ५,०००.०० | २०,०००.०० |
| (र) पत्रकार सम्मेलन खर्च | - | ९,०००.०० |
| (ल) कर खर्च | २,७१२,३८१.०० | - |
| (व) वेवसाईट संचालन खर्च | १५,०००.०० | - |
| (श) ऋण असुली तथा ब्यबस्थापन खर्च | २४,९९०.०० | - |
| (ष) आन्तरिक अनुगमन खर्च | ५७,७६०.०० | - |
| **प्रवर्द्धनात्मक खर्च** | | |
| (क) तालिम तथा सहकारी शिक्षा खर्च | - | ८५६,२१५.३८ |
| (घ) पर्व, दिवश, अभियान, पुरस्कार तथा सम्मान खर्च | २६४,१५८.०० | ३०,६००.०० |
| (ङ) नीति तथा योजना तर्जुमा खर्च | - | १५१,७६१.०० |
| (च) सामाजिक तथा साझेदारी कार्यक्रम खर्च | - | ९९०,२२७.०० |
| (छ) लघुउद्यम कार्यक्रम खर्च | - | ३७,२९४.०० |
| **कूल जम्मा** | ३०,०८१,६९३।१८ | ३१,८३७,४२८।७४ |

## सम्भावित नोक्सानी ब्यबस्था खर्च

**मिति २०७९ श्रावण १ गते देखि २०८० असार ३१ गते सम्म** **अनूसुची १८**

| विवरण | असार मसान्त २०८० | असार मसान्त २०७९ |
|---|---|---|
| (क) कर्जा नोक्सानी ब्यबस्थामा भएको बृद्धि | ६२०,०००.०० | ५५०,०००.०० |
| (ख) लगानी नोक्सानी ब्यबस्थामा भएको बृद्धि | - | - |
| (ग) गैह्र बैंकिग सम्पत्ति नोक्सानी ब्यबस्था | - | - |
| (घ) अन्य सम्पत्तिमा गरिएको व्यवस्था | - | - |
| **कूल जम्मा** | ६२०,०००।०० | ५५०,०००।०० |



# सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि. बाग्लुङको १४ औं वार्षिक साधारण सभामा लेखा तथा सुपरिवेक्षण समितिका संयोजक पदमपाणि शर्माज्यूद्वारा प्रस्तुत आ.व. २०७९/०८० को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन

अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, विशिष्ठ अतिथिज्यूहरु, विभिन्न संघ संस्था र कार्यालयहरुबाट पाल्नु भएका अतिथिज्यूहरु समिति, उपसमितिका पदाधिकारी एवं सदस्यज्यूहरु, सम्पूर्ण शेयर सदस्यज्यूहरु, कर्मचारी मित्रहरु, संस्थाका शुभचिन्तक, सरोकारवालाज्यूहरु एवं सम्पूर्ण उपस्थित महानुभावहरु,

सिवाईसी साकोसको आर्थिक कारोवार र अन्य पक्षहरुको आन्तरिक लेखा परीक्षण तथा सुपरीवेक्षणका लागी हामिलाई सुम्पीएको जिम्मेवारी अनुसार यस संस्थाको आ.व.२०७९/०८० को कारोवारको गतिविधि,निर्णय प्रक्रिया र संस्था संचालनका सम्पुर्ण क्रियाकलापको प्रतिवेदन प्रस्तुतिका लागी अनुमति चाहन्छौ ।

यस संस्थाको आर्थिक कारोवार निर्णय र प्रक्रिया कार्यान्वयनको विभिन्न चरणहरुको सुक्ष्म रुपले आवश्यता अनुसार छड्के परिक्षण गरीएको छ ।यस अवधिमा लेखा तथा सुपरिवेक्षण समितिको बैठक ४ पटक बसेको छ । संस्थाले निकै छोटो अवधिमा आफ्नो क्रियाकलापहरु द्रुतगतिमा बढाईरहेको छ । शेयरपुँजि को उल्लेखनिय बृद्दि, सदस्य केन्द्रित बचत संकलन, कर्जा प्रवाह र असुलिमा समष्ठिगत रुपमा सन्तोषजनक रहेको छ । संस्थाको हित प्रतिकुल हुने गरी समितिका पदाधिकारी,सदस्यहरु तथा कर्मचारीहरुबाट भए गरेको हाम्रो जानकारीमा आएन । संस्थाको आय व्यय, नाफा नोक्सान र मौज्दात विवरणहरु स्वतन्त्र लेखा परिक्षकको प्रतिवेदनमा स्पष्ट गरीएको छ । विभिन्न लेजर र सहायक खाताहरु डिजिटल सिष्टममा अद्यावधिक गरीएको छ । निरीक्षण तथा अनुगमनको शिलशिलामा देखिएका विषयबस्तु तथा सुझावहरुलाई तपशिल बमोजिम औल्याईएको छ ।

१. संस्थाका बागलुङ जिल्ला भरी र पर्वत तथा म्याग्दी जिल्लामा समेत शाखाहरु भएकोले लेखा तथा सुपरिवेक्षण समितिले निरन्तर सबै सेवाकेन्द्रहरुको अनुगमन र निरिक्षण गर्न नसकिने भै १ जना आन्तरीक लेखा परीक्षक नियुक्ति गरी अनुगमन र हिसाव निरीक्षण तथा शाखा संचालनमा आइपर्ने विभिन्न समस्याहरु तत्काल समाधान गर्ने काम निरन्तर भईरहेको छ ।

२. संस्थाको दैनिक कारोवार दोहोरो लेखा प्रणालीमा आधारीत भै पुर्ण डिजिटलाइज्ड सिस्टममा कार्य भईरहेको छ ।

३. यस आ.व. मा संचालक समितिको १३ पटक बैठक बसी आवश्यक निर्णयहरु लिइएका छन ।

४. सहकारी ऐन ,नियम ,विभाग र अन्य निकायबाट जारी भएका मापदण्ड निर्देशनहरु कार्यान्वयन भई रहेका छन ।

५. आर्थिक मन्दिले हो या अन्य कुनै कारणले भाखा नाघेको ऋण आशातित रुपमा असुली हुन नसक्दा शेयर सदस्य महानुभावहरुलाई उचित मुनाफा वितरण हुन सकेन ।

६. कर्जा असुलितर्फ कर्मचारी तथा समितिका पदाधिकारी सम्मिलित विशेष फोर्स गठन गरी असुलि तर्फ सक्रिय हुन सुझाव राख्दछौ।

७. साधारण सभाबाट भएका निर्णयहरुलाई पुर्ण रुपमा कार्यान्वयन भएका छन ।

८. कर्मचारी भर्ना प्रक्रिया पारदर्शि रुपमा गरीएको छ । योग्यता नपुगेका असक्षम व्यक्तिलाई भर्ना गरीएको छैन ।

९. संचालक समिति, लेखा सुपरिवेक्षण समिति तथा उपसमितिका पदाधिकारी, सदस्यज्यूहरु बैठक हुदाँको दिन बैठक भत्ता, मासिक संचार वापत तोकिएको मोबाईल रिचार्ज र सहकारीको काममा खटिएको अबस्थामा नियमानुसार दैनिक भ्रमण भत्ता बाहेक अन्य सुविधा केहि नलिएको ।

१०. संस्थामा कार्यरत कर्मचारीहरुलाई तोकिएको सेवा सुविधा उपलब्ध गराइएको छ भने प्रमुख कार्यकारी अधिकृतलाई कट्टि गर्नुपर्ने कर सहित कुल मासिक तलब भत्ता वापत रु.१२५, ४८५ र( प्रदान गरिएको छ ।

११. लेखा तथा सुपरीवेक्षण समितिले दिएका सुझावहरुलाई क्रमशः कार्यान्वयन गरी आएको पाइएको छ ।

१२. भल्ट निरीक्षणमा नगद दुरुस्त देखिएको छ । समय समयका समितिले समेत भल्टको निरीक्षण गर्नुहुन सुझाव राख्दछौ ।

१३. शेयर सदस्यको संख्यात्मक बृद्दि र पुजि बृद्दि उत्साहजनक देखिएको छ ।

१४. हाल यस संस्थाको केन्द्रिय कार्यालय र २५ वटा सेवाकेन्द्र कार्यालयमा ९७ जना कर्मचारी कार्यरत रहेको पाईयो ।

१५. हाल वित्तिय बजारमा हाम्रा छिमेकि केहि सहकारीका संचालकबाट वित्तिय अनुशासनहिन काम गरेकोले सबै सहकारी यस्तै हुन भन्ने भ्रम जनमानसमा पर्न गई संस्था सुसंचालनमा केहि कठिनाई परेतापनि यो संस्था आज सम्म दृढ र बलियो छ ।

१६. शेयर सदस्यज्युहरुले ढुक्क भएर संस्था मार्फत नै आर्थिक कारोवार गर्नुहुनेछ। समितिका पदाधिकारीहरूले समय समयमा भेटघाट र संवाद गरी कारोवारमा सक्रियता ल्याउन सुझाव राख्दछौ।

१७. संस्थाहरुको एकिकरण गर्दा वित्तिय अवस्थाको विश्लेषण गरी उपयुक्त संस्था मात्र एकिकरण गर्नुहुन सुझाव राख्दछौ।

१८. संस्थाले शेयर रकमको बृद्दि भन्दा बचत बृद्दिमा नै ध्यान दिई गुणस्तरीय कर्जा प्रवाहमा ध्यान दिनुपर्ने देखिन्छ।

१९. यस वर्ष संस्थाले संस्थाको लागी घर खरीद गरी सकेकोले पुर्ण रुपमा सदुपयोगको लागी सुझाव राख्दछौ।

२०. यस बर्ष नयाँ समितिको चयन गर्नुपर्ने भएकोले सहकारीको मर्म बुझेको,समय पर्याप्त दिन सक्ने महानुभावहरु समितिमा चयन हुनुहुनेछ भन्ने आशा राख्दछौ।

आगामी दिनमा यस संस्थाले अपनाई आएका क्रियाकलाप बाट शेयर सदस्य महानुभावहरुलाई आधिकारीक लाभ र सन्तुष्टि पुग्ने सकोस भन्ने कामना गर्दै लेखा तथा सुपरिवेक्षण समितिलाई हिसाव तथा श्रेष्ता हेर्ने विषयमा सहयोग पुर्याउनुहुने समिति तथा कर्मचारीहरुलाई धन्यवाद दिदै हामी लाई जिम्मेवारी प्रदान गर्नुहुने सम्पुर्ण शेयर सदस्य महानुभावहरुमा सम्मान व्यक्त गर्दछौ।

धन्यवाद ! जय सिवाईसी !! जय सहकारी !!!

पदमपाणि शर्मा

संयोजक

मिति : २०८०/०४/०१

## जेष्ठ नागरीक पेन्सन सुबिधा सम्वन्धि अत्यन्त जरुरी सुचना

संस्थाले ७० बर्ष उमेर पुगेका जेष्ठ नागरिक र ६८ बर्ष उमेर पुगेका एकल महिला शेयर सदस्यहरूका लागि प्रदान गर्दै आइरहेको पेन्सन सुविधाका लागि तोकिएको उमेर पुगेका शेयर सदस्यहरूको लागि संस्थाको केन्द्रिय कार्यालय वा आ-आफ्नो पाएक पर्ने स्थानमा रहेको सदस्य सेवाकेन्द्रमा आफ्नो र ईच्छाएको व्यक्तिको २ प्रति पासपोर्ट साइजको फोटो, नागरीकताको प्रमाण-पत्रको प्रतिलिपी र निवेदन सहित उपस्थित भै जेष्ठ नागरिक परिचय-पत्र बनाउनु हुन अनुरोध गरिन्छ। परिचय-पत्र नबनाएका सदस्यहरूलाई पेन्सन सुविधा उपलब्ध गराउन सकिने छैन साथै पेन्सन सुविधा लिनको लागी अनिवार्य जेष्ठ नागरिक बचत खातामा सहभागी भै तोकिए बमोजिमको बचत मौज्दात नियमित रूपमा कायम हुनुपर्ने छ।

# सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि. बाग्लुङको १४ औं वार्षिक साधारण सभामा संस्थाको तर्फबाट ऋण उपसमितिका संयोजक जयराम भारीद्धारा प्रस्तुत आ.व. २०७९/०८० को ऋण उपसमितिको प्रतिवेदन

संस्थाको चौधौं बार्षिक साधारणसभाका अध्यक्षज्यू, प्रमुख अतिथीज्यू, बिशिष्ठ अतिथीज्यू, सल्लाहकारज्यूहरु, सञ्चालक समितीका पदाधिकारी एवं सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समितीका संयोजक एबं सदस्य ज्यूहरु, बिभिन्न उप-समितीका संयोजक एवं सदस्यज्यूहरु, पत्रकारज्यूहरु साथै संस्थाका सम्पूर्ण शेयर सदस्य महानुभाबहरु तथा कर्मचारीहरु लगायत सम्पूर्णमा सहकारी अभिबादन एवं नमस्कार।

संस्थाको ऋण उप-समितीको संयोजकको नाताले यस गरिमामय सभामा आ.ब. २०७९/८० को ऋण लगानी तथा असुली सम्बन्धी बार्षिक प्रगती प्रतिबेदन प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ। बिगत १४ बर्ष देखि यस संस्थाले २५ वटा सेवाकेन्द्रहरु मार्फत ग्रामिण भेगका अति बिपन्नदेखी शहर बजारका प्रतिष्ठित ब्यापारी, ब्यावसायी सदस्यहरुबाट बचत संकलन गर्ने तथा सदस्यहरुलाई आर्थिक स्तरमा सकारात्मक परिवर्तन ल्याइ संमृद्ध बनाउन ब्यावसायको मालिक बनाई रोजगारी सृजना गर्नुका साथै उपयुक्त आयआर्ज गर्ने अबसरका लागि ऋण सेवा प्रदान गर्दै आएको कुरा सर्बबिदित नै छ। लगानीलाइ सीप विकासले प्रबर्द्धन गरी उत्पादनलाइ बजारसंग जोड्ने रणनीतिका साथ संस्थाले कार्य गर्दै आएको छ र यसलाइ अझै परिष्कृत गर्दै गएको छ।

ऐन, नियम, नीति र बिधीको परिधिमा रही सुरक्षित, कम झन्झटिलो प्रक्रियाबाट सदस्यहरु माझ ऋण लगानी गर्नको लागि यस ऋण उप-समितीले आफ्ना कार्यहरु गर्दै आएको छ। यस आर्थिक बर्ष २०७९/८० मा तरलताको अत्यन्तै असहज अवस्थामा समेत २५ वटा सेवाकेन्द्र मार्फत कार्यक्षेत्रभरका सदस्यहरुलाई पुँजीको अभावमा हुन नदिन, व्यापार व्यवसाय, पेशा तथा अन्य कार्यहरु गर्नको लागि ऋणका सेवा प्रदान गरिएको छ। संस्थाले यस आ.ब.मा कुल ३,७२८ जना शेयर सदस्यलाई रु ८५,५३,५२,९०८।-रुपैंया लगानी गरिएको छ भने आ.ब.का. अन्त्यसम्ममा ६४७२ जना सदस्यहरुलाई बिभिन्न शीर्षकमा गरिएको ऋण लगानी निम्न अनुसार रहेको छ।

| विवरण | यस वर्ष (रू.) | ऋणी संख्या |
|---|---|---|
| **कृषि तथा पशुपालन** | ३२९,७९३,०९५।२८ | १३१८ |
| **उद्योग तथा व्यापार व्यवसाय** | ४२७,९६१,१०८।१२ | ११६९ |
| **हायर पर्चेज** | ७१८,१२५।५३ | १ |
| **घरजग्गा खरिद तथा निर्माण** | ३६,६९,७०,८७०।०७ | ८५० |
| **अन्य ऋण** | | |
| (क) साधारण कर्जा | ९,८८,०९,४६४.७३ | १६४७ |
| (ग) समूह जमानी कर्जा | ४७,३७,९७८.९१ | १२ |
| (घ) धन तथा वचत जमानी कर्जा | १०,९३,५७,३३०.२१ | ८५६ |
| (ङ) सिवाईसी युवा स्वरोजगार कर्जा | २१,७९,९६६.७५ | १० |
| (च) सुविधा कर्जा | १५,७३,१८३.७१ | ९९ |
| (छ) बैदेशिक रोजगार कर्जा | ९,३५,९७,७७७.६४ | ४१८ |
| (ज) शैक्षिक कर्जा | १,३५,२६,९६८.३८ | ३० |
| (झ) औधोगिक कर्जा | ३५,०७,३२३.१९ | ४ |
| (ञ) आकस्मिक एवम आपतकालिन कर्जा | ८९८,६७०.३६ | ३९ |
| (ट) कर्मचारी सहुलियत कर्जा | ५७४७,२५६.५२ | १९ |
| **कूल जम्मा** | १,४५,९३,७९,११९।४० | ६,४७२ |

संस्थालाई अन्तराष्ट्रिय मापदण्डमा पुर्याउनको लागि सुरक्षित ऋण लगानी गरी समयमा नै ऋण असुली गरी भाखा नाघ्न नदिनु निकै महत्वपूर्ण हुने गर्दछ। यस संस्थाले आ.ब. २०७९/८० मा ऋण लगानी तथा असुलीका लागि गरेका सकारात्मक प्रयासहरु बुदाँगत रुपमा यस प्रकार रहेका छन्।

१. ऋणी सदस्यहरुलाई बित्तिय साक्षरता मार्फत ऋण शिक्षा तथा विभिन्न चुनौतिपुर्ण अवस्थामा "जागौ, जगाउँ र जोगाँउ" अभियान संचालन गरी सचेतना प्रदान गर्ने नीति लिई आवश्यक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ र आगामी दिनमा पनि थप प्रभावकारी बनाइने छ।
२. नीति नियम र मापदण्ड अनुसार इन्जिनियरले पेश गरेको धितो मुल्याङ्कन प्रतिबेदन र ५ सी बिश्लेषणको आधारमा ऋणीको तिर्न सक्ने क्षमता हेरी ऋण लगानी गर्ने गरिएको छ।
३. विना धितो वा जमानतमा आधारमा गरिने ऋण लगानीलाई निरुत्साहित गर्ने नीति बमोजिम ऋण सुरक्षणमा ध्यान दिईएको छ।
४. भाखा नघाएका ऋणी सदस्यहरुलाई गरिने ताकेता भेटघाट, टेलिफोन, पत्राचारको क्रमलाई तीब्र बनाउदै लगिएको छ।
५. आवास निर्माण तथा जग्गा खरिद जस्तो अनुत्पादक क्षेत्रमा भएको ऋण लगानीलाई घटाउदै उत्पादनशील तथा रोजगारमुलक क्षेत्रमा गरिने ऋण लगानीलाई जोड दिईएको छ।
६. कानुनी प्रक्रिया अपनाई खराब ऋण असुल उपर गर्नको लागि कानुनी परामर्श लिने कार्य भएको छ।
७. सिवाईसी युवा स्वरोजगार ऋण अन्तर्गत कार्यक्षेत्र भित्रका अति बिपन्न र पछाडि पारिएका सदस्यको उद्यमशीलताको बिकास गर्नको लागि निर्ब्याजी ऋण प्रदान गरिएको छ।
८. स्वदेशमै पेशा व्यवसाय सञ्चालन गर्न चाहने युवाहरुको लागि सहुलियत दरमा ऋण प्रवाह गरिएको छ।
९. यस आ.ब.मा ३१ पटक ऋण उप-समितीको बैठक बसी सदस्यहरुमा गरिने ऋण प्रबाहलाई छिटो छरितो बनाउने प्रयास गरिएको छ भने आवश्यकता हेरी ऋण उपसमितिको स्थलगत प्रत्यक्ष निगरानी तथा धितो निरीक्षण गरी ऋण लगानी गरिएको छ।
१०. कर्मचारीहरुको क्षमता अभिबृद्धि गरी ऋण लगानी कार्यलाई सुरक्षित बनाउनको लागि ऋण ब्यबस्थापन तालिम तथा कार्यशाला गोष्टिहरुमा सहभागी गराईएको छ।
११. बिभिन्न समयमा ऋण लगानी सम्बन्धि जुम मिटिङ तथा तालिम संचालनका साथै परिपत्रमार्फत ऋण बिश्लेषण र लगानीलाई परिष्कृत गरिएको छ।

सम्पूर्ण सदस्य महानुभावहरुमा संस्थाको नीति नियमको परिधी भित्र रही कार्य गर्नुहुन आग्रह गर्न चाहन्छौं। नीति नियमको पालना नगरेमा संस्थाबाट पाउनु हुने सेबा सुबिधाबाट समेत बन्चित हुनु पर्ने भएकोले ऋणको दुरुपयोग गर्नुहुन अनुरोध छ। आफ्नो तिर्न सक्ने क्षमता भन्दा बढि ऋण लिई ऋणको भाखा नघाउनु गलत कार्य हो। यो कार्य संस्था र सदस्यहरुको हितमा नहुने तथा कानुनत दण्डनीय हुने भएकोले समयमा नै मासिक किस्ता तिर्न हुन समेत सबै ऋणी सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु।

अन्तमा, ऋण लगानी प्रक्रियामा सघाउ पुर्याउनु हुने सम्पूर्ण शेयर सदस्य ज्यूहरु, सञ्चालक समिती प्रति बिशेष आभार प्रकट गर्दै, ऋण लगानी तथा असुली प्रक्रियामा सक्रियता देखाउनु हुने सेवा केन्द्र सञ्चालन तथा ब्यबस्थापन उप-समिती तथा बिभिन्न उपसमितीका मित्रहरुमा हार्दिक धन्यबाद दिन चाहन्छु। साथै ऋण लगानी तथा असुली कार्यमा अहोरात्र खटिने सम्पूर्ण कर्मचारी मित्रहरुको कार्यको उच्च मुल्याङ्कन गर्दछौ। सुरक्षित ऋण लगानी तथा समयमा नै ऋण असुलीका लागि सकारात्मक सुझाब र सल्लाहको अपेक्षा गर्दै बिदा हुन्छु।

धन्यवाद ! जय सिवाईसी !! जय सहकारी !!!

**(जयराम भारी)**
**संयोजक**

मिति : २०८०/०४/०१

# सिवाईसी बचत तथा ऋण सहकारी संस्था लि. बागलुङको १४ औं वार्षिक साधारण सभामा संस्थाको तर्फबाट शिक्षा उपसमितिका संयोजक सीता शर्माद्धारा प्रस्तुत आ.व.२०७९/०८० को शिक्षा उपसमितिको प्रतिवेदन

अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, विशिष्ठ अतिथिज्यूहरु, विभिन्न संघ संस्था र कार्यलयहरुबाट पाल्नु भएका अतिथिज्यूहरु, समिति, उपसमितिका पदाधिकारी एवं सदस्यज्यूहरु, सम्पूर्ण शेयर सदस्यज्यूहरु, कर्मचारी मित्रहरु, संस्थाका शुभचिन्तक, सरोकारवालाज्यूहरु एवं सम्पूर्ण उपस्थित महानुभावहरु, बागलुङ जिल्लालाई आफ्नो कार्यक्षेत्र बनाई स्थापना भएको यस संस्थाले स्थापनाको छोटो समयमा नै साविकको धवलागिरी अञ्चलका ४ जिल्लालाई कार्यक्षेत्रमा समावेश गरि ३ जिल्लामा २५ वटा सदस्य सेवाकेन्द्रहरुका माध्यमबाट वित्तिय र गैर वित्तिय सदस्य सेवामा आफुलाई नेपालकै एक देखिने र सुनिने सहकारी संस्थाको गौरवशाली इतिहास रच्दै आज आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको कुरा सबैमा अवगत नै छ। जीवनसँग जोडिने सबै क्षेत्रमा सदस्य सेवा, लाभ र शिक्षाका कार्यक्रमहरुलाई एकैसाथ अगाडी बढाउदै लगेको यस संस्थाले कार्यक्षेत्रका सबै समुदाय र सबै वर्गलाई समेट्दै जस्तोसुकै बिषम परिवेश र अबस्थामा पनि आफुलाई अटल रुपमा उभ्याईरहन सफल भएको छ। संस्थाका सदस्य महानुभावहरुले गर्नु भएको भरोसा, चासो र अपनत्वपनले नै संस्थालाई विगतदेखि वर्तमानसम्म निरन्तर क्रियाशिल रहिरहनलाई भुमिका खेलेको हो। सरकारले पनि निकै ठूलो आशा र भरोसा बोकेको क्षेत्र हो सहकारी। सहकारीले केवल पैसा जम्मा गर्ने र लगानी गर्ने काम मात्र नभएर यसले आफना ७ सिद्धान्तहरुलाई अंगालेको छ। जसमा एउटा महत्वपूर्ण सिद्धान्त छ "शिक्षा, तालिम र सूचना" त्यसैले शिक्षा मानिसको एक अभिन्न अंग हो भनेर भनिन्छ। शिक्षाविना मानिस अधुरो र अपूर्ण बन्दछ। संस्थालाई निरन्तर सदस्य सेवामा चलएमान बनाउनका लागि सदस्य शिक्षा एक महत्वपूर्ण आधार हो। शिक्षामा गरिएको खर्चलाई खर्चको रुपमा नहेरी लगानीको रुपमा लिन सकिएमा सहकारी संस्थाहरु गतिशिल रहिरहन योगदान पुग्दछ।

यस आ.व.मा सिवाईसी साकोसका सेवाकेन्द्रहरु र केन्द्रीय कार्यालय मार्फत १६२ वटा कार्यक्रमहरु गरि ६३३७ जना सदस्यहरुलाई वित्तीय साक्षरता प्रदान गरिएको छ। संचालक समिति, उपसमिति, सेवाकेन्द्र संचालन तथा व्यवस्थापन उपसमितिहरुको क्षमता अभिवृद्धि तालिम तथा अन्य सरोकारावालाहरुसँग विभिन्न छलफल, गोष्ठीको माध्यमबाट सहकारी सम्बन्धी ज्ञान, सीप र क्षमतामा वृद्धि गरिएको छ। कर्मचारी कार्यक्षमता र कार्यकुशलता वृद्धि गर्नको लागि भर्चुअल तथा भौतिक रुपमा विभिन्न तालिम तथा गोष्ठीहरु सञ्चालन गरिएको छ। सिवाईसी साकोसले सदस्यहरुलाई क्षमतावान बनाउन र आफ्ना नीति निर्देशिकाहरुको बारेमा जानकारी दिन शिक्षा उपसमितिको काम कर्तव्य र अधिकार क्षेत्र भित्र रहेर सदस्यहरुका लागि विभिन्न समय समयमा तालिमहरु प्रदान गर्दै आइरहेको छ भने यस आ.ब. मा सबै सेवाकेन्द्रहरुको अध्ययन, अनुगमन, निरिक्षण र सदस्यहरुसँग अन्तरक्रिया गरि संस्थाको सेवाको प्रभावकारीता, संस्थाका सबलता एवं सुधारका लागि गर्नुपर्ने प्रयासहरुका सम्बन्धमा संचालक समिति, सेवाकेन्द्र उपसमिति र संस्थाको उच्च व्यवस्थापनलाई सुझाव सहितको प्रतिवेदन दिने कार्य गरिएको छ। साकोसको वार्षिक लक्ष्य प्राप्तिका लागि संस्थाले यस आर्थिक वर्षमा शेयर सदस्य, सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, विषयगत उपसमितिहरु र कर्मचारीहरुलाई विभिन्न समयमा शिक्षा तालिमका लागि केही कार्यक्रमहरु गरेको छ, जुन यस प्रकार छ :

क) आ.ब. ०७९/८० मा नयाँ पुराना शेयर/गैर शेयर सदस्यहरुलाई वित्तिय साक्षरता एवं सहकारी शिक्षा तालिम तथा भर्चुअल वित्तीय साक्षरता तालिम मार्फत सहकारी तथा संस्थाका सेवा सुविधा सम्बन्धमा तालिम तथा शिक्षा प्रदान गरिएको छ।

ख) आ.ब. आ.ब. ०७९/८० मा संस्थाको बार्षिक नीति कार्याक्रम एवं संचालक समितिले दिएको निर्देशन अनुसार संस्थाका २५ वटै सेवाकेन्द्रहरु र केन्द्रीय कार्यालयको अनुगमन, निरिक्षण तथा अध्ययन गरि आबश्यक सुझाव सहित संचालक समिति, सेवाकेन्द्र उपसमिति र उच्च व्यवस्थापनलाई प्रतिवेदन दिईएको छ।

ग) यस आ.ब.मा सस्थामा कार्यरत कर्मचारी, समिति-उपसमिति लगायत सदस्यहरुको नेतृत्व र क्षमता अभिबृद्धिका तालिम, वित्तीय साक्षरता तालिम तथा अन्तक्रिया कार्यक्रमहरु गरीएको छ भने सदस्यहरुको लागि सबै कार्यालयहरुमा वर्षभरिमा गरि १६८ वटा कार्यक्रम मार्फत तालिम तथा शिक्षाको विषय क्षेत्र अन्तर्गत ६६०५ जनाको सहभागिता रहेको थियो। जसको विवरण निम्न अनुसार रहेका छन्।

| क्र.सं | विवरण | सहभागी संख्या | मिति | स्थान |
|---|---|---|---|---|
| कर्मचारी र समिति उपसमितिको क्षमता विकास तालिम | | | | |
| १ | सम्पत्ति शुद्धिकरण, जोखिम व्यवस्थापन तथा GoAML रिपोर्टिङ तालिम | २ | श्रावण १९,२० र २१,२०८० | होटल क्राउन ईम्पेरीयल, काठमाण्डौ |
| २ | कर्मचारी क्षमता अभिवृद्धि तालिम | ३५ | भाद्र २५ र २६ , २०८० | केन्द्रिय कार्यालय,बागलुङ |
| ३ | कर्मचारी क्षमता अभिवृद्धि तलिम | २५ | आश्विन ३ ,२०८० | केन्द्रिय कार्यालय , बागलुङ |
| ४ | ऋण असुली तथा धितो लिलामी प्रक्रिया र कानुनी व्यवस्था सम्बन्धी कार्यक्रम | २ | असोज ९, २०८० | पोखरा पार्टी, पोखरा |
| ५ | वातावरण मैत्री नमुना गाँउ सम्बन्धि कार्यशाला | २ | २०७९ माघ १५,१६ र १७ गते | स्वाभलम्बन विकास केन्द्र काठमाण्डौ |
| ६ | साकोस सिइओस नेशनल ओर्कशप,२०२३ | १ | फागुन २४ र २५, २०८० | सोल्टि होटल, काठमाण्डौ |

| क्र.सं | विवरण | सहभागी संख्या | मिति | स्थान |
|---|---|---|---|---|
| ७ | क्षमता विकास र बजारिकरण तालिम तथा शुभकामना आदानप्रदान | १५७ | चैत्र २६,२०८० | होटल दि राजन, बागलुङ |
| ८ | कर्मचारी सेवा प्रवेश पूर्व तालिम | ४४ | वैशाख २२ र २३ २०८० | होटल समिट,होटल दि राजन, बागलुङ |
| ९ | व्यवसाय विकास तालिम | २ | जेष्ठ २,३ र ४ २०८० | रत्ननगर रिर्सोट,भक्तपुर |
| **जम्मा** | | **२७० जना** | | |

सदस्यहरुका लागि वित्तिय, सहकारी र प्रविधि सम्बन्धी शिक्षा तथा तालिम

| क्र.सं | विवरण | कार्यक्रम संख्या | उपस्थिति संख्या | मिति | स्थान |
|---|---|---|---|---|---|
| १ | सहकारी शिक्षा तथा वित्तिय साक्षरता | ९० | ३७२८ | वर्षभरि | सबै सदस्य सेवाकेन्द्र मार्फत |
| २ | वित्तिय साक्षरता तथा गाँउटोल समन्वय उपसमिति गठन | ६१ | १४०४ | वर्षभरि | सबै सदस्य सेवाकेन्द्र मार्फत |
| ३ | प्रविधि तथा वित्तिय साक्षरता कार्यक्रम | १३ | ८५ | चैत्र १२, २०८० | बा न पा ०६, बागलुङ |
| ४ | युवा लक्षित वित्तिय कार्यक्रम global money week | २५ | ५७९ | चैत्र ११ र १२,२०८० | सबै सदस्य सेवाकेन्द्र मार्फत |
| ५ | सामाजिक सघंसस्था सरसफाई कार्यक्रम | १ | ३८ | चैत्र १९,२०८० | विभिन्न सदस्य सेवाकेन्द्रमा |
| ६ | वौद्धिक अपाङगता विद्याँथीलाई वित्तिय साक्षरता र सहयोग कार्यक्रम | १ | २३ | चैत्र २५,२०८० | बेनी न पा ०६,बाल जागृत आध( ारभुत विद्यालय |
| ७ | बाल वित्तिय साक्षरता कार्यक्रम | २ | १२६ | चैत्र २५,२०७९ र बैशाख २४,२०८० | मालिका र जलजला सदस्य सेवाकेन्द्र मार्फत |
| ८ | शुभकामना आदानप्रदान तथा संरक्षित पूँजि फिर्ताकोषमा बढी रकम पाउने सदस्य सम्मान कार्यक्रम | २५ | ५८६ | स्थापना दिवस सप्ताह २०८० चैत्र | सबै सदस्य सेवाकेन्द्र मार्फत |
| ९ | जागौं, जगाऔं र जोगाऔं अभियान तथा विस्तारीत मञ्च कार्यक्रम | १० | १५८३ | जेठ१८,देखि असार २, २०८० | १० वटा सेवाकेन्द्रमा |
